साहित्यिक पत्रिका

# नवप्रज्ञापन

प्रकाशनारम्भ : २०५०, पूर्णाङ्क : ५३, साउन–असोज २०६८

**सम्पादक/प्रकाशक**
नवराज रिजाल

**कार्यकारी सम्पादक**
शर्मिला खड्का (दाहाल)

**उपसम्पादक**
पाण्डवराज कार्की

**सहायक सम्पादक**
यशु श्रेष्ठ

**व्यवस्थापक**
गणेश रिजाल

**विशेष सहयोगी**
निर्मोही व्यास
हरि खनाल
बैरागी जेठा
पुष्करराज भट्ट
अर्जुन पाण्डे

**प्रतिनिधि**
लक्ष्मी कणेल
गोविन्द ढकाल 'ढुङ्गेली'
शान्ता अजनवी
सुशील मुडभरी
अस्मिता शर्मा
भक्त कार्की

**आवरण**
समन श्रेष्ठ

**कम्प्युटर**
डीएन्डडी कम्प्युटर
बागबजार

**मुद्रण**
समुन्द्र प्रिन्टर्स,
लगन, काठमाडौं

मूल्य : रु. २५।–

**कार्यालय :** स्वाभिमानवस्ती डुमरवाना–७, बारा, फोन नं. : ९८४५०९४८५५
**काठमाडौं सम्पर्क :** पो.ब.नं. ९१०९, काठमाडौं, फो.न : ९८४१६३५६६०
e-mail : nabapragyapan@gmail.com

## वरिष्ठ एवं आजीवन सदस्यहरू

१. माया ठकुरी, धोबिघाट ललितपुर
२. विश्वराज अधिकारी, वीरगञ्ज पर्सा
३. रुकु कार्की, हेटौंडा मकवानपुर
४. रामप्रसाद अधिकारी, सिमरा बारा
५. ध्रुवकुमार घिमिरे, निजगढ बारा
६. वीणा पोखरेल, चावहिल काठमाडौं
७. पीताम्बरा 'पीयूष', कलङ्की काठमाडौं
८. ललिता दोषी, बुद्धनगर काठमाडौं
९. डा. सुषमा आचार्य, मानभवन ललितपुर
१०. निर्दोषकुमार, स्वाभिमानबस्ती बारा
११. भद्रकुमारी घले, मैतीदेवी काठमाडौं
१२. हरिप्रसाद पाण्डेय, बालाजु काठमाडौं
१३. वासुदेव अधिकारी, सुनौलाबजार धादिङ
१४. दीपेन्द्रसिंह थापा, महादेवस्थान धादिङ
१५. ईशा शाह, पकनाजोल काठमाडौं
१६. भगीरथ मिश्र, दमक झापा
१७. लक्ष्मी शर्मा, बालाजु काठमाडौं
१८. शर्मिला खड्का दाहाल, इटहरी सुनसरी
१९. अनन्त वाग्ले, बासडोल, काभ्रे
२०. छविरमण सिलवाल, मेथिनकोट काभ्रे

# अनुरोध

- भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा यथाशक्य योगदान गर्नु हाम्रो उद्देश्य हो ।
- साहित्यका विविध विधा-कथा, कविता, नाटक, निबन्ध, संस्मरण, समीक्षा, समालोचना, एकाङ्की, हास्यव्यङ्ग्य, भाषा, संस्कृति, कला, अन्तर्वार्ता आदिलाई यहाँ प्राथमिकता दिइनेछ ।
- स्तरीय, मौलिक र अन्यत्र अप्रकाशित साहित्यिक एवं सिर्जनशील र खोजअनुसन्धानपरक रचनाको स्वागत र अपेक्षा गरिन्छ ।
- रचना पठाउँदा कागजको एकापट्टि स्पष्टसँग लेखिएको वा टाइप गरिएको हुनुपर्ने छ । अथवा शुद्धसँग प्रिती फन्टमा टाइप गरेर पठाउनु अनुरोध छ ।
- रचनामा आफ्नो नाम, ठेगाना र परिचय स्पष्ट हुने गरी लेखिएको हुनुपर्नेछ ।
- प्रकाशनार्थ पठाएका रचनाहरू तीन अङ्कभित्र प्रकाशित नभएमात्र अन्यत्र पठाउन सकिनेछ ।
- रचना स्वीकृत-अस्वीकृत गर्ने र काँटछाँट गर्ने सम्पूर्ण अधिकार सम्पादक मण्डलमा निहीत रहने छ । अस्वीकृत रचना फिर्ता नगरिने हुँदा एकप्रति आफूसँग राखेर मात्र पठाउन अनुरोध छ ।
- प्रकाशित रचनामा व्यक्त विचारहरूप्रति लेखक स्वयं जिम्मेबार हुने भएकाले आप्ऽनो सिर्जनाप्रति लेखकलाई गम्भीर हुन आग्रह छ ।
- पुस्तक समीक्षाका लागि दुई प्रति कृति अनिवार्य रुपमा पठाउनु पर्नेछ ।
- र, अन्त्यमा संरक्षक सदस्य, वरिष्ठ सदस्य, आजीवन सदस्य, वार्षिक सदस्य, प्रतिनिधि वा सहयोगी बनेर यो अभियानमा सहभागी बनिदिन 'नवप्रज्ञापन' सबैमा अपिल गर्दछ ।

# सम्पादकीय

नागढुङ्गाको फेदी । एउटा चियापसल । चारपाँच ग्राहक । एउटी पसल्नी । बेच्दैछे चिया । साना बच्चाहरू । गर्दैछन् यताउति । मेरो मन । हिजोका कुरामा । खोज्दैछ पुग्न ।

एउटा प्रश्न । त्यसले गर्‍यो । भेटिएन उत्तर । खोज्ने प्रयत्न । भए निकै । छरपस्ट आँखा । खजमजिएको परिवेश । विभाजित आशा । क्षत-विक्षत तन्द्रा । नखुलेको आकाश । पोखिएको धरती । अजीर्ण चिन्तन बोक्नेहरूको जमात । बोकाउनेहरूको जमघट । तँछाड-मछाड परिस्थिति । असोचनीय परिवेश । हराएको भाव । अस्वभाविक प्रश्न । अविभाजित मन । छातिभित्र विश्वास । न बागमती । न विष्णुमती ।

त्यसको स्वर । सबले सुने । चियापसले । मज्जाले हाँस्यो । स्वास्नी डराई । रुल्लटुल्ल भए । केटाकेटी जम्मै । तपाईंको मान्यता । तपाईंको विचार । सुन्दर आहाल । तपाईंको आदर्श । तपाईंको जीवनदर्शन । तपाईंको मूल्यमान्यता । तपाईंको आरोह-अवरोह । तपाईंको सोचाइ । जम्मै त्यही । तपाईंका साथीहरू । तपाईंका आफन्त । छैनन् पृथक । तपाईंको पार्टी । तपाईंको सरकार । छँदैछैन फरक । दु:ख नमान्नोस् । चिन्ता नगर्नोस् । जम्मै उस्तै । ड्याङको मूला । चिलिम तान्यो । धुँवा उड्यो । त्यो हाँस्यो । सोध्यो मलाई । कस्तो लाग्यो ।

प्रतिप्रश्न गर्‍यो । निरुत्तर बनेँ । भ्याउँदिन रे । पछि अरे । त्यसो नभन्नोस् । बिन्ती गर्छु । हात जोड्छु । आग्रह पस्कन्छु । मात्र एकदिन । भाका नराख्नोस् । आजको आजै । अहिलेको अहिल्यै । कृपया नभाग्नोस् । एकपटक सोच्नोस् । समाधान हैन । समस्या हो । नलगाउनोस् थुप्रो । फाल्दै जानोस् । कल्याण त्यसैमा । हवस् हजुर । मेरो अनुरोध । तपाईंको मर्जी ।

मलाई भन्यो । तपाईंलाई भन्छ । सबैलाई भन्यो । भन्दै गयो । नगर्नोस् चिन्ता । साँचो कुरा । तपाईं हामी । आहाल विचार । आहाल मान्यता । बोकी हिंड्छौं । आफू राम्रो । आफ्नो राम्रो । आफू योग्य । आफैं सक्षम । यही सोच । भेटिन्छ सबैतिर । अस्ति सुन्नोस् । हिजो सुन्नोस् । आज भोग्नोस् ।

चियाको पैसा । उसैले तिर्‍यो । मान्दै मानेन । अनि भन्यो । तपाईंहरु दृष्ट । तपाईंहरु पापी । तपाईंहरु स्वार्थी । तपाईंहरु जाली । तपाईंहरु फटाहा । विध्वंशका अनुयायी । कुरुपताका पक्षपाती । अन्धकारका समर्थक । रिस उठ्यो । आँखा तरें । त्यो हाँस्यो । वास्तै गरेन । अचम्म लाग्यो । आँखा जुधे । गर्धन समातें । त्यो बोलेन । फेरि हाँस्यो । प्रतिवाद होला । सोचाइ मेरो । फेल भयो । गलत बन्यो । कोही आयो । बीचमा पस्यो । एकएक चड्कन । पायौं दुवैले ।

ओइरिए मानिस । भरियो चियापसल । क्रुद्ध त्यो । गयो पर । म काठमडौं । म महानगर । म राजधानी । म देश । देशको मुटु । आस्थाको टुक्रा । सिङ्गो परिचय । देशभित्र । देश बाहिर । म बागमती । म विष्णुमती । मेरो स्वच्छता । मेरो पवित्रता । मेरो सुन्दरता । फिर्ता चाहियो । बेस्सरी चिच्यायो । झल्याँस्स बनें । झसङ्ग भएँ । जमिरहेछ बागमती । जमिरहेछ विष्णुमती । तपाईं अझै । हाँस्दै हुनुहुन्छ । मज्जाले हाँस्नोस् । हाँस्दै जानुहोस् । तपाईंको संवेदना । कुहिएको छ । कुहाउँदै जानोस् ।

●

## ; dfnf]rgf

होमनाथ सुवेदी/५

अतीन्द्र दाहाल/२५

## gf6s

प्रवीण पुमा/१३

## n]v

गणेश धमला/४२

## syf

हिराधन राई/१९

अमरकुमार प्रधान/३२

इशा शाह/४९

## cgbej / cgbel't

अम्बर गुरुङ्गसँग– यशु श्रेष्ठ/३६

## slj tf

दीपेन्द्रसिंह थापा/३१

विमल गिरी/५२

## uLt÷uhn÷xf0sg

गोपालकुमार मैनाली /१२

भागवत आचार्य/३५

शान्ति अजनवी/४१

रामबहादुर पहाडी/५३

दलवीर सिंह बराइली घायल/५३

## s[t kl/qmdf

रश्मि असफल/५५

अस्मिता शर्मा/५६

# उत्तर अमेरिकाली नेपाली डायस्पोरामा कविता-कृति

– होमनाथ सुवेदी

डायस्पोराभन्दासाथ दुई कुरा अगाडि आउँछन् -'माइग्रेशन' र ''डिस्पर्सन' । यी दुवैको काम मान्छेलाई एक राष्ट्रबाट अर्को राष्ट्रमा बसाइसराइ गराउनु हो । यस्तो बसाइसराइले मान्छे वा पशुपन्छी वा वनस्पतिमा पनि रहनसहनको परिस्थिति वा वातावरणको फरकले बाँच्नमा संकट ल्याउँछ त्यो संकटमा बाँचिरहेका मान्छेहरू डायस्पोरा हुन् यस्तो हरेक जनजाति वा समुदायमा हुनसक्छ । त्यस्तै नेपाली डायास्पोरा पनि यौटा हो । नेपाली डायास्पोाराका पनि विविध भेद छन् । उत्तर अमेरिकाली, युरोपेली आदि ।

मूल राष्ट्रबाट पराइ देशमा बसेका समुदायको समस्याको चित्रण गरिएको साहि(त्य डायास्पोरिक साहित्य हो । यसबारे पहिले नेपाली समालोचनामा धेरै लेखिएको थिएन । नेपाली साहित्यको समालोचनाको क्षेत्रमा एउटा नयाँ आयामको रुपमा डायास्पोरिक साहित्यबारे विशद चर्चा गरी लेखिएको छ -डा. गोविन्दराज भट्टराईले लेखेको 'यमपुरीको महल' उपन्यासको भूमिकामा । नेपाली डायास्पोरिक साहित्यको विशेषता किट्न् नेपाली साहित्यमा लेखिएको पहिलो ग्रन्थ नै 'यमपुरीको महल' हो जसको भूमिकामा डा. गोविन्दराज भट्टराई लेख्छन्:

'डायास्पोरिक पात्रको परिचय जोडिएको हुन्छ, गाँसिएको हुन्छ, दुईतिर - मूल थलो र नयाँ संस्कृति । उसले अगिल्लो भूगोल इतिहास संस्कृतिलाई न अपनाउन सक्छ न त्यागेर नयाँ रसाउन सक्छ । त्यो एम्बिभ्यालेन्स, त्यो अनिर्णित द्वैधता र ठिमाहापन हो । उसको संस्कृति, भूगोल, धर्म, इतिहास सबै दुई चिरा हुन्छ, दुई फ्याक हुन्छ -आकर्षण र विकर्षणले ठेलिएको, तानिएको ।'

यो पङ्तिकारको 'यमपुरीको महल' उपन्यासको भूमिकामा लेखिएको डा.गोविन्दराज भट्टराईको अनुसार डायास्पोरिक साहित्यका विशेषता यी हुन् : १. औपनिवेशिक अनुभूति, २. सम्मिश्रण, ३. संस्कृति भञ्जन, ४. अपरिचय, ५. ऐकान्तिकता, ६. अन्यता, ७, द्वैधता, ८. अनिश्चितता, ९. अभिघात, १०. असुरक्षा । यो कुरा भट्टराईको 'उत्तर आधुनिक विमर्श'मा पनि उल्लेख गरिएको छ ।

यो अध्ययनको क्षेत्र उत्तर अमेरिकाली नेपाली डायास्पोरामा कविता-कृति हो । उत्तर अमेरिकाली नेपाली डायास्पोराको कविता साहित्यमा 'टुरिस्ट'हरुको प्रशस्त योगदान रहेको छ । त्यस्ता लेखकमध्ये एक हुन् -शैलेन्द्र साकार । उनका दुईवटा कविता सङ्ग्रह निक्लेका छन् । आफू 'टुरिष्ट' मात्र भई बसेर पनि छोटो समयमा साकारका कविताले प्रशस्त ठाउँ ओकटेका छन् । उनले नेपाली डायास्पोराको बारेमात्र लेख्दैनन् अझ अगाडि बढेर अमेरिकामा बढिरहेको डायास्पोराका नयाँ प्रवृत्ति र प्रवेशको पनि बुट्टा भरेका छन् । नमुनाको रुपमा उनको कविता 'सेरा भन्छिन् -आज

कता हराएछन् आधुनिक दासहरू ?' को एक अंश:

सुनेको थिएँ उहिले-उहिले
अफ्रिकाबाट ल्याइएका थिए दासहरू
अहिले संसारका सम्पूर्ण बाँकी भूखण्डबाट
अमेरिका आइरहेछन्
आधुनिक दासहरू
जसलाई सिक्रीले बाँधेर ल्याउनुपर्दैन
मध्य युगका हब्सीहरूलाई झैं
जो आफ्नै खुबीले हामीले न चाहे पनि
प्रत्येक दिन
समुद्रबाट
आकाशबाट
पढेलेखेका आधुनिक दासहरू
गोजीमा प्रमाणपत्रहरू
र घाँटीमा टाई झुन्डाएर
आइरहेछन् दिनहुँ आइरहेछन्
सेरा भन्छिन् -
आज कता हराएछन् आधुनिक दासहरू ?
—कवितामा अमेरिका, कविता संग्रह

इतिहासमा पढिने पुरानो डायास्पोरामा निस्कासित प्रकृतिको जनसंख्या देखिन्थ्यो, तर आज डायास्पोराले अनुहार फेरेको छ र त्यो निष्काशितभन्दा स्वयम् निवार्सित प्रकृतिको छ । आफ्नो राष्ट्रबाट अतृप्त भएपछि आफ्नो राष्ट्रको अगाध माया र ममतालाई दबाएर एक निष्ठूर व्यक्तिजस्तै तेस्रो विश्वका जनताले विकसित देशमा डायास्पोरा बनेर खिप्की खप्नुपरेको छ। यही कुरा अर्का टुरिस्ट भिसामै आएर अमेरिका बस्दै नेपाली कविता साहित्यमा हात चल(ाउने कवि खेमनाथ दहालले लेखेका छन् :

तेस्रो विश्वका प्राज्ञलाई
ग्यास स्टेशनको कुल्लीसम्म बनाउने
लब्धप्रतिष्ठित नेता अभिनेतालाई
बार र रेष्टुरेन्टको वेटर बनाउने
अझ तेस्रो मुलुकका नागरिकलाई
कता कता हीनताबोधको भारी बोकाउने...
-'यस्तै रहेछ अमेरिका'-हावर्डको चौतारीमा (कविता संग्रह)

नयाँ डायस्पोराको प्रवृति गजबको अनौठो छ । पुराना सूत्र घोकेर नयाँ डायास्पोराको प्रवृतिको अध्ययन गर्न सम्भव छैन । यसो गर्न खोजेमा लेखक र पाठकको दूरी बढेर नै जान्छ । डायास्पोराको मूलप्रवृत्ति ओझेलमै परिरहन्छ । यो डायास्पोराको साहित्य यही डायास्पोराको नयाँ प्रकृतिअनुसार लेख्नु र लेखिनुपर्छ र तदनुसार यसको व्याख्या हुनु आवश्यक छ । यो नयाँ डायास्पोराको पीडाले नयाँ डायास्पोरिक साहित्यको सिर्जना बढाउदै जाने सिद्धान्त र समालोचनाको कुरा हुँदै गर्छ । ऐले यसो न भन्ने हो भने हाम्रो डायास्पोरिक साहित्य त्यसै मर्छ। जुन हाम्रो अभीष्ट हैन । खेमनाथ दहाहको हावर्डको चौतारी र यसबारे लेखिएको यो पंक्तिकारकै समीक्षा 'नवछायाबादको छवि' पनि यस सन्दर्भमा पठनीय छन्। यस वर्गको कविता साहित्य पनि प्रशस्त छ उत्तर अमेरिकाली नेपाली डायास्पोरामा ।

'डायास्पोरा' भन्दा निर्वासन, निस्कासन, (Exile), मातृभूमिको पूर्वस्मृति (Memories of motherland), र नव संस्कृतिसित टकराब (Hard time to catch new culture) यी तीन कुरा पहिले आउँछन् । Exile नै यसको पछाडि सबभन्दा बढी सक्रिय छ । Exile डायास्पोराको यौटा दलिन हो जसले घर थामेको हुन्छ। Exile नै मदरबोर्ड हो जहाँ डायास्पोरिक साहित्यको हार्डडिस्क हुन्छ। यस्तो निर्वासन स्वैच्छिक पनि हुनसक्छ र निष्कासित पनि । वास्तवमा यसको ऐना हो डायास्पोरिक साहित्य । यसलाई प्रस्तुत नमूनाले प्रतिनिधित्व गरिरहेका छन् ।

उपर्युक्त कुरा चरितार्थ हुने गरी उत्तर

अमेरिकाली नेपाली डायास्पोराको कविता-कृतिमा हात चलाउने अर्को एक वर्ग छ त्यो हो जो यहाँ लामो समयदेखि रैथाने भएर बसेको छ । यस वर्गको डायास्पोरिक पद्य साहित्यले सदा नेपाल छोड्ने वा नछोड्ने बीचको द्वन्द्व, छोडेर बसेका भए पनि फर्किने चाहना मातृभूमिको ममताले पिरोली रहेको स्थिति, सायद उत्तरमा 'ड्वयल सिटिजनसिप'ले थोरै मात्रामा त यो पीडाबाट मुक्ति दिन्छ कि अन्यथा यो डायास्पोराको रोग नै हुने भयो भन्ने कुराको विवृति पेस गर्दछ ।

होमनाथ सुवेदीको 'प्रवासी स्वर' कविता संग्रहले प्रवासको पीडालाई पोखेको छ भने उनैको अर्को कविता संग्रह ' आप्रवासका सुसेली' कविता संग्रहलाई प्रा. मोहन सिटौलाले लेखेका छन् : 'यो ' आप्रवासका सुसेली' कविता संग्रह कवि होमनाथ सुवेदीको कविता मात्र न भएर नेपाली जातीय संस्कृतिलाई नेपालबाहिर 'डायस्पोरा'मा नेपालकै जस्तो राष्ट्रिय भावभूमि निर्माण गर्ने अभियानमा नेपालीका अन्तर्राष्ट्रिय जगत्का महनीय चिन्तनको प्रतिबिम्ब हो, एक अविस्मरणीय दस्ताबेज हो ।' त्यसै संग्रहको भूमिकामा प्रा.भानुभक्त पोखरेले लेखेका छन् - यस कविता संग्रहमा नेपाल नबसे नेपालको लागि कर्तव्यहीन छोरो होइन्छ कि भन्ने त्रास र अमेरिकाको वैभवमा भुलेर बस्दा पनि जीवनको सार न देखेर आफू अस्तित्व हीन भइन्छ कि भन्ने संकटमा परेका व्यक्तिहरुका कविता यहाँ छन् । जुन् डायास्पोराका महत्वपूर्ण वस्तु हुन् । यो कविता संग्रहले उजागर गरेको नयाँ डायास्पोरिक समस्याको समाधान पनि पुरानो प्रमाण र नयाँ व्याख्या दिएर नर्थ अमेरिकाली नेपाली डायास्पोरालाई मनमा पीर नलिइकन यो देशमा स्थायी रुपले बस्न उनले यो मनुस्मृतिको आज्ञा प्रस्तुत गर्दै आफ्नो कविता पनि प्रस्तुत गरेका छन् त्यही 'आप्रवासका सुसेली' कविता संग्रहको भूमिकामा ।

माता मे पार्वती देवी पिता देवो महेश्वरः
बान्धवा मनुजाः  सर्वे, स्वदेशो भुवन त्रयम् ।

यस विषयमा भानुभक्त पोखरेलले उनको आत्मचिन्तन यस्तो कवितामा त्यही प्रस्तुत गरेका छन्::

उठी राष्ट्रियताबाट अन्तर्राष्ट्रियता खिपी
अन्तर्ग्रहीयतातर्फ लम्कियो जनजिन्दगी
त्यसैले जो जहाँ बस्छौं उसैको गरि अर्चन
विश्व-व्यापकता-बोधी, गरौं राष्ट्रिय चिन्तन ।

यस सन्दर्भमा 'आप्रबासका सुसेली'ले दिएको आजको डायास्पोराको नयाँ दुन्दुभि यो हो :

नेपाल नेपालमै छ, नेपाली विश्वव्याप्त छ,
नेपालभित्र मात्रैको राष्ट्रियता अव्याप्त छ ।

बनाऊ राष्ट्रको झन्डा स्वयम् कुँदी गुलाबको,
न टुट्ने कहिल्यै राष्ट्र नेपाली विश्व बन्धुको ।

दिगो राख्न जुटौं हामी नेपाली पहिचान छ,
राष्ट्रमा राष्ट्र निर्माण हामीले अब गर्नु छ ।
–डेलासमा नेपाली पहिचानलाई दिगो राख्न जुटौं

गरें संकल्प कट्केर राष्ट्रियता बचाउन
काल आयो 'म' मारेर जाँदैछु इमिग्रेशन ।
-अमेरिकाली नागरिकता

डायस्पोरामा केवल युवा छैनन् । अवलावृद्ध सबै छन् र ती सबैको अवस्थाको चित्रण गर्न सक्नु एक सम्वृद्ध डायास्पोरिक कविता साहित्यको सम्पन्नता हो । यस दृष्टिले पनि नर्थ अमेरिकाली नेपाली काव्य प्रगति उन्मुख छ । एक छयासी वर्ष पुगेको वयोवृद्धलाई नेपालबाट ल्याएर यहाँ सुनको पिंजरामा राखिएको छ । न ल्याएर के गर्ने सन्तान सबै यतै रैथाने भएपछि छयासी

पुगेका वृद्धलाई नेपालमा देखभाल कसले गर्ने ? यो पनि नेपाली डायास्पोराको ठूलो समस्या हो। यहाँ ल्याएर राखिएका पितामह 'छयासीको छवि' खण्डकाव्यमा भन्छन् :

परदेशी थियो माटो नदीनाला सबै नयाँ,
न साथी न थियो बाटो लौरोले टेक्नसम्ममा।
-उच्छ्वास ३ पद्य २७

यो खण्डकाव्य पूरै त्यस्तै वृद्ध डायास्पोराको लागि लेखिएको हो। यही कुरालाई त्यही काव्यको भूमिकामा कृष्ण बजगाई यसरी पुष्टि गर्दछन्: 'छयासीको छवि, खण्डकाव्य पिता-पुत्रको वार्तालापमात्र होइन, यो हाम्रै समाजको वास्तविक तस्विर हो । नेपाली डायोस्पोरामा देखिने पुस्तान्तरको समस्यामात्र होइन, यो उत्तरआधुनिक समाजको चित्रण पनि हो।' त्यसो त होमनाथ सुवेदीको 'सेतो गाजल' गजल संग्रह र 'ग्रहग्रस्त दिवाकर' खण्डकाव्यले पनि नर्थ अमेरिकाली नेपाली डायास्पोराको प्रवृतिलाई स्पर्श गरेका छन्। यो पंक्तिकारले कविताको डायास्पोरिक सिर्जनाबारे 'नव छायावादको छवि' समालोचनात्मक कृतिमा पनि विवेचना गरेको छ, समुद्रपारका समालोचनामा पनि मुद्रण भैरहेछ। यसले डायास्पोराका धेरै कविलेखकका कृतिको विशद विवेचना गरेको छ।

होमराज आचार्यका दुईवटा काव्य प्रकाशित छन्। ती हुन् : जीवित कङ्काल र आलुबारीमा देवता । विदेसिनु अव्यवस्था, विस्थापित हुनुले रोपेका व्यथा जो मातृभूमि प्रेमबाट अनुप्रेरित छन् ती उनका कवितामा देखिन्छन् । अमेरिकामै भए पनि यो सहर भित्र उही ठ्याकठ्याक र झ्यापझ्यापको स्वरले उनका कवितालाई पछ्याइरहन्छ। यो डायास्पोरामा पितृभूमिको प्रकृतिले पछ्याएको हो । जस्तो :

झ्यापझ्याप
केको आवाज होला
कतै गाई भैसी चरेजस्तो ?
-आलुबारीमा देवता

वामा ढुंगानाको 'प्रणय-प्रसङ्ग' कविता संग्रह २००२मा निक्लेको हो अमेरिकाबाट । यसको प्राधान्यता डायास्पोराभन्दा प्रणयपक्षमा प्रबल छ। महिला कवयित्रीहरुमा डायास्पोरिक अभिप्राय भएका कविता कल्पना सत्यालका प्रशस्त छन् र उनले प्रथम, द्वितीय, तृतीय र चौथा सबै प्रकार पुरस्कारहरु पनि जित्ने गरेकी छिन् । तर ती पत्रपत्रिकामा सीमित छन् । पुस्तकाकारमा आएका छैनन् । माया शर्मा, सरोज शुक्ला, यस्ता धेरै अरु कविकवयित्रीहरु छन्। जसको नाम यहाँ उल्लेख छैन। पुस्तकाकारमा प्रकाशन गरिसकेकी महिलामा गीता खत्री, भारती गौतम, कमला प्रसाई आदि छन्। कमला प्रसाई र गीता खत्रीका कविता र गीतहरु पनि बढी प्रणय उन्मुख छन् भने पनि गीताका 'सिर्जना यात्रामा गीता'को यो पहिलो कविता नै विदेश बस्दाको पीडाको पुष्पाञ्जली हो -

प्यारिसदेखि ल्हासा
ल्हासादेखि न्युयोर्क
आफन्तसँग विछोडिँदा
आँसुलाई लुकाएर
विछोडको पीडा सहँदा
यो मुटु दुख्दो रहेछ।
-यात्रा

अमेरिका बाहिरिएर भएको यो अनुभूति गीताको मात्र हैन पुराणहरुको पनि यही हो।

भारती गौतमको 'आकाशमाथिको सहर' कविता संग्रह हाम्रो डायास्पोराको उपज हो। यसमा भएका कवितामध्ये 'सानीआमाको काख' कविताले अमेरिका र नेपालको सम्वन्ध र आफ्नी आमाको ममता छोडेर सम्पन्न माया गर्ने धनी सानीआमाको गोदमा बस्दा बढ्दै गइरहेको बिझाइ र अन्तरलाई खुलस्त पारेको छ। आफ्नी आमा जस्तो, कस्तै भए पनि सानीआमा कहाँ हुन्छे र ? प्रतीकात्मक रुपमा यो कवितामा पितृभूमिमा न

हुनुको डायास्पोरिक पीडा छर्लङ्ग देखिने गरी टाँगिएको छ ।

बसन्त श्रेष्ठको 'वसन्त श्रेष्ठका कविता' कविता संग्रह प्रकाशित छ । यसका संपादक गोविन्द गिरी 'प्रेरणा' हुन् । लामो समय अमेरिका बसेका वसन्तका कवितामा डायास्पोरिक भावनाको प्रवाह छ । यसलाई यसका सम्पाद(कले यसैको भूमिकामा यसरी लेखेका छन् -'यस संकलनमा रहेका कविताको मूल स्वर डायास्पोरामा रहेका नेपाली अझ अमेरिकी भूमिमा रहेका नेपालीहरूको प्रतिध्वनि हो ।' वसन्तको नवडायास्पोराको पीडालाई उजागर गर्ने कविता 'देश'को एक अंश:

अकाल संत्रास र भयको भीडमा
हामी आफैँलाई हराइरहेछौं
देश राष्ट्रियताको नाम हो
देश अखण्डताको अर्को नाम हो
कुनै भूगोलभित्र मात्र कैद छैन देश
कुनै इतिहासभित्र मात्र कैद छैन देश
कुनै इतिहासभित्र मात्र
सीमित छैन देश
देश स्वतन्त्र छ
देश सार्वभौम छ
देश जहाँ पनि छ
हामीसँग यहाँ पनि छ
हाम्रो देश छ !
-'देश' वसन्त श्रेष्ठका कविता

यो डायास्पोराको शक्ति हो, ताकत हो, आत्मसम्मान हो, आफैभित्र भएको एउटा महादेश हो ।

जिविस (Jewish Diaspora) डायास्पोरको जस्तो हाम्रो यो डायास्पोराको विशेषता छैन । हिज गोर्खालीहरू लाहोर गए जस्तै आजको डायास्पोरा हैन । आज नर्थअमेरिकाको साहित्यको पात्र निर्वासन (Exile) मा छ तर पनि ऊ फर्कदैन उसको घर नर्थअमेरिकामा नै छ किनकि उसले क्यानाडाको नागरिकता लिइसकेको छ । उसका सन्तानले अमेरिकाका डाँडाकाँडा ढाकिसकेका छन् । डायास्पोरा भन्नु नै राष्ट्रको 'सीमा रेखा' धारणाबाट उत्पादित वस्तु हो तर त्यो सीमा उनीहरूले पिएको पीडाबाट छिन्नभिन्न भैसकेको हुन्छ । देशभित्र र बाहिर गर्न पात्रलाई हबाइटिकट चाहिदैन, उनीहरु मानस यात्रामा नै यायावर बनेका हुन्छन् । परदेशमा सुती नेपालमा व्युझन्छन् । यस परिधिको किनारामा यहाँबाट प्रकाशित उल्लेखनीय अरु पद्य कृति यी हुन् : हराएका कैदीहरू (वि.सं.२०६१)–नगेन्द्रराज न्यौपाने, नयाँ मुलुकको नाद (वि.सं.२०६३)–मोहन सिटौला, गोलमाल (हास्यव्यङ्ग्य कवितासङ्ग्रह)–(वि.सं.२०६३)
– शिवप्रकाश पौडेल, संगीतको आभास- (वि.सं.२०६३)–गंगा लिगल । सागरपारको पुकार (वि.सं.२०६४)
– लक्ष्मण सत्याल शास्त्री, र गीत गजल विधामा मलाई छुने मन (इ.सं.२००३) - ज्ञानेन्द्र गदाल, मबिनाको मेरो जीवन- (वि.सं.२०६३), -कमला प्रसाई आदि उल्लेखनीय छन् ।

शिव गौतमका दुईवटा कवितासंग्रह बजारमा छन् । ती कविता संग्रह 'सपनाका रङ्गहरु' र 'मुटुनेरी सिस्नेरी' हुन् । दुबैमा आप्रवासीको पीडा अभिसिञ्चित छ । 'सपनाका रङ्गहरु'को भूमिकामा तानासर्मा लेख्छन्- कुनै पनि सचेत नेपाली अरु मुलुकमा पुगेपछि अझ सचेत, अझ भावुक र अझ मुखरित हुन्छ भन्ने कुराको साक्षात् प्रमाण यो सानो तर सुन्दर कविता संग्रह हो ।' कविता कविता हुन्छ तर सबै कविता डायास्पोरिक हुदैनन्, सबै परिवेशमा हुनुपर्ने वाध्यता पनि छैन तर यो प्रसङ्ग डायास्पोरिक साहित्यको भएकोले त्यस संग्रहको 'घर फर्केपछि चौरालीसंग' नामक कविता डायास्पोरिक भावनाले ओतप्रोत लाग्यो जसको एक अंश यहाँ प्रस्तुत छ :

तिमीले मलाई रोक्नुपर्थ्यो
मेरो बाटो छेक्नुपर्थ्यो

मेरो खुट्टामा छाँद हालेर
'न जाऊ' भन्दै रुनुपर्थ्यो ।

यो कविता कविले अमेरिका बसी बसी लेखेको हो र यसमा कवि वा नेपालीको मनले भन्छ : कति राम्रो अमेरिका भनेर गलामा माला लगाएर आमाले पठाए पनि यहाँ बस्नेको मन आफ्नो पुर्ख्यौली भूमिमै हुन्छ । मन नेपाल र तन अमेरिका भएको द्वैध अवस्था हो यो जुन डायास्पोरिक कविताको विशेषता हो । 'मुटुनेरी सिस्नेरी'को डायास्पोरिक चेतबारे 'नेपाल बोकेरै' कविताको नमूना दिदै मैले डा.मधु माधुर्यको सम्पादनमा प्रकाशित 'नेपालबाहिरको साहित्य-प्रथम श्रृङ्खलामा 'सातसमुद्रपारका पद्य पुस्तकको इतिहास' भन्ने लेखमा विचार दिएको छु -'नेपाली मूलका अमेरिकी वा अन्य देशमा बस्ने नेपालीहरुमा विकसित अधुनातन अन्तर्दृष्टि कि हामी जहाँ रहेबसे पनि हामीले हाम्रो पहिचानलाई दिगो राख्नुपर्छ भन्ने कुरासित तादात्म्य राख्दछ । यो भाव र कला दुवै पक्षका दृष्टिले पठनीय छ ।'

दूतावासका कर्मचारीहरुले पनि अमेरिकाको चित्रण गरी कविता लेखेका छन् । यहाँको डायास्पोरिक साहित्यले नयाँ ठाउँको परिवेशको चित्रण गरेको पनि पाइन्छ तर त्यसमा पनि फरकपन हुन्छ । फरक वस्तु हुन्छन् । यद्यपि यो महत्वपूर्ण हैन । त्यस्तो परिवेशको वर्णन पनि अमेरिकामा लेखिएका नेपाली कवितामा छ । त्यसरी लेख्नेहरूमा दुबसु तथा जय छाड्छा आदि छन् । छाड्छाको यो कविताले वाशिङ्गटन डिसीको पोटोम्याक नदीको मनोरम प्रकृति चित्रण गरेको छ । कल्पना, रस, छन्द : यो तलको कवितामा कल्पनाको संपुट अति मनोहारी छ र प्रकृतिलाई व्यक्तिको रुपमा गरिएको प्रक्षेपणले सुनमा सुगन्ध थपेको छ ।

"प्रत्येक साँझ चन्द्रमा तल ओर्लने गर्छ
र खेल्ने गर्छ पोटोम्याकको छातीसँग
र गर्भिणी बनाउँछ-
पोटोम्याकले जन्माउँछे सहस्र साना चन्द्रहरु
अतुल्य अनन्त दृश्यहरु ।"

-छाड्छा, जय, "पोटोम्याक" अन द ब्याङ्क अफ द पोटोम्याक

हुन त नयाँ केन्द्रको कुरा पुराना समालोचकले कमै बुझ्दछन् र नयाँ केन्द्रका भनौं. यो सन्दर्भमा डायास्पोरिक कविले पुरानो लेखन शैली भनौं छन्दोवद्ध कवितामा लेख्न कमै जान्दछन् । यो तथ्य हो । सत्य लुकाउनेप्रति मेरा कहिल्यै आस्था रहेको छैन । अमेरिकाली डायास्पोराबाट लेखिएको अनन्तगोपाल रिसालको 'आध्यात्म-यात्रा' काव्य छन्दोवद्ध काव्यको अनुपम नमुना हो । छन्दको पठनपाठन र सत्सङ्ग न भएको यो डायास्पोरामा पनि यस्तो आफ्नो पुरानो परम्परागत शैलीमा उनै अध्यात्म र परम्पराको मोहीमा पसेर उस्तै तन्दुरुस्त लेख्नु कवि अनन्तको डायास्पोरिक भावना र संकार्यको यो ज्वलन्त उदाहरण हो ।

क्यानडाको साहित्यबारे खास गरी कवितामा किरण ढुङ्गानाद्वारा सम्पादित 'दियालो' पत्रिकाको अविस्मरणीय योगदान छ ।क्यानाडामा बसेर लेखिरहने मानकाजी श्रेष्ठको 'चीनको डुलाइ क्यानाडाको बसाइ' कृतिको पछिल्लो भागले क्यानाडाको नेपाली डायास्पोरिक जनजीवनको  आलेख प्रस्तुत गर्दछ । यो चम्पू प्रकारको काव्य हो ।  गोविन्द सिंह रावतको 'क्यानाडाको लाइफ' नयाँ डायास्पोरिक कविता हो । यसमा नेपालीलाई अपच हुने क्यानाडाको रहनसहनमा प्रकाश पार्दै आफ्नो संस्कृतिप्रतिको मोह देखाएर पनि क्यानाडेली नेपाली डायास्पोरालाई यो स्वीकार नगरी सुख छैन भन्ने अलिखित उत्तरको व्यञ्जना गरेका छन् कविले । किनकि यो रोजाइ उन(डायास्पोरा)को आफ्नो हो । वास्तवमा हुन पनि यो डायास्पोरिक पात्र वा वर्ग वा समुदाय पुरानो डायास्पोरा हैन जो थपिएर आएको थियो र जितेर फर्केला भन्ने आशा गरियोस् । यो त

नयाँ डायास्पोरा हो जे भोगेको छ त्यो सब पीडा उसको रोजाइ हो । उसले छानेको विकल्पको वरण हो । नमूना :

एजेन्सीमा धाएपछि मात्र हुन्छ हायर
हायर भा'को दुई चार दिन मै गरी दिन्छन् फायर
जागिर यहाँ पाए पनि जानुपर्छ टाढो
जागिर मात्रैले के गर्ने आवास पाउनै गाह्रो
पैसा जति टोरोन्टोको बहालले खान्छ
बाँकी र'को दूई चार पैसा भुँडीभित्र जान्छ
बचतभन्दा खपत बढी के गर्नु कमाइ
भोग नेपाली भोग यो त तिम्रो आप्ऽनै हो रोजाइ

-'क्यानाडाको लाइफ' -गोविन्दसिंह रावत

यो कवितामा प्रयुक्त भाषाले डायास्पोरिक भाषाको नयाँ नमुना पेश गरेको छ -न यो नेपाली मात्र हो न यो अंग्रेजी मात्र । नेपाली र अंग्रेजी मिश्रित भाषा हो डायास्पोराको नेपाली भाषा । हराएको आकाश उनको मातृभूमि र संस्कृति हो जस्को खोजमा कवि अमन्निएका छन् । यौटा डायास्पोराको पीडा छचल्किएको छ । रावतका 'हराएको आकाश' कविताले नेपालीको यहाँ आकाश हराएको देख्छ तर अकर्मण्य छैन । बरु संघर्षको लागि अभिप्रेरित गर्दछ । मनमा अन्योल हुन्छ । कवि रावत लेख्छन् - थाकेको म विचारा/ सुखको झिनो आसमा/डुबुल्की मार्दै/त्यसमै निदाउने प्रयत्न गर्छु/एउटा मीठो सपना देख्नलाई क्षणिक सुखको अगाडि /अस्वभाविक यथार्थता खोज्न थाल्छु (अस्वभाविक यथार्थ) । कवि रावत परइ देशमा जान पर्नु के नेपालीको नियति हो कि के हो ? अनुत्तरित पीडा व्यक्त गर्छन् यसरी –प्रवासिनु परम्परा हो कि बाध्यता हो/कि कतै प्रत्येक नेपालीले भोग्नु पर्ने सत्यता हो/पूर्खादेखि प्रवासिने क्रम जारी छ/यही पलायनको परम्परालाई नियमितता दिँदै/यात्राको नाममा भौँतारी रहेका छौं (यात्रा जारी छ)।

क्यानडामा गोकुल भण्डारी, शारदा ढुंगाना, दीपक ओझा, तुलसी धरेल, नवीन वैद्य, मुक्ति गौतम, गोपी कृष्ण काफ्ले, विनोद बराल र मोहन अर्याल आदिको नाम कविताको भण्डार भर्न उद्यत छन् । नेपाली साहित्य समाज, टोरोन्टो, अनेसास, क्यानाडा, एन्सीसी र खबर सम्प्रेष(णका सेवा पनि कविता साहित्यको सेवाका लागि पठनीय छन् ।

यता संयुक्त राज्य अमेरिकाका अरु कविहरु यी हुन्: डा. अमर गिरी, डा. विष्णु पौडेल, हेमन्त श्रेष्ठ, आनन्द रेग्मी, आर.डी. चटौत, ईश्वर देवकोटा, उज्ज्वल भट्टराई, उमेश, कल्पना सुवेदी, कविन्द्र सिटौला, कविचन्द्र पोखरेल, खेमचन्द्र पोखरेल, गजेन्द्र अर्याल, गणेश तिमिल्सिना, कल्पना सत्याल, गान्धीराज काइले, गिरिजा गौतम, गिरीश पोखेल, गोपालप्रसाद रेग्मी, गोविन्द गिरी, गोविन्द गिरी "प्रेरणा", टीका कुमार पुन, डिगबहादुर तामाङ (घिसिङ्ग), तिर्थ तिम्सिना, दया सुबेदी, दीपक खड्का, नम्रता गुरागाई, पारसमणि श्रेष्ठ, पुजन रोका, पूजा पन्त, पुरुषोत्तम सुबेदी, पुष्कर शाह, पुष्प श्रेष्ठ, पुष्पमान जोशी, पुष्पा शाह, पूजा पन्त, प्रकाश सुबेदी, प्रदीप विष्ठ, प्रीति दहाल, प्रेम संग्रौला, भगवती न्यौपाने, भद्रिका शर्मा, भीमप्रसाद रेग्मी, मञ्जु निरौला, लिली के.सी., शरद निरौला, सरला श्रेष्ठ, सरोज शुक्ल, सीता रेग्मी, बासु श्रेष्ठ, नारायण शर्मा, पर्ल रेग्मी, तीर्थ पाण्डे, मल्लिका शाक्य, शाश्वत पराजुली, कपिल सिटौला, सुदीप भद्र खनाल, तुङ्गनाथ उपाध्याय, हरि घिमिरे, एच्बी भण्डारी, कमला सरुप, खेमराज दवाडी, जय बन्जाडे, बासु ढकाल, शेखर ढुंगेल, गौतम दाहाल आदि कविहरुको लेखनको निरन्तरताले हाम्रो डायास्पोराको कविता अझ फल्नफुल्न सक्छ ।

'अर्न्तदृष्टि' वर्ष ८, अङ्क ३, चैत्र २०५७ को अन्तर्राष्टिय नेपाली कविता विशेषाङ्क

र 'अर्न्तदृष्टि' वर्ष १५, अङ्क १ कविता विशेषाङ्कको विशेष महत्व छ । त्यसपछि पुस्तकाकारमा प्रशस्त कविता संग्रह काव्य आए । संकलन र सम्पादनमा उल्लेखनीय कृति हो 'सेतु' । यसको सम्पादन डा. हरिराज भट्टराईले गरेका हुन् । यो उत्तर अमेरिकाली नेपाली कविता-संकलनको सम्पादनले यस क्षेत्रमा नयाँ इँटा थपेको छ । प्रस्तुत उत्तर अमेरिकाली नेपाली कविताको यो संकलन र सम्पादनले अझ विशेषता थप्नेछ ।

रुसबाट डां.मधुकृष्ण श्रेष्ठको सम्पा( दनमा निक्लेको 'नेपालबाहिरको नेपाली साहित्य' प्रथम श्रृङ्खलामा नर्थ अमेरिकाली नेपाली डायास्पोरामा भै रहेको नेपाली कविता-कृतिको बारेमा प्रशस्त प्रकाश पारिएको छ । यो पंक्तिकारको 'सात समुद्रपारको समालोचना'ले पनि यथासक्य योगदान पुरएको छ । डायास्पोराको नेपाली साहित्यवारे गरिमा कार्तिक २०६१मा एच्बी भण्डारीले लेखेका छन् । उमा परमेश्वरम, निकोलस भान हिएर (Nicolas Van Hear), ती पठनीय छन् । सन्दर्भले भनिहालौं 'अन्तर्दृष्टि', 'दियालो' एएनए, एएनएस्, नाक, एन्मा, नासा आदिका बुलेटिन तथा अनेसासका फ्लोरिडा च्याप्टरका प्रकाशन 'सागर' आदि र विश्व सन्देश, विश्वपरिक्रमा, नमस्ते पत्रिका तथा नेपालीपोष्टडकम, डिसीनेपालडटकम, आइएनएलएस्डटओआर्जी, खसखसडटकम, खबरसम्प्रेषणडटकम आदिले महत्वपूर्ण योगदान दिइरहेका छन् ।

नयाँ डायास्पोराको नयाँ आयाममा उत्तर अमेरिकाली नेपाली कविता-कृतिका यी पदचापले साहित्यका अरु विधा, अरु डायास्पोरामा पनि हौसला प्रदान गर्नेछ । अबको नेपाली डायास्पोरा यो विश्वग्रामबाट भागेर जाने र फर्कने हैन कि 'होमल्यान्ड'को पीडा बोकेर पनि यो यसले जहाँ ('न्यु ल्याण्डमा')बसेको छ त्यही आफ्नो एउटा राष्ट्र परिकल्पना गरेर बस्न आतुर छ, बाटो दुष्कर र पीडादायी छ यसको नियति नै यही हो त यस्तै आलेख सम्भव छ र यही उत्तर आधुनिक समाजको खोजमा खेल्दै हाम्रो कविता साहित्यले अग्रगमन गर्नुपर्छ । नव डायास्पोराको दर्शनलाई प्रतिनिधित्व गर्नुपर्छ । विसङ्गतिको अनुभवलाई सङ्गतिमा बदल्नुपर्छ ।

०

## केही मुक्तक

**– गोपालकुमार मैनाली**

(१)
स्वार्थ मिले जुट्छ
भागवण्डा नमिले फुट्छ
छ्या ! कस्तो गन्हायो राजनीति
हरेक दलभित्र गुट छ ।

(२)
चुरीफुरी गरेछ
चरी जालमा परेछ
सेरोफेरो मेरो भन्ने
सेखी पनि झरेछ ।

(३)
कति मिठो आँसु
कति खल्लो हाँसो
अभिशप्त जिन्दगी
अरुकै भो नासो ।

(४)
युरोपम जहिल्यै विकास
नेपालमा दिनहुँ विनाश
सत्ताको फोहोरी खेलले
नेपालीको भविष्य सत्यानाश ।

(५)
विदेशी भूमिमा तिमी रुनु
स्वदेशको माटोमा म रुनु
दुबैलाई दुख्नुको एउटै अर्थ छ
माटोको मायामा हामी रुनु ।

· gf6s

# होङ्छा

– प्रवीण पुमा

दृष्य : पहिलो
स्थान : जङ्गलभित्रको गुफा
समय : दिउँसो
पात्रहरु : होङ्छा र होङमा

(हिमालयको मुनि समुद्र छ । त्यो समुद्रमाथि घना जङ्गल छ । त्यो जङ्गलको बीचमा बुकटोङ छ । त्यो बुकटोङभित्र होङ्छाले सुप्तुलुङमा आगो फुकीरहेको छ । त्यो आगोको धुँवाले आकाश थुरिएझैँ देखिन्छ । त्यहीवेलामा आकास गडगडाएर चट्याङसहित विजुली चम्किन्छ । होङ्छाको छेउमा आगोको मुस्ला झर्छ ।)

होङ्छा : (अचम्म हुँदै) हँ ! यो के अचम्म ? अचानक आज कसरी चट्याङ पर्‍यो । फेरि, मेरै छेउमा पो आगोको मुस्ला पनि झर्‍यो । (विस्तारै आगोको मुस्लाझरेतिर अगाडि बढ्दै) अचम्मै पो भयो त ? (अगाडि बढ्दाबढ्दै डर ाएर पछाडि सर्छ । त्यही बेला खाँडीको गुन्यू-चोला लगाएको, गम्छाले टाउको बाँधेको, कम्मर को पटुकामा बेरुछा भिरेको, तोङवात बोकेको, खुट्टामा कल्ली, हातमा चुरा, नाखमा बुलाकी, घाँटीमा मट्टीमाला आदि लगाएको अत्यन्तै सुन्दर महिला विस्तारै प्रवेश गर्छ । होङ्छा डर ाउँदै अचम्म हुन्छ ।)

होङमा : (मीठो स्वारमा) नडराउ, होङ्छा । तिमीलाई केही पनि हुँदैन । म सुम्निदिमा हुँ । तिमीलाई बुद्धिज्ञान र सीप आदि सिकाउँनु म यहाँ आएको हुँ ।

होङ्छा : (ढोक्दै) आमा, मलाई माफ गरिदिनुहोस् है ! मैले त हजुरलाई चिन्नै पो सकिनछु ।

होङमा : (उठाउँदै) ठिकै छ होङ्छा, तिमीले सुरुमा मलाई नचिने पनि बेलैमा चिनिहा( ल्यौ । त्यही नै ठूलो कुरा हो । त्यसको लागि म तिमीप्रति ज्यादै खुसी छु । (इसारा गर्दै) ल यता आऊ । आज म तिमीलाई तानबन्नु सिकाउँछु । त्यो तान बुन्ने सीपलाई तिमीले यो पृथ्वीभरिको मानिसहरुलाई सिकाउँनु । त्यो तानबाट कपडा तयार हुन्छ । त्यो कपडा सबै मानिसहरुले लगाएर आफ्नो लाज छोप्नु, जाडो छेल्नु, शत्रुहरुको बाहिरी आक्रमणबाट बच्नु । यसले सबैको भलो हुनेछ ।

होङ्छा : हुन्छ आमा, म हजुरले भन्नुभएझैँ सबैलाई तान बुन्नु सिकाउँछु ।

होङमा : (अलिक वरतिर आएर बस्दै) ल ठिक छ । त्यसो भए अलिक मेरो नजिक आउ, होङ्छा । म तिमीलाई तान बुन्नु सिकाउँछु ।

होङ्छा : (नजिक जाँदै) हुन्छ आमा ।

होङ्छा : (तान बुन्नु सिकाउँदै) ल यता हेर, होङ्छा । यो चर्खा हो । यसले रुवाको धागो काट्नुपर्छ । यो थुरी हो । यसमा धागो बटारेर तान लाउँनु पर्छ । अनि यो जुवा हो । यसले तान बुन्नु पर्छ । यो सबै काम सकिएपछि कपडा तयारी हुन्छ । अब बुझ्यौ, होङ्छा ?

होङ्छा : (स्वीकारोक्तिमा) जेऊ आमा ।

होङमा : त्यसो भए, लु कपडा बुन त ।

होङ्छा : (तान बुन्दै) हेर्नुहोस है त आमा, मैले तान बुनेको ।

होङमा : (तान बुनेको हेर्दै) ल ल, म हेर्दैछु । (होङ्छाले एकोहोरो तान बुनिरहेको

हुन्छ । होङमा विस्तारै अलप हुन्छ ।)

होङछा : (तान बुन्दै) ल हेर्नुहोस् आमा । मैले तान बुन्नु जाने कि, जानिन त ? (आफ्नै धुनमा) लौ ! किन नबोल्नु भा'को आमा ? कि मैले तान बुनेको भएन हो ? (तान बुन्दाबुन्दै रोकिएर हेर्दा आमा हुदैन । अचम्म मान्दै उठेर यताउति खोज्दै) आमा, आमा (रोकिएर अचम्म हुँदै) आज त अचम्मै पो भयो । (छक्क परेर एकोहोरो आकाशतिर हेरिरहन्छ ।)

गाउँले : (अत्तालिँदै प्रवेश गरेर) होङछा, होङछा ।

होङछा : फेरि के भो ?

गाउँले : (हत्तारिन्दै) हेर्नुहोस न, होङछा ! यो पृथ्वीको सबै मानिसहरुको भकाभकी मृत्यु हुनु थाल्यो । हामीले कति ओक्तो गर्दा पनि त्यो मानिसहरु बाँचेन । त्यसैले अब तपाईंले नै जसरी हुन्छ, हामीलाई बचाउनु पर्‍यो । हामी त तपाईंकै भरमा पर्‍यौं ।

होङछा : (सुप्तुलुङको छेउतिर जाँदै) एकैछिन है त । म यारी हेर्छु । के भाको रै'छ । (सुप्तुलुङको छेउँमा वसेर यारी हेर्दै कचुर काटेर दोवा थोम्काउँनु थाल्छ । दोवा थोम्काउँदाथोम्काउँदै अचानक आकाश गडगडाउ छ । हुरी वताससँगै चट्याङ पर्छ । सबै जना डराउँछ । पानी परेर विस्तारै रोकिन्छ । पानीले लिथ्रुक्कै भिजेर उठेर मानिसहरुतिर हेर्दै) हे मानव ! मैले तपाईंहरुलाई केही गर्दा पनि बचाउनु नसक्ने भएँ । यो पृथ्वीमा जन्मिएपछि एक न, एक दिन तपाईंहरुले मर्नु नै पर्ने भयो । तर आज ढकमक्क चाँप फूलेको दिनलाई तपाईंहरुले आफ्नो उमेरलाई हिसाब गरेर राख्नु । यो दिनलाई नयाँ वर्षको रुपमा रमाईलो गरेर मान्नु । आजको दिनमा नयाँ तरुल-कन्दमुललगायत मीठोमीठो खाने कुरा खानु ।

गाउँलेहरु : हुन्छ न, होङछा ! अनि तपाईं नै हाम्रो सर्बेसर्वा हुनुहुन्छ । अब तपाईंले नै बचाउनु नसकेपछि हाम्रो के लाग्छ र ?

होङछा : ठीकै छ, अब जे भएपनि यो सबै मोङको सृष्टि हो । त्यसलाई हामीले स्वीकार नै पर्छ । मोङकै समयमा हामीले केही गर्नु सक्दैनौं । तसर्थ, जीवन हुँदै रमाएर बाँच्नु पर्छ । फेरि, आज नयाँ बर्षको दिन हो । म तपाईंहरुलाई आज होङमाबाट सिकेको तान बुन्ने सीप पनि सिकाउँछु । यो सीपलाई तपाईंहरुले पनि सबैलाई सिकाउँनु है ।

गाउँलेहरु : (स्वकारोक्तिमा) भइहाल्छ नि, होङछा ! त्यसको लागि हजुरले चिन्तै लिनु पर्दैन ।

होङछा : (तान बुन्नु सिकाउँदै) ल आउनुहोस, त्यसो भए । पहिला तान बुन्नु सिक्नुहोस् । त्यसपछि रमाईलो गरौंला ।

गाउँलेहरु : (तान बुन्नु सिक्दै) हुन्छ, हुन्छ होङछा । (होङछाले तान लगाएर सबैलाई तान बुन्नु सिकाउँछ । हाँसखेल गर्दै सबैले तान बुनिरहेको हुन्छ । प्रकाश विस्तारै विलयन हुन्छ ।)

(पर्दा खस्छ ।)

दृष्य : दोस्रो

स्थान : समुद्री किनारा

समय : दिउँसो

पात्रहरु : होङछा र सिक्रिमा

(हिमालयको पृष्ठभूमिमा घना जङ्गल छ । त्यो जङ्गलमुनि समुद्र छ । त्यो समुद्रको किनारैकिनार जाल हान्दैहान्दै आएर ढुङ्गामाथि होङछा बस्छ ।)

होङछा : (मनोवादमा) आज पनि एउटै वाकुरीसा परेन । यो जालमा पनि लुसै लागे जस्तो छ । जाल हान्दाहान्दा गलें मात्रै । आज पनि भाकै हुने भएँ । (उठ्दै) आ ऽऽऽ जे सुकै होस् । परे पनि, नपरे पनि, अब एकपल्टचाहिँ जाल हानेरै घर जानुपर्‍यो । कतै वाकुरीसा परी पो हाल्छ कि ? (उठेर जाल हान्नु थाल्छ । जाल हान्दाहान्दै अचम्म हुन्छ । विस्तारै अगाडि गएर रोकिएर टाउको हल्ला(

उँदै) अहँ ! आजचाहिँ भने ठूलै वाकुरीसा पारेँ । (जाल विस्तारै तान्छ तर नआएपछि अचम्म हुँदै) हँ ! जाल त बाहिर आउँदैन त ? ठूलै वाकुरीसा पऱ्यो कि, क्या हो ? (जाललाई बिस्तारै तान्दा नआएपछि टाउको हल्लाउँदै) आ ऽऽऽ जे सुकै होस् । ठूलै भएपनि घोडा मारेर पक्रिइन्छ नि ! आखेरी किरातीको सन्तान पो त, किन डर ाइन्छ र ? (जोडले जाल तान्दा जालसँगै एउटा सुन्दर केटी बाहिर आएपछि अचम्म हुँदै) हँ ? यो के अचम्म ! वाकुरीसाको सट्टा, होङमा पो ! (दुवै जना अचम्म भएर हेराहेरपछि) तपाईं ! तपाईं, को हुनुहुन्छ ?

सिक्रिमा : (डराउँदै) म... म...म वाहोङको छोरी सिक्रिमा हुँ ।

होङछा : (अचम्म हुँदै) अनि किन दर बार बाहिर आउनु भा'को त ?

सिक्रिमा : दरबारभित्र बस्दाबस्दा दिक्क लागेर आपा बाहिर जानु भा'को बेला घुम्नु आएको थिएँ । तर, तपाईंको जालमा पो परेँ । (प्रतिप्रश्न गर्दै) अनि तपाईं चाहिँ को हो नि ?

होङछा : म सुम्निमा-पारुहोङको छोरा होङछा हुँ ।

सिक्रिमा : (अचम्म मान्दै) होङछा !

होङछा : हो, म होङछा नै हुँ । किन ! विश्वास लागेन र ?

सिक्रिमा : होइन, लाग्यो । तर, तपाईं त यो धर्तीको प्रथम मानव हुनुहुन्छ भनेर पो सुनेको थिएँ । तर, आज प्रत्यक्ष भेट हुँदा भने अचम्म त लागिहाल्छ नि !

होङछा : होइन, त्यस्तो अचम्म मान्नु पर्दैन । म पनि तपाईंहरु जस्तै मानव नै हुँ । तर, सबैभन्दा अगाडि जन्मिएको प्रथम मानव भएर सुम्निमा-पारुहोङको इच्छा अनुसार सम्पूर्ण सृष्टि गरेर बसेँ । त्यतिमात्रै फरक हो । अरु केही होइन । फेरि तपाईं पनि मभन्दा के कम ? तपाईं सुन्दर हुनुहुन्छ । शुशील हुनुहुन्छ । धनसम्पत्तिको मालिक हुनुहुन्छ । अझैं, तपाईंहरु कै आँसुबाट बनेको पानी खाएर हामी बाँचेको छौं, अनि...? (सिक्रिमालाई एकोहोरो हेरिरहन्छ ।)

सिक्रिमा : (अचम्म मान्दै) होङछा ! (होङछालाई झकझकाउँदै) होङछा !

होङछा : (तर्सिन्दै) हँ ! (समालिन्दै) के भयो ?

सिक्रिमा : त्यै त के भयो भनेको ?

होङछा : (समालिन्दै) हँ ! मलाई के भो र ? केही पनि भएको छैन ।

सिक्रिमा : अनि किन यसरी मलाई हेरेर एकोहोरिनु भएको त ?

होङछा : त्यसै ...

सिक्रिमा : होङ्छा, तपाईंले मलाई ढाँट्दै हुनुहुन्छ । वास्तविक कुरा के हो ? दिल खोलर भन्नुहोस् । मैले सकेसम्म तपाईंलाई सहयोग गर्छु ।

होङछा : त्यस्तो केही होइन, सिक्रिमा । म त त्यत्तिकै कल्पनामा पो डुबेछु ।

सिक्रिमा : कस्तो कल्पना ? भन्नुहोस न त ।

होङछा : (समालिन्दै) त्यो कल्पनामा त तपाईं र म विवाह गरेर जीवन काटेको पो सम्झेछु । म त कस्तो है ? के के पो सम्झिन्दो रहेछु । तर, साँच्चै, के यो मेरो कल्पनामाझैं तपाईं र मबीच विवाह गरेर जूनी काट्नु सक्छौं ?

सिक्रिमा : (लजाउँदै) खै, यो कुरा म कसरी बताउँ ? यो त तपाईंमा नै भर पर्छ । यदि तपाईंले चाहेर साथ दिनु भयो भने हुनुसक्छ ।

होङ्छा : तर कसरी ? त्यसको उपाय बताउँनुहोस् न त ?

सिक्रिमा : ल सुन्नुहोस् यसको उपाय । यो समुद्रभित्र मेरो आपाको हिर ामोती जडित सुनैसुनको विशाल दरबार छ । हामी सपरिवार त्यही दरबारमा बस्छौं । तसर्थ, तपाईंले त्यही दरबारमा आएर मेरो आपासँग मलाई माग्नुहोस् । अनि आपाले दिनुभयो भने, तपाईंको कल्पनामाझैं हाम्रो विवाह भएर

जूनी काट्नु सक्छौं । तर, मेरो आपाले मलाई वाछिनेरी दिनु सक्ने केटासँग मात्र विवाह गरि दिने भन्नु भएको छ ।

होङ्छा : सिक्रिमा, म त गरिब हुँ । मसँग वाछिनेरी पनि छैन । फेरि, म यो समुद्रमा पौडिनु पनि जान्दिन । अब यस्तो अवस्थामा म के गरौं ?

सिक्रिमा : होङ्छा, यदि तपाईंले मलाई साँच्चिकै हृदयदेखि माया गर्नुहुन्छ भने, तपाईंले मेरो आपाको दरबारमा गएर आपासँग मेरो हात माग्नै पर्छ । तर, मेरो आपाको दरबार मा जाँदा समुद्रमा ह्वल्ला छाल आउँछ । त्यहीबेला समुद्रमा हाम फालेर त्यो छालसँगै तपाईं पौडिएर जानुहोस् । अनि दरबारमा पुगेपछि मेरो आपाको धेरै वाछिनेरीहरु मध्ये एउटा वाछिनेरी आपाले थाहा नपाउने गरी म तपाईंलाई दिन्छु । त्यो वाछिनेरी तपाईंले साथैमा राखेर मेरो आपासँग मेरो हात माग्नुहोस् । त्यो बेला मेरो आपाले बाछिनेरी दिनु सक्छौं ? भनेर तपाईंलाई सोध्नु हुन्छ । त्यही मौकामा मैले दिएको वाछिनेरी मेरो आपालाई दिदैं फेरि मेरो हात माग्नुहोस् । त्यो वाछिनेरी देख्नु भएपछि खुसी हुनुभएर आपाले मेरो हात तपाईंलाई दिनुहुन्छ । अनि तपाईंकै कल्पनाभैं हाम्रो विवाह हुन्छ ।

होङ्छा : (स्वीकारोक्तिमा) हुन्छ, सिक्रिमा । यदि हाम्रो विवाह पक्का हुन्छ भने म तपाईंले भनेभैं आपाको दरबारमा गएर आपासँग तपाईंको हात माग्छु ।

सिक्रिमा : ल हुन्छ । त्यसो भए, अहिले नै जाउँ हाम्रो दरबार, तयारी हुनुहोस् ।

होङ्छा : (स्वीकारोक्तिमा) हुन्छ, हुन्छ । म तयारीमा नै छु ।

सिक्रिमा : त्यसो भए, लु जाउँ त ।

होङ्छा : हुन्छ, जाउँ जाउँ । (दुवै जना समुद्रको छालसँगै हाम फालेर पौडिएर जान्छ । प्रकाश विस्तारै विलय हुन्छ ।)

(पर्दा खस्छ ।)

दृष्य : तेस्रो
स्थान : वाहोङको दरबार
समय : दिउँसो
पात्रहरु : वाहोङ, वाहोङमा, सिक्रिमा र होङ्छा

(समुद्रभित्र हिरामोती जडित सनैसुनको दरबार छ । त्यो दरबारमा वाहोङमाले दोलो बुनिरहेको छ । त्यहीबेलामा सिक्रिमा र होङ्छाको प्रवेश हुन्छ ।)

वाहोङमा : (अचम्म हुँदै उठेर) सिक्रिमा ! तिमी आई पुग्यौ ?

सिक्रिमा : जेऊ आमा ! आमा ! अनि चक्का खोई त ?

वाहोङमा : यतै कतै होला ।

सिक्रिमा : अनि आपा आउनु भाको छैन ?

वाहोङमा : अहँ, छैन । एकछिन पछि आउनु हुन्छ होला । (होङ्छातिर हेर्दै) अनि यो नानीचाहिँ को हो नि ?

सिक्रिमा : (अकमकिन्दै) आमा, उहाँ ऽऽऽ उहाँ ऽऽऽ ...

वाहोङमा : (टाउको हल्लाउँदै) ए ऽऽऽ ल ल । भैगो, भन्नु पर्दैन । मैले थाहा पाएँ ।

सिक्रिमा : के थाहा पाउँनु भो आमा ?

वाहोङमा : हाम्रो हुनेवाला मोक्छा होला, होइन त ? (स्वीकारोक्तिमा सिक्रिमाले टाउको हल्लाउँछ ।) अनि यो नानीको घर चाहिँ कहाँ होला ?

होङ्छा : (अप्ठ्यारो मान्दै) मेरो घर हेन्खामा हो, आमा ।

वाहोङमा : अनि घरमा को को हुनुहुन्छ, नानी ?

होङ्छा : म एक्लै छु, आमा ।

वाहोङ्मा : अनि आमा-आपा नि, नानी ?

होङ्छा : निनाम्मातिर जानुभयो, आमा ।

वाहोङ्मा : (अचम्म मान्दै) निनाम्मातिर ?

होङ्छा : जेऊ आमा, निनाम्मातिर ।

वाहोङ्मा : (शङ्का गर्दै) मतलब, तपाईं सृष्टिकर्ता सुम्निमा-पारुहोङको छोरा हो त ?

होङ्छा : जेऊ, आमा ।

सिक्रिमा : आमा, तपाईंको मोक्छालाई आपाको एउटा वाछिनरी दिन्छु ल ।

वाहोङ्मा : देउन त नि ! म के भन्छु र ?

सिक्रिमा : (वाछिनरी दिँदै) होङ्छा, मेरो आपाले वाछिनरी माग्नु भयो भने यो वाछेनरी नै दिनु ल ।

होङ्छा : (वाछेनरी समाउँदै) हुन्छ, सिक्रिमा ।

वाहोङ : (पार्श्वमा) होङ्मा ।

वाहोङ्मा : जेऊ आपा ! (उठेर बाहिर जाँदै) ऊ आपा आउनु भयो । (अत्तालिन्दै सिक्रिमाले होङ्छालाई गुन्द्रीभित्र लुकाउँछ ।)

वाहोङ : (वाहोङ्मासँग प्रवेश गर्दै) अनि के गर्दै छौ त, होङ्मा ?

वाहोङ्मा : यत्ति कै, आपा । तपाईंलाई नै दोलो बुनिदिँदै छु।

वाहोङ : ए, ल ल। स्यावास, स्यावास । (सिक्रिमातिर हेर्दै) अनि छोरी, तिमी ? तिमी किन आतेसमा छौ ? के भयो तिमीलाई ?

सिक्रिमा : केही भा'को छैन, आपा । मलाई ठीकै छ ।

वाहोङ : (शङ्का गर्दै) हन आज यहाँ को मन्ना आयो ? मन्ना-मन्ना गनाउँदै छ त ?

वाहोङ्मा : त्यस्तो त होइन होला, आपा । आज सिक्रिमा हेन्खामातिर घुम्नु गएको थियो । त्यहाँ कुनै मन्नासँग सिक्रिमाको भेट भयोहोला । त्यसैले त्यही मन्नाको गन्ध आएको होला नि !

वाहोङ : (यताउती हेर्दै) होइन ! तिमीहरुले मलाई ढाँट्दै छौ । पक्कै पनि यहाँ कोही मन्ना आएको हुनुपर्छ । (यताउति खोज्दै) खोइ कहाँ छ, त्यो मन्ना ? म त्यसलाई एकै गाँसमा खाइदिन्छु ।

सिक्रिमा : (आत्तिएर रुँदै) नाइ आपा ! यो मन्नालाई नखानुहोस् । बरु, तपाईंले जे भन्नुहुन्छ, म त्यही मान्छु ।

वाहोङ : त्यसो भए, ल ठीक छ । म तिमीहरुको मन्नालाई खान्न । तर, मलाई त्यो मन्नाचाहिँ देखाउ, कहाँ लुकाएको छौ ?

सिक्रिमा : (आँसु पुछ्दै वाहोङको छेउमा गएर) आपा, यदि त्यो मन्नालाई हामीले देखायौ भने तपाईंले त्यो मन्नालाई पक्का खानु हुन्न नि है ?

वाहोङ : अब तिमीहरु नै त्यो मन्नालाई नखाउ भन्छौ भने, खान्न । यो मेरो वाचा भयो । तर, त्यो मन्नालाई चाहिँ तिमीहरुले मेरो अगाडि हाजिर गराउनुपर्छ ।

सिक्रिमा : (आँसु पुछेर गुन्द्रीबाट होङ्छालाई निकालेर वाहोङको अगाडि लगेर) आपा उहाँ नै हो मन्ना । (होङ्छातिर हेर्दै) अनि होङ्छा (वाहोङतिर देखाउँदै) उहाँ नै हो हाम्रो आपा ।

होङ्छा : (शिर झुक्काएर) सेवा आपा !

वाहोङ : (अभिवादन फर्काउँदै) सेवा सेवा ! अनि तपाईं को हो ? किन मेरो दरबारमा आउनु भो ?

होङ्छा : (नम्र भएर) आपा, म सुम्निमा-पारुहोङको छोरा होङ्छा हुँ । म हजुरको छोरी सिक्रिमालाई मन पराउँछु । म सिक्रिमासँग विवाह गरेर जीवन विताउँनु चाहान्छु । त्यसैले हजुरहरुसमक्ष सिक्रिमाको हात माग्नु यहाँ आएको हुँ, हजुर ।

वाहोङ : मेरो छोरी सिक्रिमालाई विवाह गर्दा त वाछिनेरी चाहिन्छ । के सिक्रिमालाई वाछिनेरी दिनु सक्नु हुन्छ त ?

होङ्छा : सक्छु, हजुर ! (साथबाट वाछिनेरी निकालेर दिँदै) यी हजुर ! सिक्रिमाको लागि वाछिनेरी !

वाहोङ : (थमथमाउँदै) ल ठीक छ । त्यसो भए, यो वाछिनेरी पनि साथैमा र ाख्नुहोस्, पछि चाहिन्छ । (वाहोङ्मातिर

हेर्दै) होङमा, यो मन्नाले त वाछिनेरीसहित सिक्रिमाको हात पो माग्दै छ त, के गर्ने हो ?

वाहोङमा : को नि त ! म के भन्नु र ? अब आपा तपाईं नै हो ।

वाहोङ : होइन, अब आपा म भए पनि जन्म दिने आमा त तिमी नै हो नि ! त्यसैले तिमीलाई त सोध्नै पऱ्यो नि, कि कसो त ?

वाहोङमा : त्यो त हो आपा ! अब यो मन्ना भनेको सृष्टिकर्ता सुम्निमा-पारुहोङको छोरा हुनुहुन्छ । उहाँकै आमा-आपा सुम्निमा-पारुहोङले यो हेन्खामाको उत्पत्ति गराउँनुभएर यहाँ मानववस्ती बसाउँनुभएको हो । उहाँहरुले सुन, चाँदी, हिरा, मोतीको मान्छे बनाउँनुभएर होङ भनेर बोलाउँदा नबोलेपछि खरानीको मान्छे बनाउँनुभएको हो । तर त्यो मान्छे आधी पुरुष आधी महिलाको स्वरुप थियो । त्यो मान्छेको नाम बाखापोप्पी हो । फेरि उहाँहरुले नै सुप्तुलुङ, दोवा, इसामा, ताङ्लान, बोप्खा, सापाचा, थेत्वा, दोक, नङ्वादोङ आदि आदिको पनि सुरुवात गर्नु भएको हो । त्यसैले सुम्निमा-पारुहोङ त यो संसारकै सृष्टिकर्ता हुनुहुन्छ । अब त्यस्तो सृष्टिकर्ताको छोरा होङछालाई मोक्छा बनाउनु पाउनु भनेको पनि त हाम्रो भाग्य कै कुरा हो नि ! सबैले यस्तो मोक्छा कहाँ पाउछ र ? फेरि होङछा धनको धनी नभए पनि, मनको धनी त छ नि ! त्यसैले उनीहरुको मन मिलेको बेला विवाह गरिदिनु पर्छ ।

वाहोङ : ल ठीक छ । त्यसो भए, अहिले विवाहको टीका टालो गरिदिउँला । पछि छिनाफानाको ठूलो विवाह गरिदिउँला । (सिक्रिमा र होङछातिर हेर्दै) कि कसो पो हो ? (सिक्रिमा र होङछा लजाउँछ ।) ल होङमा, तिमी थालमा बत्ती चामल ल्याउ । म बेहुला-बेहुलीको लागि वस्ने ठाउँ बनाउँछु ।

वाहोङमा : भइ हाल्छ नि ! (भित्रबाट वाहोङमाले कासे थालमा बत्ती चामल ल्याएर राख्छ । वाहोङले राडीलावुङ ल्याएर ओछ्याउँछ । त्यो राडीलावुङ्माथि सिक्रिमा र होङछा बस्छ । वाहोङ र वाहोङमाले सिक्रिमा र होङछालाई टीका लगाइदिन्छ ।)

वाहोङ : (टीका लगाइदिएर एउटा साकेन्वालुङ ठोला-मानी, चौरीमिरी, सिलिमा र केही धन-सम्पत्ति दिँदै) सिक्रिमा र होङ्छा, अब तपाईंहरू कम्मारुङ-कप्पारुङ हुनुभयो । अब तपाईंहरूले हेन्खामामा गएर खेतीपाती गरेर बस्नुहोला । तपाईंहरूको शाखा-सन्तानहरुले हेन्खामा ढाकोस् । अनि, खेतीपाती लाउनेबेला र त्यो खेतीपातीको अन्नबाली भित्र्याइसक्नुभएपछि यो साकेन्वालुङलाई हेन्खामाको चोखो ठाउँमा गाडेर यो ठोला, मानी बजाउँदै यो चौरीमिरी, सिलिमा हल्ला( उँदै तपाईंहरूले खेतीपाती गर्दा जसरी-जसरी गर्नुभएको थियो, त्यसरी-त्यसरी साकेन्वासिली टिप्दै हामी र मोक्छाको आमाआपालाई सेवा गर्नू । त्यतिखेर हामीले हेन्खामामा पानी पारि दिएर तपाईंहरूले हाम्रो सेवा गर्नुभएको कुरा तपाईंहरूलाई जानकारी गराउँछौं ।

होङछा : (स्वीकारोक्तिमा टाउको हल( लाउँदै) हुन्छ, आमा । हुन्छ आपा । हामी हजुरहरुले भनेझैं गर्छौं । त्यसमा हजुरहरु ढुक्क हुनुहोस् ।

सिक्रिमा : (स्वीकारोक्तिमा टाउको हल( लाउँदै) हुन्छ, आमा । हुन्छ आपा । त्यसमा हजुरहरु ढुक्क हुनुहोस् ।

वाहोङ : ल ठिक छ । त्यसो भए, छा-मोक्छाको विवाहको खुसियालीमा सबै जनाले साकेन्वा सिली टिपेर रमाईलो गरौ ।

होङछा : (स्वीकारोक्तिमा टाउको हल्ला( उँदै) हुन्छ, हजुर भै हाल्छ नि ! (होङछाले ढोल बजाउँनु थाल्छ । सिक्रिमाले झ्याम्टा बजाउँनु थाल्छ । त्यो ढोल-झ्याम्टाको तालमा वाहोङ र वाहोङमाले सिली टिप्नु थाल्छ । वाहोङ र वाहोङमाको नेतृत्वमा त्यो सिलीमा सबै जना गोलबद्ध भएर नाच्नु थाल्छ। प्रकाश विस्तारै विलय हुन्छ।)

(पर्दा खस्छ।)

• syf

# बन्द कोठा

– हिराधन राई

कोठाहरु निकै वर्षदेखि बन्द छन्। ताल्चा खुलेको कहिल्यै प्रेमाले चाल पाएकी होइनन्। ऊ यो घरमा पहिलोदिन भित्रिंदा यसै गरी ताल्चा झुण्डिएको थियो। प्रेमा पाँच वर्षदेखि यो घरमा छे। तल ढोकामा ताल्चा मारिएको पाँचवर्ष भन्दा अगाडि नै होला।

घर दुईतले छ। जसमा आठ कोठा होला, प्रेमा अनुमान गर्छे। किनभने उनीहरुको प्रयोजनमा आइरेको दोश्रो तलामा एउटा ट्वाइलेट र अरु चार कोठा छन्। यसैबाट भूँइतलामा पनि चारै कोठा होला भन्ने अनुमान छ प्रेमाको।

मूल ढोकामा ताल्चा मारिएको छ। भित्र पस्न पाएको होइन। पहिले त प्रेमाले त्यति ध्यान पनि दिइनन्। वास्ता पनि गरिनन्। त्यो तलामा कतिकोठाहरु छन्? त्यहाँ के के राखिएको छ? त्यहाँको समान अफ्नै हो कि अरु कसैको? उनले विक्रान्तसँग सोधी खोजी पनि गरिनन्।

दोश्रो तलाको चार कोठामा एउटा किचेन, एउटामा वेड, एउटा बैठक र एउटा चाहिँ स्टोरमा प्रयोग हुँदैछ।

उनीहरुको लागि यति कोठा यथेष्ट छ। पाहुना लाग्दैन यो घरमा। पूरा पाँच वर्षसम्म वास बस्दा कोही पाहुना आएको चाल छैन प्रेमालाई। कहिलेकाहीँ विक्रान्तको आफन्तजस्तो बाबु आमा, दाजुभाई, दिदी बहिनी कोही पनि छैनन् होला सम्झन्छे प्रेमा। कहिले पनि यी आफन्तको विषयमा उनीहरु बीचमा कुराकानी भएको छैन र प्रेमाले पनि सोधेकी छैनन्। कि( नभने चाहिने सामान सबै छ। ग्यास, कुकर, दराज, डाइनीङ्ग टेवल, कुर्सीहरु। वैठकमा महँगो गलैंचा विछ्याइएको छ। त्यसमा सोफा, टेवल फोन, टि.भी., भि.सी.आर. र कम्प्यूटर। र राम्रा-राम्रा दराज यथास्थानमा राखिएका छन्। दराजमा पुस्तकदेखि लिएर महङ्गा पेय पदार्थ रेड लेवल, ब्ल्याक लेवलका भरि शिशीहरु सजाइएका छन्। यी सबै विदेशी मदिराका बोतलहरु हुन्। मूल्यवान् पेन्टिङ्गहरु भित्तामा जतनसाथ सजाइएको छ। बीचमा विक्रान्तको फोटो फ्रेममा सजिएको छ। छेवैमा प्रेमाको फोटो पनि राखिएको छ। नयाँ आउनेहरुले यिनीहरु मिल्दा जोडी हुन भनेर सिधै सम्झने छन्।

'आउनुभन्दा अगाडि यो स्थानमा कसैको अर्को फोटो हुनसक्छ' प्रेमालाई यस्तो लाग्छ तर विक्रान्तसँग सोधखोज आजसम्म गरेकी छैनन् उनले। प्रेमाले पहिलोचोटि देख्दा उनीहरु दुवैको फोटो देखेकी थिइन्। फोटोमा विक्रान्त मुस्कुराई रहेको। बाक्लो छोटो जुँगाले व्यक्तित्वमा शालिनता थपिएको महसुस गरेकी थिइन् उनले। र, आफ्नै फोटो पनि कम सुन्दर देखिनन्। प्रेमा भित्रभित्रै खुसी भएकी थिइन् र आनन्दले नाचुँनाचुँ लागेको थियो उनलाई।

यो घरमा भित्रिए पछि डान्स रेष्टुर ाबाहेक सारा विगत भूलेकी थिइन् प्रेमाले। हिजोको संकट अभाव, गरिबी र जिउनको लागि गरिएको अथक प्रयास र सङ्घर्ष सबै बिर्सिएकी थिइन्। हिजो जिउने क्रममा गरि एका कति लेनदेन र कति झूठा आश्वासन, विश्वास र समर्पणका नाटकरु सबै विस्मृत बनिसकेका थिए। अरु त के रत्नाजस्ती दिल भित्रकी साथीलाई पनि दीलबाट टपक्क टिपेर टाढा कतै फ्याँकिसकेकी थिइन्।

डान्स रेष्टुरेन्टचाहिँ प्रेमाले भूल्न सकिरहेकी छैनन् । भूल्न नसक्नुको एउटा कारण विक्रान्तसँगको भेट । त्यही डान्स रेष्टुरेन्ट जहाँ मध्यरातमा पारदर्शी कपडाले सजिएर नाच्ने गर्थिन् प्रेमा । उनको नृत्य र डान्सफ्लोरले विक्रान्तसँग भेट गरायो । उनको दिमागमा त्यो रातको याद ताजा नै छ ।

प्रेमा नृत्य सिध्याएर कपडा बदल्दै थिइन्, अचानक क्याविनको ढोकामा विक्रान्त उभियो । अग्लो कद, हँसिलो मुहार, परिपक्वको लोग्ने मानिस । "तपाईं ऽ ऽ ऽ" प्रमा हडवडाइ- "यहाँ किन आउनु भो ?" विक्रान्त गम्भीर थियो उसले भन्यो - "तिमीप्रति मेरो सहानुभूति छ ।" उसको आवाज आकर्षक लाग्यो प्रेमालाई ।

"धन्यवाद..... अव जान सक्नुहुन्छ ....।" विक्रान्त मुस्कुरायो । प्रेमालाई विक्रान्तको मुस्कुराई अति आकर्षक लाग्यो ।

"तर .... तपाइँ त एक्लै हुनुहुन्छ ..... ।" प्रेमाले शिरदेखि पाउसम्म हेरी ।

"हो .... तत्काल एक्लै छु तर भरे एक्लो हुन्न ....।"

"कसरी ?" प्रेमाले आँखा कर्के पारी ।

"प्रेमा ! म तिमीलाई यो सभ्य र सभ्रान्त भनाउदाहरुको यो फोहर दलदलबाट बचाउन चाहन्छु .....।"

विक्रान्तको मुहारको रङ्ग बदलियो ऊ भावुक बन्दै गयो ।

"किन ?" प्रेमाले सोधी

"किनभने तिमी सुन्दर छ्यौ । राम्री छ्यौ । तिम्रो यो मुहार चन्द्रमासमान छ । तिम्रो शरीर सिङ्गमरमरद्वारा निर्मित सुन्दर मूर्तिसमान छ । तिम्रो अगाडि स्वर्गका अप्सराहरु पनि जिल्ल पर्छन् । यस्तो तिम्रो अप्रतिम सुन्दरतामा पूरै स्वार्थीहरुले स्वार्थ मिसाएका छन् । तिमीलाई निरन्तर विक्री गरिरहेका छन् । तिमी प्रतिक्षण बेचिँदै छ्यौ । चारैतर्फ डँडेलो सल्किरहेको छ, बीचमा अञ्जान सुनाखरी लर्किएको छ । सुनाखरीलाई कति पनि डँडेलोको आभास भएको छैन । त्यो सल्कँदो डँडेलोले केही क्षणमा सुनाखरीलाई जलाउने छ । जलिसकेपछि सुनाखरीको सुन्दर ताको केही महत्व रहन्छ र ? प्रेमा ! तिमी त्यस्तै अवस्थमा छ्यौ । डँडेलो बनेर यी सभ्रान्तहरु त्यो रात्री जीवनमा रमाउनेहरुले सुनाखरीलाई जस्तै तिमीलाई पनि जलाउने छ । डँडेलेको आभास दिँदै छु तिमीलाई, आउ.....। विक्रान्तले दुवै हात अगाडि बढायो - "हो, साँच्ची नै म त्यो भयावह स्थितिबाट तिमीलाई बचाउँछु । प्रेमा बाँच्नको लागि नाच्न पर्दैन । म तिमीलाई जिउने नयाँ तरिका सिकाउँछु । आनन्द र आरामको संसारमा लैजान्छु ........।"

विक्रान्तको आवाज कोठामा गुञ्जिरह्यो । प्रेमाको जीवनमा आजभन्दा अगाडि कसैले पनि यस्तो मिठो प्रशंसा गरेको थिएन । उनको सुन्दरताको यस्तो बयान पनि सुनिएको थिएन । जो आउँथे, तिनीहरु हतारिएका हुन्थे, भोको व्वाँसोसमान झम्टन्थे । तिनीहरुले ऊभित्रको शान्ति सँधै खलबल्याई दिन्थे । आफ्नो स्वार्थ पूरा गरिसकेपछि तिनीहरु खुरुक्क हिँड्थे । न त्यहाँ प्रेम न अपनत्व न आश्वासन न आनन्दका रङ्गीन क्षणहरु नै हुन्थे । प्रेमा जे चाहन्थी अहिले त्यही मिलिरहेको थियो । उनी विक्रान्तको अवाजमा मोहित बन्दै गईन् । बीनको धूनमा लठ्ठिएको सर्पजस्तै लठ्ठिदै गईन् । खुसीसाथ प्रेमाले बाटो बदलिन् । त्यो बाटोले कहाँ पुऱ्याउने हो त्यसको परिणाम भने उनले सोचिनन् ।

डान्स रेष्टुरेन्टको डान्सबाट बाहिरिइन् । प्रेमाले व्वाँसाहरुबाट आफू सुरक्षित भएको महसुस गरिन् ।

× × × ×

"मैया ! बाबु सा'व घरमा हुनुहुन्न ?"

छिमेकी तामाङ्गनी दिदी छेउमा आइन् र मेचमा बसिन् । प्रेमा वरण्डामा घाम ताप्दै स्वीटर बुन्दै थिईन् ।

"वहाँ त अस्तिदेखि नै हुनुहुन्न ........।"

प्रेमाले बुन्दै गरेको स्वीटर थन्क्याइन् ।

"कता जानुभयो ?"

खोइ केही टुङ्गो नै हुँदैन । पूर्व जान्छु भन्नु भयो भने पश्चिम- पश्चिम भने पूर्व । मैले त यतिका वर्षसम्म पनि बुझ्न सकेकी छैन वहाँलाई । किन सोध्नु भयो दिदी ?"

प्रेमाको मुहारमा दिक्दारी देखियो ।

"हिजो मध्य राततिर.... केही चाल पाउनु भएन ? उल्टै सोधिन् दिदीले ।

"के भयो र दिदी ? मैले त केही चाल पाइनँ.....।" प्रेमाको मुहारमा अनेक शङ्का उपशङ्काका रङ्गहरु छरपस्ट भए ।

तामाङ्गनी दिदीको नजर वरपर मोडियो। निकै चनाखो देखिइन् । विस्तारै भन्न लागिन् - "रातको एक दुई बजेको होला, तपाईहरुको भूँइतलामा केही चाल गरेझैं लागेको ....... ।"

"के रे दिदी !" प्रेमा शसंकित बनी । मुटुको गति तीब्र बन्न लाग्यो ।

"सडकमा गाडी घर्रर... घर्रर गऱ्यो । केही छिनपछि छ सात जना मानिसहरु यता आएझैं लाग्यो । ढोका खोलेको आवाज सुनियो । भित्र कोठामा ठाकठुक भएको आवाज पनि आयो । अनि केही समयपछि ढोका बन्द गरेको आवाज र कोही विस्तारै बोलेको पनि सुनें, भन्दै थियो होसियार ! है होसियार ! कसैले चाल नपाओस् .....।"

"परबाट हवस् सा'प भनेको सुनें । विहान केही खुलदुल होला भनेर यसो यताउता हेरें तर सबैतिर चुपचाप । अहिले तपाईंलाई सोधुँ भनेर आकी । त्यो कोठाहरुमा त तपाईंहरुकै सामन होलान् । त्यो सामान पक्कै चोरी भएको छ है वैनी ! बाबु आउनासाथ खोज खवर गर्नुहोस् .....।"

प्रेमाको अनुहार कालो निलो बन्यो - "खोइ ती कोठाहरुमा हाम्रो सामान छ जस्तो त लागेको छैन । वहाँले कहिले पनि कोठा र सामानको कुनै कुरा नै गर्नुभएको छैन र मैले आजसम्म सोधेकी पनि छैन ......।"

"लौ होस गर्नुहोस् है टोलमा केही नहोस्, मत लागें ।"

तामाङ्गनी दिदी बाटो लागिन् । उनको कोठा र उनीहरुको घर छ सात मिटरको दुरीमा अवस्थित थियो ।

"मध्यरातमा हिँड्ने को होला ? किन कोठाहरु खोले ? यी कोठाहरुमा हाम्रो सामान नभए अरु कसको होला ? अरुको भए आफ्नो सामान लिन दिनमा नआएर रातमा किन आए ?"

खुर्रर भूइँ तलामा ओर्लेर मूल ढोकाको बन्द ताल्चा भाँची दिएर सबै कोठाहरुलाई केलाई-केलाई हेरुँ जास्तो लाग्यो । तर ताल्चा भाँच्ने सीप र आँट कहाँ थियो र प्रेमासँग ।

सामान कसैको होस्, तर चोरी भएको नै निस्कर्षमा पुगी प्रेमा । बैठकमा टिर्रर फोनको घण्टी बज्यो ।

"हेलो ऽऽऽ ।" प्रेमाले फोन उठाई ।

"विक्रान्त हुनुहुन्छ ?" उताबाट अपरिचित लाग्ने मानिसको आवाज प्रेमाको का( नमा गुञ्जियो ।

"वहाँ तीन दिनदेखि घरमा हुनुहुन्न, हजुर को बोल्नु भाको ?"

"विक्रान्तलाई भनि दिनुहोला, सांसदको फोन आथ्यो भनेर ......।"

"तपाईं ऽ सांसद ऽ हजुरको शुभनाम ?"

सम्बन्ध विच्छेद भयो ।

"को सांसद ? किन सांसदले फोन गरे ? किन नाम बताउन चाहेन ?" अर्को खुलदुली चल्यो प्रेमाको दिमागमा ।

हिजो आज प्रेमाको दिमाग प्रश्नै प्रश्नको खातले भरिएको छ । प्रत्येक प्रश्नको साथमा

नसुल्झने रहस्यहरु उपस्थित हुन्छन्। दिमागमा माकुराले जाल फैलाउँदै छ तर प्रेमा केही गर्न सक्तिनन्। जति जाल छ त्यो जाल समेत च्यात्न सक्तिनन्। विवश छे प्रेमा, आफूलाई माकुरोको जालमा फसेको किराजस्तै महसुस गर्न लाग्छे। दिमाग केले खाइरहेको छ शान्ति भागेको छ। एक्लोपनमा सायद दिमागमा यस्तै अनिष्टकारी कुराहरु खेल्दो हो। आफूलाई सम्हाल्ने प्रयास गर्छे प्रेमा।

"डार्लिङ्ग ............।"

विक्रान्त सामुन्ने आएको छ। आफ्ना सामु आफूलाई माया गर्ने मानिसको उपस्थितिले पनि प्रेमामा सहजता ल्याउन सकेको छैन।

"किन ट्वाल्ल परेकी ? ......."

विक्रान्त उनलाई अँगालोमा बेर्छ। निधारमा चुप्पा गर्छ। सोफामा आफूसँगै टसाएर बसाउँछ।

विक्रान्तको स्पर्षले र मायाले प्रेमा यथास्थितिमा फिर्छे। ऊ सम्झन लाग्छे -"यो मानिस लोग्ने हो कि साथी ? लाग्ने भनौ भने विवाहको कुनै वैधानिकता पूरा गरि एको छैन। साथी भनौ भने लोग्ने स्वास्नीको सम्बन्धभन्दा बाहिर पनि होइन। एउटा ओछ्यान, माया, प्रेम र पिरतीका कुराहरु। शारीरिक तृष्णा र भोक मेटाइका एकै प्रकारका उच्छ्वासहरु। तर पनि वैवाहिक सम्बन्धको न कानूनी तरिका न रीतिरिवाज पूरा .....।

"के सोचेकी ?" विक्रान्तको आँगालो खोकुलिँदै थियो।

"तामाङ्गनी दिदीले भन्नुभएको अस्तिको रात पाँच-सात जना मानिसहरुले हाम्रो भुइँतलाको कोठाहरु खेलेर सामान गाडीमा लगाएर गएरे.... त्यहाँ हाम्रो सामान छ ?"

विक्रान्त चुपचाप प्रेमालाई नियाल्दै थियो।

"भन्नुहोस् न त्यहाँ के के सामानहरु छन् ? खाली त पक्कै छैन होला ?"

तिमीलेचाहिँ सुनिनौ ? विक्रान्तले उल्टै प्रश्न गऱ्यो।

"म त मस्त निदाएछु ......।"

"सालेहरु आफ्नै सामान भए पनि दिन थिएन र रातमा लाने ?"

विक्रान्त गनगनियो।

"कसका सामान थिए ?"

"झापातिरको केटाहरुको सामान थियो।"

"किन राखेको त ?"

"कल्ले खाख्यो ?" विक्रान्त अलिक झर्कियो "बदमासहरु भाडा तिर्नुपर्छ भनेर रातमा लगेछन् ....।"

प्रेमाको मन छ्याङ्ग भयो। एक मनमा विक्रान्तप्रतिको विश्वास गाढा बन्यो। तर अर्को मन भने दुख्दै थियो। यसरी कति दिनसम्म बस्ने विक्रान्तसँग उसको रखैल बनेर ?

प्रेमाको मनमा अनेक उत्तारचढाव हुन लाग्यो। तर पनि बातचितको सिलसिला कायम राखी - "फोन आथ्यो .....।"

"कस्को ?"

"खोइ सांसद हुँ भन्थ्यो। नाम पनि बताएन। विक्रान्तलाई भनिदिनु भन्थ्यो।"

विक्रान्तको मुहारमा ओझेल पऱ्यो। निधार खुम्चियो। स-साना पसिनाको बूँद निधारमा टल्पलायो।

"मैले भनेको मान्नु हुन्न, तपाईं भने घरबाट हिँडेपछि फर्कने नामै लिनुहुन्न। आफू भने एक्लै कस्तो बोर हुन्छ ......।"

"अब केही प्रतिक्षा गर। बोरिङ्ग फिल समाप्त पार्ने योजना बनाउँदै छु। अनुकूल समय मिल्नासाथ योजना पूरा हुनेछ ......।"

"कस्तो योजना ?" प्रेमाले विक्रान्तलाई हेरी। हेराइमा आशा भरोसा र विश्वास झल्कन्थ्यो। फेरि विक्रान्तले प्रेमालाई आँगालोमा बाँध्यो - "मेरा इष्टमित्रहरु सबैलाई निम्ता दिएर कुनै मन्दिरमा वहाँहरुको सामुन्ने

तिम्रो सिउँदो सिन्दूरले रङ्गाउँछु । 'अनि .... के भने....' विक्रान्त रोमान्टिक बन्न लाग्यो । "अनि हाम्रा बच्चाहरु हुनेछन् । तिमी बच्चाहरुसँग रमाएर दिन बिताउने छ्यौ .....।"

निधारमा चुप्पा गर्‍यो विक्रान्तले ।

प्रेमालाई कताकता असिम आनन्दले काउकुती लाग्यो । आफूभित्र मातृत्वको असिम प्यास जाग्यो । अचानक काखमा सुन्दर बच्चा खेलिरहेको अनुभूति भयो उनलाई ।

"भो ! ती कुरामा मलाई विश्वास छैन । बरु मुनिका कोठाहरु कुनै परिवारवालालाई भाडामा दिउँ । कोही बसे मलाई पनि साथी हुने .....।"

"किन विश्वास लाग्दैन ? तिमीमा आमा बन्ने क्षमता छैन र ? म बाबु बन्न लायक छु र तिमी आमा बन्न सक्षम छ्यौ । कोठाहरु पनि भाडामा नदिने होइन उचित परिवार वाला आएमा भाडामा दिनुपर्छ । तर जस्तो तस्तोलाई दिउँ भने उही मध्यरातमा समान उठाएर टाप कस्छन् ....।" विक्रान्तको अँगालो कसिँदै गयो ।

"मलाई विश्वास गर प्रेमा म तिमीलाई धोका दिन्न । तिमीले पनि मेरो विश्वासमा घात गर्नुहुँदैन । तिमी त मेरो जीवनाकाशको जून हौ, जो सँधै मेरो जीवनमा उदाइरहनु पर्छ .....।"

प्रेमाले विक्रान्तको मुहार नियाली तर उसको मुहारमा बनावटी भावुकता खेलिरहेभैँ लाग्यो उनलाई ।

"म त बुझ्नै नसक्ने भएँ । के साह्रो माकुराको जाल झैं बन्नु भाको ?" प्रेमाले गुनासो गरिन् ।

"ल ऽ ऽ ऽ म कसरी बुझ्न नसक्ने भएँ ? म गोप्य त छैन नि ? तिम्रो अगाडि सर्वाङ्ग खडा छैन र म ? ल चारैतिरबाट हेर । मलाई अझ तल र माथिबाट पनि हेर्न सक्छौ ....।"

दुवै हाँसे । वातावरणमा रसरङ्ग घोलियो । विक्रान्तले प्रेमालाई उठाएर बेडरुमतर्फ लग्यो ।

× × × ×

विहानै दश बाह्र जना केटाहरु आए । सबैभन्दा अगाडिको केटा सायद हुलको नाइके होला - "नमस्कार म्याडम.." भन्यो । प्रेमाले सबैको मुहार नियाली । पोशाक हेरी । सबै केटाहरु कुण्डले थिए । ठाउँ-ठाउँमा च्यातेका जिन्स पाइन्ट र भेस्ट लगाएका थिए । सबैको वस्त्र एकैप्रकारको थियो । सबैको आँखा भालुको झैं राता देखिन्थे ।

"विक्रान्त दादा हुनुहुन्न ?" यो सोधाइ पहिलो केटाको थियो ।

विक्रान्त हप्ता दिनअगाडि पश्चिमको एकदुई ठाउँ पुग्नु छ भन्दै घरबाट हिँडेको थियो । उस्ले पुग्नु पर्ने ठाउँको नामसम्म बताएको थिएन ।

"वहाँ त हप्ता दिनअगाडि घरबाट हिँड्नु भएको -"

"कता जान्छु भन्नुहुन्थ्यो ?"

"पश्चिमतिर जाने काम छ भन्नुहुन्थ्यो ?"

"मन्त्रीज्यूलाई के भन्ने" बीचको केटा बोल्दै थियो ।

"पश्चिम लाग्नु भो भने हाम्रो काम भयो । सांसद पनि उतै हुनुहुन्छ । यही कुरा मन्त्रीज्यूलाई बताउने । ल त हामी लाग्यौं - म्याडम नमस्कार ....।"

पहिलो केटाले साथीहरुलाई सम्झायो र विदा भएर सबै हिँडे । प्रेमाले तिनीहरुलाई सडकको कुइनेटासम्म हेरिरहिन् । मनभरि अनेक तर्कनाहरु खेल्न लागे ।

यिनीहरु विक्रान्तका साथीहरु त होइनन् ? होइन भने किन आए यिनीहरु ? के काम छ वहाँसँग ? हेर्दा वदमासजस्ता देखिन्छन् कुरा गर्छन मन्त्रीको, सांसदको । कतै यिनीहरु मन्त्री र सांसदको चम्चा त होइनन् ? विक्रान्त किन यसरी गायव हुन्छ ? सांसदको खोजी र

ती केटाहरुले हाम्रो काम बन्यो भन्छन् के काम बन्यो ? पश्चिममा के काम छ ? पश्चिममा विक्रान्तको सांसदसँग किन भेट हुन्छ ? प्रेमाको मनमा शङ्कैशङ्काको बादल मडारिन थाल्यो। पक्कै पनि विक्रान्त र यिनीहरुबीचमा कुनै गुप्त काम छ । विक्रान्त उही गुप्त कामको सिलसिलामा नै दिन दिन गायव हुन्छ ।

फोनको घण्टी बज्यो । प्रेमाको दिमागी तरङ्ग टुट्यो ।

"हेलो ऽ ।" प्रेमाले फोन उठाई ।

"हेलो ऽ प्रेमा ! म विक्रान्त बोल्दै छु" - विक्रान्त अलिक हडवडाएको थियो ।

"मैले भर्खरै खवर पाएँ अलिक अनिष्ट आइपर्दै छ हामीमाथि ।" प्रेमाको शरीरमा काँडा पलाए जस्तौ महसुस भयो, अनिष्ट भन्ने शब्दले । विक्रान्त बोल्दै थियो - "ति( मीले साँच्ची नै भनेकी रहिछ्यौ हाम्रो घर को भूँइ तलाको कोठामा एउटा गिरोहले अवैध सामान राखेको रहेछ । हाम्रो घरको खानतलास हुँदै छ रे जतिसक्दो चाँडो तिमी घरबाट बाहिर निक्ल । सेफको चावी दर ाजमा छ। सेफमा रहेको सुनका गहनाहरु र भएको नगद लिएर घर छोड। अहिले भाग्नुमा नै हाम्रो कल्याण छ। ट्याक्सी मगाएर सिधै बसपार्क आऊ र कुनै पूर्व जाने बसमा चढ। म कहीँ पनि तिमीलाई लिन आउँछु ।"

विक्रान्त छिटोछिटो बोल्दै थियो । प्रेमाको शङ्का सही सावित हुँदै थियो ।

"हामीले राखेको होइन त किन भाग्नु पर्ने ?"

"उताबाट आवाज आयो - "अहिले बहस गर्ने समय होइन त्यो सामानमा सांसद र मन्त्रीको पनि भाग छ रे भागबण्डा नमिल्दा .....।"

सम्बन्ध टुट्यो ।

प्रेमाले रिसिभरलाई केही क्षाण हेररि हिन "मन्त्री र सांसदको भागवण्डा ! ......" प्रेमालाई चक्कर लाग्लाजस्तो भयो ।

प्रेमाले सेफ खोली । थुप्रै बण्डल नोट र सुनका गरगहनाहरु जीवनमा चाहना राखेको तर देख्नसम्म नपाएको देख्दा आँखा विस्फारित भयो। मनमा एकप्रकारको सन्तोष पैदा भयो। उनले सात बण्डल नोट र पचास तोला जति सुनको गहना ब्रिफकेसमा राखिन्। विक्रान्तसँगै भित्तामा टालिएको फोटो पनि उतरिन्। उनको कपडाहरुसँगै पट्याएर एकै ठाउँ पारिन्। त्यो पनि ब्रिफकेशमा थन्क्याइन्। एकपटक कोठाभरि नजर घुमाइन्। त्यहाँ उनको केही सामान बाँकी रहेको थिएन । यो कोठामा प्रेमा पूरै आफूलाई मेट्न चाहन्थिन्। उनले सोचिन्, यो बाटोको पनि अन्त्य भइसकेको छ। अब ज्यून केही बाँकी छ। अब अर्को बाटोको आवश्यकता छ। ड्रग्स्, रक्तचन्दन, बहुमूल्य मूर्ति, जाली नोट वा कुनै अबैध गोप्य सम्झौताको कागजपत्र, प्रेमाले सम्झिन घरका बन्द कोठाहरु यिनै सामानहरुले भरिएका होलान्। यी अबैध सामानहरुमा विक्रान्तको मुहारको झल्को प्रेमाले देखिन्। पिच्च सडकमा थुकिन्।

प्रेमा बसपार्कमा पुगिन् । गाडीहरुको लाइन लागेको थियो । मनमा मीठा नमीठा यादहरु बग्रेल्ती खेलिरहेका थिए । डान्स रेस्टुरेण्टको डान्स फ्लोरमा नाचिरहेकी प्रेमा, बन्द कोठाहरुबाट तर्सदै भागि रहेकी प्रेमा अहिले दाहिने हातमा ब्रिफकेश छ मुहार शान्त, मुहार मा भयत्रास वा पश्चातापजन्य केही रङ्गहरु छैनन्। विवाह, बच्चा, प्रेम सबै नजरबाट हर ाए। यो सबै विक्रान्तको बहानामात्र थियो केबल उनलाई भोग्ने बहाना ।

यथार्थ बुझिसकेकी थिइन् प्रेमाले उनी निर्धक्क गाडीमा चढिन् । सिटमा बसिन ब्रिफकेशमा नै उनको नजर केन्द्रित थियो । ओठमा रसिलो मुस्कान, आँखामा सपना पूरा भएको सन्तोषको चमक । बन्द कोठाहरुबाट उनले अर्को जिउने बाटो पाएकी थिइन्।

सर्रर कोशीको चिसो बतास गाडीभित्र छिर्‍यो र प्रेमाको केशसँग जिस्कन लाग्यो ।

गाडी पश्चिमतर्फ हुँइकदै गयो । ●

# सशक्तीकरण र स्वतन्त्रताका बिगुल : राम विनयका कृतिहरू

**– अतीन्द्र दाहाल**

राम विनय, साहित्य सन्ध्याका वर्तमान अध्यक्ष, नेपाली साहित्य जगतका एक अग्रज हस्ती र अनुकरणिय व्यक्तित्व हुन् । विभिन्न प्रकारका पेशागत तथा सामाजिक कार्यमा आफ्नो समयलाई सृजनात्मक रूपमा खर्च गर्दै आउँदा उनले एउटा विशाल अनुभव र दक्षताको धरोहरको रूपमा आफूलाई उभ्याउन सफल भएका छन् । साधरण जीवन शैली, स्पष्ट वक्ता र दृढ विचार, प्रगति र प्रयोगवादी साहित्यिक चिन्तन बोक्ने र तिनलाई चरितार्थ समेत गरेर देखाउन सफल भएका विनयको अनुशासन र punctuality आजका सबै मानवले सफलताका लागि उच्च महत्त्व र प्राथमिकताका साथ अनुग्रहण गर्नु पर्ने पक्षहरू हुन् ।

अन्य क्षेत्रहरू जस्तै, साहित्य जगत्ले पनि उनका सशक्त विचार र भावनाहरू वोकेका थुप्रै सृजनाहरू प्राप्त गर्ने सौभाग्य पाइसकेको छ । अन्य विशेष जिम्मेवारी, बढ्दो उमेर र साहित्य सृजना अनि लगावप्रति विशाल समुदायको घट्दो प्रेमका बाबजुद पनि उनले आफ्नो साहित्यिक नियम र सृजनालाई निरन्तरता दिँदै आएका छन् । २०४५ सालमा 'सृजनाका स्वरहरू' कविताबाट सुरु भएको औपचारिक प्रकाशनयात्रा २०६५ सम्म आउँदा 'टापुमा तैरिँदा' भन्ने यात्रा स्मरणसँगै अगाडि बढि रहेको छ, नयाँ नयाँ उर्जा र प्रयोगका कोणहरू सहित । यसबीचमा उनका अन्य कृतिहरू पनि पाठकबीच पुगिसकेका छन् ।

साहित्य सिर्जनामा लामो समय बित(ाएका विनयले निरङ्कुशताको अवस्थामा त्यसका विरुद्ध नागरिक स्वतन्त्रता(लाई वढीजसो उठाएको देखिन्छ । नागरिक स्वतन्त्रता, अन्याय र अत्याचार बिरुद्धका आवाजहरू उनका रचनाका प्रमुख सन्देशहरू भएका छन् । तानाशाहको चुङ्गुलबाट देश र जनताको मुक्तिका लागि चेतना सञ्चार गर्ने सशक्त खबरगृह भएर उभिएका छन् उनका सृजना । त्यसै गरी प्रजातन्त्रपछि र ाजनीतिकसँगै सामाजिक, न्यायिक, विचार गत, शैक्षिक विकास स्वतन्त्रता जस्ता कुर ाहरूमा समेत उनका सिर्जनाले भाव सम्प्रेषण गरेका छन् । शासकीय परिवर्तनसँगै स्वत(न्त्रताका मोड र स्वरूपमा हुनु पर्ने परि वर्तनलाई समेत आत्मसात गरेका छन् उनका कृतिहरूले । समग्रमा राम विनय एक प्रगतिवादी, अस्तित्ववादी, अग्रगामी विचार भएका साहित्यकार हुन् भन्ने प्रष्ट वोल्दछन उनका कृतिहरूले । तिनीहरू विनयको जीवन आदर्श र विचारको स्पष्ट वक्ताका रूपमा उभिएका छन् र विनय सशक्तीकरण र स्वतन्त्रताका होनहार पक्षधर भएको कुरा प्रस्ट पारि रहन्छन् । व्यक्तिगत, समूहगत, पारिवारिकदेखि राष्ट्र तहसम्म हुनु पर्ने सशक्तीकरणलाई र स्वतन्त्रतालाई उनका सृजनाहरूले स्थान र आवाज दिएका छन् । ती भावनाहरू सुषुप्त रूपमा धेरै ठाउँमा प्रस्फुटित भएका छन् । स्वतन्त्रताको स्वर बुलन्द गर्ने उनको योजना र दृढ इच्छा निकै पुरानो समयदेखि साहित्य सिर्जनामार्फत्

उजागर हुँदै आएको छ ।

"कठ्याङ्ग्रिने जाडोमा सेरिएका हाम्रा अत्माहरू,

फुक्ने आशामा टोलाइ रहन्छ चौतर्फको वन्धनदेखि " ( म आएको छु : १०) ले नेपाली जनताको पूर्ण स्वतन्त्रताको सुषुप्त चेतनालाई स्थान दिएको छ । चौतर्फी बन्धन तोडेर स्वतन्त्र हुने इच्छा सञ्चारित छ उनका प्रस्तुतिहरूमा । उनी स्वतन्त्रतासँगै समाजको सशक्तीकरणमा उत्तिकै विचार प्रवाह गराउने स्रष्टा हुन् । सम्पूर्ण राष्ट्र र राष्ट्रवादीहरूको सशक्तीकरणको लागि मनोवल र उत्प्रेरणा प्रदान गर्ने खालका विचारहरूलाई उनले आफ्ना कृतिहरूमार्फत् सम्प्रेषण गरेका छन् ।

"तिमी कति सडिरहन्छौ ?

मिल्काइ देऊ कमजोर विचारहरू,

त्यो काँतर मनलाई दृढ बनाउँदै

एउटा बाँच्ने उपाय सोचेर,

आऊ खनौँ यो हाम्रो बाटोमा अर्घेला भई उभिएका अप्ठ्यारा पहाडहरूलाई

काटिदेउ टुक्राटुक्रा पारेर ती चट्टाने भिर पहाडलाई खेतबारी बनाउन सम्याउने गर ी" (म.......२०)

जस्ता उनका शब्द र प्रस्तुतिहरूले चट्टान र पाहाडरूपी अजङ्ग र शक्तिशाली तानाशाह र क्रूरताका प्रतीकका रूपमा जनतामाथि निर्ममता लादिरहेकाहरूलाई काटिदिने र सम्म खेतबारी जस्तै अथवा बाँकी जनतासमान बनाउने स्वर बुलन्द गरेका छन् । ती चट्टान तोडिएपछि त्यहाँ कठोरहरू बाँकी हुँदैनन्, पहाडहरू तोडिएपछि अग्ला र होचाबीचको हेराइ र भेदभाव पनि समाप्त हुनेछ । त्यसैले स्वतन्त्रता र समानताको लागि बिगुल हुन् उनका यस्ता भावनाहरू ।

स्वतन्त्रता महान् लक्ष्य र सभ्य समा( जको एउटा बहुप्रतिक्षित उपलब्धि हो । त्यसलाई भेट्न सौर्यशक्तिको रूपमा आफू उदाउने भावना व्यक्त गरिएका छन् उनका कृतिहरूमा । "म एक महान् फड्को मारेर आइरहेछु बिहानीको घाम भएर लम्किरहेछु महान लक्ष्यको वाटोमा हिँडिरहेछु" (२६) भन्दै सूर्यजस्तै ताप दिँदै अरुलाई सक्षम बनाउन, अरुका खातिर आफू लागिरहेको तथ्य पनि उजागर गरेका छन् जसले आफू इतरकाहरूका समृद्धिका लागि काम गर्ने विनयको स्वभाव बोलेको स्पष्ट प्रतीत हुन्छ ।

निरन्तर बगिरहने

निरन्तर वढिरहने

अमानवीय राक्षसी झम्टाइको विरुद्ध

मुठ्ठी कसेर वढेका यी लप्काहरू..." (४७) ले समेत अमानवीय, अत्याचारी, शोष( णका पक्ष पोषकहरूका विरुद्धमा उभिएको उनको चेतनालाई प्रस्ट पार्दछ ।

आफ्ना अभिव्यक्ति र भनाइहरू सम्पूर्ण मानवको स्वतन्त्रता र सशक्तीकरणका खातिर हुने र त्यस्ता प्रतिरोध, अन्याय, गलत संस्कार र कुविचारहरूका विरुद्ध सशक्त पारिएका उनका भावनाहरू कहीँ अप्रतक्ष्य रूपमा त कहीँ प्रस्ट र प्रतक्ष्य रूपमा नै सञ्चारित भएका छन् "प्रतिरोधका वज्र भै रहेछन मेरा कविता" (२९: जराको स्वर) ले उनका कविताले के भावना वोल्दछन् र कस्तो सन्देश सम्प्रेषण गर्दछन् भन्ने छर्लङ्ग पार्दछ ।

"सधैँ शिर ठाडो पार्न नसक्ने,

आफ्नै दृढतामा उभिन नसक्ने

छेपाराहरूलाई कुपभन्जकहरूलाई भ्रष्ट र दुराचारीहरूलाई

साह्रैसाह्रै हेपी रहेझैँ लाग्छ (५४) भन्दै त्यस्ता व्यथिति र दुराचारका पक्षपोषकहरूमाथि आफ्नो कब्जा रहेका वा त्यस्ता प्रत्युत्पादक र अमानवीय गतिवि( धमा आफूलाई अल्मल्याउनेहरूलाई आफ्ना न्यायसङ्गत कठघरामा राख्न सबल भएका अभिव्यक्ति पनि छन् उनका कविताहरूमा । असामाजिक गतिविधिमा संलग्न हुनेहरूलाई विनयले गर्न सक्ने बहिष्कारको सङ्केत

कविताले गरेका छन् ।

मान्छे मार्न प्रयोग भएको हेलिकप्टर खेदाउन र लखेट्न मानिसहरू सवल भएका, जीवन जिउन पाउनु पर्ने स्वतन्त्रताको रक्षा गर्न हेलिकप्टर समेतको प्रतिरोध गर्न सक्षम भएको घटनालाई शब्द र स्वर दिँदै विनय लेख्छन "त्यसैले होला

फलाटेमा बस्न दिइएन रे हेलिकोप्टर
लखेटे रे हेलिकोप्टर
मान्छे मार्ने हेलिकोप्टर
मालकोटेको खड्के लाटोलाई जस्तै
फलाँटेको लाटोलाई नमारोस् भनेर
थुकेका छन् रे मानिसहरूले
हेलिकोप्टरलाई
आतङ्क मच्चाउने हेलिकप्टरलाई"(७३)।

यी प्रस्तुतिहरूले जनता सामूहिक रूपमा नै आफ्नो बाँच्न पाउने अधिकारमाथि सङ्घर्षशील भएको बताउछन् । स्वतन्त्रताकै लागि लड्ने र दिलोज्यान दिने मानवलाई नै आफ्नो मन पर्ने मान्छेका रूपमा चित्रण गर्दै विनयका पङ्क्तिहरू अगाडि सर्दछन् :

"हत्यारा कालो सर्पको
षड्यन्त्रविरुद्ध
ब्वाँसो प्रवृत्तिका विरुद्ध
सच्चा मानवताका लागि
लामो यात्राको सफलताको लागि
निडरपनको रातो झन्डा फहराउँदै
युगौंका बन्धन तोड्न
दानवी उत्पीडन र दबावको पहरा भत्काउन
आँधी वेरी सृजना गरेर
कम्मर कसेर अगुवाइमा ऊ लाग्यो"

(७८) । विनयका शब्दहरूले उनी आफू स्वत( न्त्रता र सशक्तीकरणका दरिला खम्बा रहेको र त्यसैका लागि लेखकीय माध्यमद्वारा भूमिका निर्वाह गरिरहेको त वोल्दछन् नै त्यससँगै उनको नजरमा पर्ने, मनमा छुने मान्छेहरूमा पनि सोही खालको भावना रहनु पर्ने अभिव्यक्ति कवितामा प्रकट भएको पाइन्छ । त्यस्ता मान्छेलाई मात्रै मन पराउनु उनी आफू पनि स्वतन्त्रताको वाहक हुनुको कारण नै हो किनकि मानवले त्यस्ता अरु मान्छेहरू मात्रै मन पराउँछ, जो आफू जस्तै हुन्छ ।

स्वतन्त्रताकै लागि बिगुल फुक्दै अरुलाई जगाउन र उठाउन घच्घच्याउने विनय लेख्दछन् :

"निरङ्कुश यन्त्रको विरोधमा
संसारले उठ्नु अब अबेर भएन र ?
ए अलमलिएका मित्रहरू" (९६)

उनको इच्छा सबैलाई जागरण गराउनु र अगाडि बढ्न सिकाउनु, र त्यसैका लागि आफ्नो तवरबाट लेखकीय रूपमा भूमिका निर्वाह गर्नु हो भन्ने कुरा उनको अन्तरमनले बुझेको प्रस्ट हुन्छ यस्ता अभिव्यक्तिहरूद्धारा ।

त्यस्तै, उनको अर्को कृति 'टापुमा तैरिँदा' एउटा यात्रा संस्मरण हो । राम विनयकै भनाइमा समेत उनले श्रीलङ्कामा गरेको भ्रमण र भएको परिवेशलाई मिलाएर यस कृतिलाई जन्म दिइएको पाइन्छ । यसमा विशुद्ध यात्राका झझल्का र अनुभूतिहरूलाई स्मरण गर्ने र तिनीहरूलाई लिखित स्थान दिने प्रयास पनि गरिएको छ । यद्यपि यस यात्रासंस्मरणले धेरै पक्षहरूमा सशक्तीकरण र स्वतन्त्रताकै कुराको प्रतिनिधित्व गर्दछ ।

यात्रासंस्मरण लेखकले सुरुवातमै प्रयोग गरेको अभिव्यक्तिको शैली र शब्द दुवैले स्वतन्त्रताका बलिया प्रमाण पस्कन्छन् । "मै एक झोक्का हुँ ठण्डी पवनका, आजाद पंक्षी हुँ मै नील गगनका" (टापुमा तैरिँदा १२) भन्दै आफूलाई पंक्षीसँग तुलना गरेका छन् । कुनै बन्धन र सीमाविना खुला आकाश प्रयोग गरी सम्पूर्ण पृथ्वी जगत्को सयर गर्न सक्ने त्यो पंक्षीको भावना र इच्छा उनमा पनि जागृत हुनु आफू स्वतन्त्र र सजग दुवै भएको वा हुनु पर्ने चेतना बोकेको अवस्थाको प्रत्याभूति र प्रस्फुटन दुवै हो । निवन्धात्मक ढाँचाको प्रयोग र प्रयासभित्रको कविता हो यो, जसले

विनयले गर्ने स्वतन्त्रताको अभिव्यक्ति नै बोल्दछ किनकि धेरै मानिसहरू यसरी अगाडि बढ्दैनन् । साहित्य सिर्जनाको विशेष र पर म्परावादी प्रयोगमाथि प्रहार गर्दै निबन्धात्मक ढाँचाको संस्मरणयात्रामा कविताको प्रयोग पनि स्वतन्त्रताको खोजीमा एउटा अदृश्य बल र बिगुल हो ।

जागिरेको जीवन खुला र स्वतन्त्र नहुने, त्यसभित्र बस्दा स्वतन्त्रता, न्यायिकता जस्ता कुराहरूको अभाव खट्कने अनि त्यस परिस्थितिसँग सङ्घर्ष गरी स्वतन्त्रता प्राप्त गर्ने आफ्नो इच्छायुक्त यथार्थ त उनकै हरफहरूले पनि बोल्दछन्- "जागिरेको पञ्जाबाट निस्केपछि म पनि स्वतन्त्र र खुल्ला जीवन बिताउने छु भन्ने कल्पनामा र माउदै" (१२) जस्ता अभिव्यक्तिले पनि उनी सदैव पूर्ण स्वतन्त्र रहन चाहने मानव भएको प्रस्ट पारेका छन् । बेरोजगारीले चरम क्रूर ता प्रर्दशन गरिहेको र असङ्ख्य मानिसहरू सरकारको जागीरप्रति अन्धभक्त माया एवम् प्रयास पनि थोपरिरहेको बेलामा समेत विनयमा भने राजिनामा मोह जन्मियो । कृष्णमूर्ति लेख्छन: "Freedom is really a state of mind in which there is no fear or compulsion, no urge to be secure" (11). उदृत भनाइ जस्तै विनयमा जागिर मोह नभएको, जागिर छोड्दाका बखत असुर क्षित होइने हो कि भन्ने त्रास पनि नभएको अनि सुरक्षित भविष्यको लागि जागिर थमाइ राख्नु पर्दछ भन्ने आम धारणाप्रति निसन्देह भएर प्रत्युत्तर दिन सकेको अवस्थाले पनि उनले वास्तविक स्वतन्त्रताको परिचय दिन सकेको अवस्था प्रमाणित भएको छ ।

शीर्षक छनौटभित्रको अपार बुद्धिमता पनि यात्रा संस्मरण लेख्ने क्रममा सशक्तीकरणको भावना बोल्ने अचुक प्रयास हो । टापुहरूको सयर गर्ने क्रममा 'टापुको सयर', 'अनुभव', 'उत्रँदा', 'हराउँदा' वा 'डुब्दा' आदि पनि त शीर्षक हुनसक्थ्यो । तर 'टापुमा तैरि ँदा' नै शीर्षकको कल्पनाभित्र तैरन सक्ने, टापुहरूका सयरमा हुनसक्ने विभिन्न जोखिम छिचोलेर आफूलाई स्थापित गराउनसक्ने विनयको स्वभाव नै प्रतिविम्बित र प्रस्फुटन भएको छ ।

विनयले बिम्बको प्रयोग गर्दासमेत स्वतन्त्रता र सशक्तीकरणका लागि लामो प्रयास गरेका पात्रहरू नै छानिएको पाइन्छ । 'रबिन्सन क्रुसोको कथा जस्तै' (१६) मा क्रुसोको जस्तै सङ्घर्ष र त्यसपछिको सफलता उनको पनि आसा र दृढ इच्छा हो भन्ने भावना तरङ्गित हुन्छ । रविन्सन क्रुसो प्रसिद्ध लेखक 'डायनियल डेफु' को निवन( धको एक स्वतन्त्रता र प्रगति केन्द्रित पात्र हो र केहीहदसम्म त्यो निबन्घका पात्रको आन्तरिक सङ्कल्प यात्रा अनि संस्मरणका लेखक र उनको इच्छासँग मिल्न खोज्दछ ।

यात्रा संस्मरण गर्ने क्रममा नै "म पुरानो सोचाइलाई दिमागबाट झिकेर एक ठाउँमा राख्ने र खाली दिमागमा नयाँ नयाँ कुरा र ाख्ने भनेर अध्यावधिक कुराहरू सिक्न, बुझ्न र आत्मसात गर्न त्यहाँ पुगेको थिएँ" (३४) भन्दै आफूलाई सधैँभरि सक्षम र नयाँ विचार अनि बुझाइले अझ दरिलो एवम् उर्जाशील बनाउने उनको विचार प्रस्फुटन भएको छ । आफू र आफ्नो वुझाइलाई अझ सशक्त बनाउने र त्यसको सकरात्मक प्रभाव दिँदै सम्पूर्ण समाजलाई सघाउने उनको इच्छा यी शब्दहरूमा प्रकट भएका छन् । आफू र समाजलाई सबल र सुदृढ गर्ने सपनाहरू तरङ्गित छन् यी भावनाहरूमा ।

स्वतन्त्रताको बारेमा कलम चलाएका एक प्रसिद्ध लेखक कृष्णमूर्तिले स्वतन्त्रताको बारेमा ब्याख्या गर्दै भनेका छन् : "Freedom implies great intelligence, does it not? To be free is to be intelligent, but intel-ligent does not come into being by just

wishing to be free; it comes into being only when you begin to understand your whole environment, the social, religious, parental, and traditional influences that are continually closing in on you" (11). उनको भनाइसँग राम्रो तादात्म्यता छ विनयका प्रस्तुतिमा । विनय केबल स्वतन्त्रता चाहने वा आशा गर्ने मात्र नभई, किन र कसरी यसमाथि अवरोधहरू छन् अनि कस्ता प्रयासहरूबाट यसलाई प्राप्त गर्न सकिन्छ भनेर गहिरो चिन्तन अनि प्रयास दुवैका लागि प्रयत्न गर्दछन् । जुन अवस्थाले मात्रै मानवलाई स्वतन्त्रताप्रेमी भएको पुष्टि गर्ने कुरा कृष्णमूर्तिले आफ्ना उल्लेखित हर फहरूमा भनेका छन् ।

कमजोरीबाट स्वतन्त्रता लिने र आफूलाई तागतका हिसाबले समेत सशक्तीकरण गर ाउनु पर्ने चेतना बगेको पाइन्छ उनका अभि( व्यक्तिमा । जस्तै- "विदेशमा आइएको छ, के हुन्छ, कसो हुन्छ । खानु पर्छ मासु । कमजोर भयो भने बिरामी हुन्छ"(३९) । विद्युतीय पर्खालमा पाइएको स्वतन्त्रतासम्बन्धी एउटा परिभाषा यस्तो छ- *"What is freedom? Freedom is the right to choose: the right to create for yourself the alternatives of choice. Without the possibility of choice and the exercise of choice a man is not a man but a member, an instrument, a thing."* यसैगरी माथिका पङ्क्तिहरूमा विनयले मासु खाने निर्णय गर्नु पनि आफू र आफ्नो स्वास्थ्यको लागि सम्भावनाहरू मध्येबाट राम्रो विकल्प छनोट गर्न सकेको अवस्थाको व्याख्या र बोध हो ।

"हामीहरू यसरी हिँडीरहँदा मलाई आफूहरू अवोध बालकहरू जस्ता लाग्यो, जो उत्साह र जिज्ञासाका साथ नयाँ ठाउँका नयाँ कुराहरू सिकिरहेछन्" (४३) ले विनयका सशक्तीकरण र स्वतन्त्रता दुवै चेतनाहरूको संयुक्त प्रस्फुटन गराएका छन् । बालकहरू पीडा, वेदना, त्रास, डर र कल्पना सबै थोकबाट उन्मुक्त र स्वतन्त्र रहन्छन् भने नयाँ नयाँ कुरा सिक्ने पक्ष आफूलाई अझ बढी मजबुत र सशक्त बनाउने मुख्य आधार हो । जति बढी ज्ञान आर्जन भयो त्यो जीवनलाई सुमार्गमा डोहोरयाउनका लागि हो । माथिका हरफहरूले समेत सो भावना प्रस्फुटन गराएको पाइन्छ । आफूलाई बालकहरू जस्तै स्वतन्त्र र उनीहरू जस्तै आफ्नै सबलीकरण र सशक्तीकरणका लागि सिक्ने कुरामा दृढ भएको अवस्थाको चित्रण गरेका छन् स्मरणकारले ।

सम्पूर्ण महिलाको स्वतन्त्रता र समाजलाई असफलता अनि अव्यवस्थितताको चुङ्गुलबाट मुक्तिलाई पर्यायवाची र परिपूरकका रूपमा लिँदै विनयले भनेका छन्-"स्थानीय महिलाको नेतृत्व विकास भयो भने सबल र दिगो विकास हुन्छ भन्ने कुरा यस संस्थाले देखाएको छ "(५७)। यसरी सामाजिक कार्यमा, समाज सशक्तीकरण र निर्माणमा महिलाहरूको उपस्थितिले उनीहरूलाई परम्परागत कार्य विभाजनको अँध्यारो घेराबाट त स्वतन्त्रता दिन्छ नै, समाज पनि समृद्ध हुने कुराको व्याख्या गरेका छन् विनयले ।

देशको समृद्धि र सशक्तीकरणमा बहुआयामिक परिचय र त्यस्तो घेराको निर्माणभित्र आफ्नो उपस्थिति खोज्नु पर्ने कुर ालाई यसरी व्याख्या गरिएको छ - "Those who support or facilitate the transformational process therefore need to think about how to create multiple forums for addressing identity" (Sen: 59). त्यसैगरी विनयले पनि थारुहरूभित्र, महिलाहरूको व्याख्यामा अनि बालकहरूको उत्साहमा समेत आफूलाई बगाउन सक्नु बहुआयामिक परिचय र त्यस्तो घेराको निर्माणभित्र आफ्नो उपस्थिति खोज्नु र

अरुको उपस्थितिसमेत मनन र सम्मान गर्नु हो ।

थारुहरू स्वतन्त्र र सक्षम होऊन् भन्ने उदेश्य बोकेर नै आफूले हीरा थारु नामक कविता लेखेको प्रसङ्ग व्याख्या गर्दा "जति बेला मैले हीरा थारु कविता लेखेको थिएँ, त्यति बेला शोषित, पीडित थारुहरू उठेका थिएनन्। हिजो आज थारुहरू आन्दोलनमा छन्" (८३) भन्दै सबैको स्वतन्त्रताको लागि आफूले आवाज पस्केको यथार्थ विनयले यात्रा संस्मरणमार्फत् उजागर गरेका छन्। स्वतन्त्रताप्रेमी मानवको गुण व्याख्या गर्ने क्रममा प्रसिद्ध साहित्यकार एवम् दार्शनिक रुजेल भन्छन्- "The slave is doomed to worship time, fate and death, because they are greater than anyhting he finds in himself and because all his thoughts are of things which they devour. But great as they are, to think of them greatly, to feel their passionless splendour, is greater still. And such thought makes us free men; we no longer how before the in oriental subjection, but we absorb it, make it a part of ourselves. To abandon struggle for private happiness, to expel all eagerness of temporary desires, to burn with a passion for eternal things- this is emancipation, and this is free man's worship "(61). उक्त भनाइको मर्मसँग मिल्ने गरी विनयले पनि व्यक्तिगत इच्छा र आकाङ्क्षाहरूमा नरुमलिइकन वा व्यक्तिगत अभिलाषा र आश्यकतामा नहर इकन अरुहरूको वा सम्पूर्ण समाजको भलाइ र हितका खातिर आफूलाई समर्पण गर्न सकेका छन्, जसले गर्दा नै मानवलाई स्वतन्त्रताको पुजारी भएको प्रमाण दिने कुरा माथिका हरफहरूले समेत बोल्दछन् ।

"गैर सरकारी क्षेत्रमा यति विकास हुन सक्छ र ? भन्ने बारेमा मलाई जुन आशङ्का थियो त्यस आशङ्कालाई यस भम्रणले पूरै मेटाइ दियो । विकासको लागि सर कारी क्षेत्रले मात्र सबैतिर समेट्न सक्दैन, गैरसरकारी क्षेत्रले पनि समेट्नुपर्छ भन्ने स्पष्ट भएको छ । त्यसैले सरकारी क्षेत्रबाट ठूला ठूला पूर्वाधारका कामहरू गरेर नेतृत्व गर्नुपर्दछ भने गैरसरकारी संस्थाले बाँकी विकासको काममा लागेर जनपक्षीय कार्यमा लाग्नु पर्छ भन्ने कुरालाई आत्मसात गर्ने मौका मिल्यो, यथार्थ पनि यही रहेछ" (९४) भन्ने हरफहरूमा सम्पूर्ण राष्ट्र सुद्रीढीकरण हुन इतरका पक्षहरूले पनि जिम्मेवारी बोधसहित कार्य गर्नुपर्ने सन्देश बगेको छ । गैर सरकारी संस्थाहरूको उपस्थिति राष्ट्र निर्माणका लागि हो, तिनीहरूको प्रयोग र उनीहरूमाथिको बुझाइ पनि त्यसैगरी परिष्कृत हुनु पर्दछ भन्ने भावना व्यक्त गरि दिएका छन् संस्मरणकारले । सरकारले मात्रै सबै गर्ने हो भने अरुहरूको काम सर कारको आलोचना गर्ने वा हुन नसकेको काम र प्राप्त गर्न नसकेको सफलतामा आधारित भै सत्तो सराप गर्नुमात्रै हो भन्ने पुरानो बुझाइबाट स्वतन्त्रता प्राप्त गरेको अनुभूति पनि दिएका छन् यी हरफहरूले । यी हरफहरू लेख्ने क्रममा नै विनयले प्रस्ट भनेका पनि छन् कि उनलाई यो भ्रमणले निकै ठूलोमात्रामा नयाँ चेतना र परिष्कृत सोचहरूबाट समेत सिञ्चित गरायो जुन उनको आफ्नो त्यसबेलासम्म भएको सीमित ज्ञानबाट स्वतन्त्रताको, सहभागितामूलक विकासको जानकारी प्राप्त गर्ने अवस्था हो भने, आफूलाई अगाडि बढाउने एउटा आधार शीला पनि हो ।

यसरी विनयले उनका कृतिहरूमा प्रयोग गरेका अभिव्यक्ति र हरफ एवम् यसका सन्देशहरूले लेखकले जहिले पनि स्वतन्त्रता ( विभिन्न प्रकारका बन्धन र बाध्यताबाट

मुक्ति) को चाहना राख्दै र आफू अनि समाज हुँदै राष्ट्रलाई सक्षम र समृद्ध बनाउनु पर्ने कुराको अविच्छिन्न सञ्चार गरिरहेका छन् । यसकारण उनका कृतिहरूमा सशक्तीकरण र स्वतन्त्रताका सुषुप्त चेतनाहरू बाक्लै बगेको पाइन्छ ।

**सर्न्दभ सूचि** :


विनय, राम. टापुमा तैरिँदा. नेपाल: विवेक सिर्जनशील प्रकाशन प्रा लि; २०६६.

.........म आएको छु, नेपालः प्रभात प्रिन्टिंग; २०४७

.........जराको स्वर. नेपालः विवेक सिर्जनशील प्रकाशन; २०६०

Krishnamurti, J. “The Problem of Freedom: Think on These Things”. Krishnamurti Education Foundation: India; 2007. P+10-18

Russell Bertrand. “A Free Man’s Worship: Essays on the Creation of Knowledge”. Edt. Shreedhhar P Lohoni, Rameshwar P Adhikari, Abhi N Subedi. Nepal: Ranta Pustak Bhandar; 1996. P+ 54-63.

Sen, Amartya. *Identity and violence*. Cambridge: Massachusetts, 2005.


---

• **कविता**

# व्याप्ति

**– दीपेन्द्रसिंह थापा**

एउटा यात्रा न हो
आरम्भ भएपछि
कतै पुग्नै पर्छ नै त्यसले
एउटा संभावना न हो
आरम्भभन्दा अघिदेखि अन्त्यभन्दा पछिसम्म पनि
कतै ढाक्नै पर्छ नै त्यसले ।

यद्यपि -
आरम्भ नै नभई भएका अन्त्यहरु पनि त छन् यहाँ
यद्यपि -
अन्त्य नै नभई भएका आरम्भहरु पनि त छन् यहाँ

जीवनमा धोखा खाएकाहरु पनि छन् यहाँ
धोखामा जीवन पाएकाहरु पनि छन् यहाँ

एउटा गति न हो
कतै पुग्नै पर्छ नै त्यसले
एउटा जीवन न हो
व्याप्ति पाउनै पर्छ नै त्यसले ।

*

• syf

# स्पर्श

– अमरकुमार प्रधान

मधेस मुक्ति मोर्चाको नामको सशस्त्रधारी समूहले चन्दा नदिएको रिसमा सुराकीको आरोप लगाई दाजु सुखाराम याद( वलाई तराईकै गाउँको विद्यालयबाट अपहरण गरेको ४ दिनपछि लास कमैर्याको नहरमा फ्याँकेको भन्ने खवर पुगेपछि महेशप्रसाद यादव डोल्पाबाट जसोतसो हवाइजहाजको टिकट मिलाई घर पुगेको थियो। दाइको सद् गति गरेपछि पेन्सनपट्टा बनाउने, संचयकोष लिने आदि बाँकी कामको लागि भाउजूसाथ ऊ सर्लाहीबाट राजधानी आइपुग्यो ।

धेरैपछि राजधानी टेकेकोले होला, सबैथोक बदले बदले जस्तो लाग्यो। राजधा( नीमा उसले आफ्नै गाउँको नभनौं जिल्लाको नेता जसलाई उसले कुनैबेला भोटमात्र होइन जिताउन १ महिना घरविदा लिएर खटेको थियो, त्यो घर भने पत्ता लगाउन पनि गाह्रे पऱ्यो तर टेलिफोन नं. हुनाले सम्पर्क छिटो भयो र लजमा बस्नुपरेन। ऊ एक्लै भए त नेताजीकोमा होइन लजमै बस्दथ्यो तर विधवी भाउजू साथ हुनाले बखत बखत सान्तवना पनि दिनुपर्ने, सँगसँगै लैजानुपर्ने हुनाले नेता( जीको घर सुविधाजनक भयो नै।

नेता अहिले पदमा थिएन । माननीय थिएन । तर उसको घर थियो । जिल्लाका स्वजनलाई आफ्नो भातभाञ्छा खुवाउन पनि कञ्जुसी देखाएन । अहिले नेताको सरकार नभए पनि भनसुन गरी आर्थिक सहयोग दिलाउने आशासम्म दिलायो तर भर थिएन।

पाटनदेखि कर्मचारी सञ्चयकोष, शिक्षक किताबखाना जान आउन पनि कति सहज भएछ । छिनछिन माइक्रोबस, ठूलो बस, सफा टेम्पो ।

गाउँकी भाउजू बसमा सँगै बस्दा पनि घुम्टी काडेर बस्दथी, भरसक देवरसँग छुन नपरोस् भनी अलग्गै रहन्थी । बसमा सीट पर्याप्त हुनाले त्यति अप्ठ्यारो थिएन, तर पहिले यस्तो कहाँ थियो र ?

आज पनि चक्रपथ नाघेर हिँडेर लगनखेल पुगेपछि भाउजू र ऊ माइक्रोबस चढ्यो । भाउजू आइमाइको बगलनेर बसी । बरु ऊसँग अर्कै तरुनी केटी पो टाँस्सिन आई । गर्मी महिना भएकोले उसले पाखुर ासम्मको बाहुला भएको खुला सर्ट लगाएको थियो । तरुनीले पनि त्यस्तै कुर्था लगाएकी थिइन् । सडकमा पीचहरु उप्केका थिए । यस्तो ठाउँमा माइक्रोबसले ब्रेक मार्दा दुबैको पाखुरोको नाँगो छाला जोडिन्थे । भाउजूले ध्यान दिए के भन्ठान्दी हुन् ऊ सकभर आफूलाई संयत राख्न खोज्दथ्यो । २०४५ सालमा पनि यस्तै भएथ्यो । अझ योभन्दा चर्को भएथ्यो ।

ऊ त्यो बेला लोकसेवा पास गरेर खानेपानीको ना. सु. मा. भर्खर भर्ना भएथ्यो । अफिस थियो नेपाल खानेपानी तथा ढल निकास विभाग । तर साथीहरु जिस्काउँथे नेपाल खाने पानी विभाग। यसैले ऊ आफनो कार्यालयको नाम 'पानी अड्डा' मात्र बताउँथ्यो । हुन पनि यो 'पानीपोखरी' मा थियो । (जहाँ अझै छँदैछ) शुरुमा भारत सरकारको सहयोगमा नै 'पानीपोखरी' अर्थात 'खानेपानी सञ्चित गर्ने ठूलो पोखरी' लाई

अफिस घर पनि निर्माण गरेकोले यसको नाम नै पानीपोखरी भयो । उसको डेरा चिर्कमुगलमा थियो । साथीहरुसँग कुरा गर्दा डेराको 'टोल' सोध्दै बताउन पनि सक्दैनथ्यो छोटकरीमा काठमाडौं गणेशस्थान भन्दथ्यो । सफा टेम्पोको सट्टा कालो धुवाँ फ्याँक्ने डिजेल टेम्पो चढ्थ्यो । चढ्ने बिन्दु रानीपोखरी हुनाले उसको जागिरे सफर रानीपोखरीदेखि पानी पोखरीसम्म थियो । कहिलेकाहीँ अनुकूल पर्दा हाकिमको गाडीले देख्यो वा उसले हाकिमको गाडी रोक्न भ्याए लिफ्ट पनि पाउँथ्यो ।

तर एकाएक यी सब बन्द भए । भारत र नेपालबीच भएको पारवहन तथा व्यापार सन्धि दुवैको म्याद समाप्त भएको निहुँमा भार तीय सीमावर्ती क्षेत्रको २ वटामात्र भन्सार विन्दु वीरगन्ज र विराटनगरको रक्सौल र जोगवनीमात्र खुला गरी नाकाबन्दी गरिदियो । ती दुवै विन्दुबाट पनि 'बासी फलफूल र तर कारी मात्र' नेपाल ल्याउन दिएको भनी भार तका लागि नेपाली राजदूत (महिला जो थिइन्) विज्ञप्ति नै जारी गरिन् । डिजेल, मट्टितेल, पेट्रोल पर्याप्त आपूर्ति नहुनाले राजधानीमा 'यातायात ठप्प' चाँहि भएन तर साझा बसमात्र चल्न थाल्यो । सरकारले भारतसँग नझुकेर इन्धन चीन र बङ्गलादेशबाट हवाइजहाजमा भए पनि ओसारेर जनताको सेवा पुऱ्याएको कुरो समाचारमा आउँथ्यो ।

सार्वजनिक सवारी बन्द हुनाले उसै त अफिस टाइममा भीड हुने जापान सर कारको अनुदानमा प्राप्त साझा बस चढ्न पाउनु भाग्यकै खेल मानिन थाल्यो । बजार मा साइकलको विक्री बढ्यो । यहाँसम्म कि उसको हाकिम पनि साइकल चढेर अफिस आउँथ्यो । भन्नेहरुचाँहि कुरा काट्थे - 'लोभी हाकिम यति धनी छ चाहेमा कालोबजारमा पेट्रोल किनेर आफ्नो कारमा आउनसक्छ तर देखाइ टोपल्न साइकलमा आउँछ । '

ऊ साझा बस जसरी भए पनि चढ्न सहिद गेट धाउन थाल्यो, जहाँबाट बसको प्रस्थान विन्दु शुरु हुन्थ्यो । त्यो दिन भाग्यले सीट पनि पायो अझ झ्यालतिरकी सहयात्री युवती पनि ।

बस ठेलमठेल गर्दै भरेर कुदेपछि मात्र उसले आफ्नो सहयात्रीतिर नजर लगायो विदेशी सायद अमेरिकी होलिन् पर्यटक क्यारे । हातमा भएका गाइड बुक लिई हेर्दै थिई । गोश्वारा हुलाक, शाही नेपाल वायुसेवा निगम हुँदै महाङ्काल पुगेपछि दायाँतिर फर्केर महाङ् काललाई सम्झेर हात निधारमा पुऱ्याएपछि मात्र उसले राम्रो थाहा पायो युवतीको पाखुरा पूरै खुला छ । उसको कमिज पनि हाफ बा( उला थियो । बसको कुदाइमा उसको पाखुर ाको नग्नतामा युवतीको खुला पाखुराको स्पर्श रोमाँचकारी भयो । नक्सा हेर्न निमग्न युवतीको छातितिर चियाउँदा उसले राम्ररी बुझ्यो हल्का पातलो नीलो टीसर्ट भित्र तिनले अरु केही लगाएकी छैनन् ।

उसका आँखाहरु बिस्तारै युवतीको उन्नत छातीदेखि विस्तारै तल सर्दै तिघ्राको आधा भाग छोपिएको स्कर्ट हुँदै बाँकी खुला गोरा छालाको तिघ्रा, घुँडा, पिँडौला र पातला गोडासम्म परे ।

जमलमा बस रोकियो । ओर्लने त कोही थिएनन् । उक्लने भीडले बसभित्र बस्ने भन्दा उठ्ने बढी भए । सीटमा बसेको उसलाई पनि उभिनेले ठेलिएर सीटमा सङ्कुचित बनाएपछि ऊ पनि स्वभावत: अझ युवतीतिर हुत्तियो । उसको हातले युवतीको तिघ्रा पनि छुन पुग्यो । 'सरी' भन्ने शिष्टता देखाउन पनि उसले आवश्यक देखाएन । बस हिँडेपछि बारम्बार हत्केलाले तिघ्रामा छुन पो थाल्यो । पाखुरा त जोडिएकै थियो । जागिर नपाई बिहे नगर्ने सँकल्प गरेको उसले आज साझा बसको दुर्लभ सीट पाएकोमा धन्य सम्झयो ।

बस लैनचौरमा पुगेपछि धयाच्च ब्रेक लगायो । यतिन्जेल बसभित्र यात्रुहरुको

जमातको बोझले होला ढोकातिर ढल्किएको थियो जुन ढल्काइले युवतीको शरीरको सन्तुलन पनि ऊतिरै बढी हुन्थ्यो ।

यो स्टपमा ओर्लनेहरु निकै रहेछन् । ओर्लने ओर्ले, चढ्ने पनि कम थिएनन् । चढेर ठेलमठेल गर्दै चढ्नेहरुको भीडलाई उसले कुनै वास्ता गरेन । वास्ता गर्नुको औचित्य पनि थिएन । ऊ त युवतीको मादक सौन्दर्य र स्पर्शमा विलाएको थियो । कुनै बेला एकजना साथीले उसलाई सुनाएको थियो । बसभित्र भीडमा अचेटिनुको मजा पनि अर्कै हुन्छ अझ अगाढि विपरित लिङ्गी हुनुपर्छ । एकचोटिको यस्तो यात्रामा अगाडि जीन पाइन्ट लगाएकी युवतीको ठीक पछाडि परेर ऊ पग्लेर स्खलित भएको कथै हो कि वास्तविकता सुनाएको सम्झना भयो ।

तर अहिले ऊ भरसक संयमित थियो । यस्तो दुर्भावना पनि ऊमा थिएन ।

'ओहो यादवजी तपाई पनि ?' यो आवाजले ऊ झसङ्ग भएथ्यो । उसले देख्यो नजिकै डण्डीको सहारामा उभिन पुगेको उसको हाकिम उसलाई सम्बोधन गर्दैरहेछ ।

'अन्सारी सर, सर अनि आज कताबाट बसमा ?

'हेर्नुस न साइकलमा आउँदै थिएँ । पन्चर भएर डोराउँदै यहाँ पुऱ्याएँ । डेरीसँगै चिनेको पसलमा थन्काएर बस फेला पारेँ ।'

उसको हाकिम गजबै थियो । भारतले नाकाबन्दी गरेर तेल सर्टेज गरेपछि गाडी चढ्न छोडिसकेको थियो । एउटा माउन्टेन बाइक पनि होइन, थोत्रो साइकल चढेर आउँथ्यो । चाहेको भए कालो बजारीमा तेल किनेर वा किन्न लगाएर सरकारी वा प्राइभेट गाडी चढ्ने औकातको हाकिम थियो तर किन हो ऊ 'नमूना' बन्न चाहन्थ्यो वा देखाउन चाहन्थ्यो ।

हाकिम अन्सारी हाकिमै थियो । लोभी थियो कि थिएन तर भन्दथ्यो 'मेरो ठूलै छालाको व्यापार छ' म आफ्नो एकाउन्टेण्टलाई महिनाको ४०००।- दिइरहेको छु यहाँ म ३५००।- को लागि जागिर खाइरहेछु ।

भर्खर जागिर खाँदा त हाकिमको अभिप्राय उसले बुझ्दैनथ्यो । कस्तो मूर्ख होला ४०००।- दिनेले ३५००।- को जागिर किन खान्छ ? रा.प.प्रथम श्रेणीको जागिर को रौनक ऊ जस्तो भर्खर प्रवेश गरेको रा.प.अनं. प्रथमले किन बुझ्थ्यो ? तर संयोग के पऱ्यो भने केही महिना यता ऊ नै हाकिमको पि.ए. बन्न पुग्यो । साँच्चै अन्सारी हाकिमको बीरगंजमा ठूलो छाला प्रशोधन उद्योग रहेछ तर प्रोप्राइटरसिपचाहिँ भतिजाको नाममा । जागिर खाएपछि दाइलाई ठेकेदारीमा लगाएपछि आफूले पनि व्यापार थालेको रहेछ ।

बिस्तारै हाकिमको भतिजासँग पनि परिचय भयो । हाकिम मुसलमान थियो । प्रत्येक इदमा र रमजान विसर्जनमा उसलाई घरै बोला(उँथ्यो । ऊ मात्र हैन अफिसका अन्य गन्यमान्य पनि बोलाइन्थे । अल्लाहको प्रसाद भनी टन्न खुवाउँथ्यो, तर आम्दानीको झलक र छनक कहिले देखाएन भनौं उसले चाहिँ पाएन ।

हाकिमको एउटा कुरा तारीफ गर्न लायक थियो आफ्नो गाडीमा पियन (अहिले कार्यालय सहयोगी) लाई पनि लिफ्ट दिन हिचकिचाउँदैनथ्यो । ऊ त पि.ए. निजी सचिव लिफ्ट माग्न र पाउन कुनै अप्ठ्यारो थिएन, तर अरु मामिलामा प्रसिद्धि के थियो भने ऊ जतिको अनुदार हाकिम विभागमा छैन, यद्यपि त्यहाँ अरु पनि हाकिम थियो जस्तो महानिर्देशक थियो । ३ वटा उपमहानिर्देशक थिए । उसको हाकिम एउटा फाँटको उ.म.नि. जो थियो । मातहतको कर्मचारीलाई विदा दिनु पऱ्यो भने दाँतबाट पसिना चुहाउँथ्यो । अरु त के उसलाई एकदिन अकस्मात कल आयो , उसको गाउँको आफन्त मरेकोमा पशुपति

आर्यघाटमा मलामी जानुपरेको छ । उसले सोझै हिसाबले बिदा मागेको थियो - 'सर मेरो फोन आयो, मलामी जानुपयो आज छिटो निस्कन्छु ।'

हाकिमले कुनै सहानुभुति जनाएन् न त को मरेको सोध्यो, भनिहाल्यो तपाईहरु यस्तै गर्नुहुन्छ, मलामी पनि कतिचोटि जानुपऱ्या होला ? नजाऊ भन्न सकेन तर स्वेच्छाले जाऊ भनी भनेन । ऊ हाकिमको स्वभाव यस्तै भन्दै मलामी गएको थियो ।

अहिले उसलाई धरमर भयो, तर मुश्किलले उठेर शिष्टता देखायो सर, यहाँ बसौं, बरु उभिन्छु ।

कालो हाकिमको सेतो दाँतसम्म डिच्च हाँस्यो 'तर तपाईलाई दु ख हुन्छ नि ।' उसले 'हैन सर म बसेर आएकै हो नि, उभिन के गाह्रो छ ? भनी बसमा उभिने अभ्यास नभएको होइन । केबल युवतीको सामीप्य गुमेकोमा ऊ, अहिले भित्रभित्रै कुँडिएको थियो ।

लाजिम्पाटबाट हिँडेर अर्को स्टप पानीपोखरीमा अडिएपछि हाकिम उत्रने उपक्रममा लाग्यो । उसले त्यही सिटमा आफूलाई बसाउँदै भन्यो 'सर, आज मेरो अघिल्लो आधा क्या. वि. जनाउन लाइदिनुहोला । आज पूर्णे छ । बुढानीलकण्ठ दर्शन गरेर दिउँसो आइपुग्छु, सर ।'

हाकिम ओर्लंदा ओर्लंदै पछाडिको बूढो भन्दै थियो 'आज त पञ्चमी हैन र बाबु ।' उसले नसुनेझैँ गऱ्यो । ऊ ढुक्क थियो । मुसलमान हाकिमलाई पूर्णे मतलब केवल हिन्दूको चाड हो भन्ने थाहा छ, तर कुनदिन पर्छ भनेर सोधखोज पक्कै गर्नेछैन । नजिककी पुतली सहयात्री गाइढबुक पढ्न मस्त थिई । ●

## गीत

**– भागवत आचार्य**

अनगिन्ती ठक्कर र धोका खाए पनि
अँध्यारो नै अघि लाग्छ जति रोए पनि

भावना नै जल्यो आज मरुभूमि भयो
शुष्क भयो जिन्दगी नै दिलै सुकि गयो
मौलाएको हरियाली सिक्रिएछ अनि
अँध्यारौ नै देखा पर्छ जहाँ गए पनि

सपना र आशाहरू टुक्री झरेपछि
आशा गरिएकाहरू ज्यूदै मरेपछि
धर्ती माता काँपिरैछिन् भीरमा परेँ भनी
अँध्यारो नै देख्नु पर्छ आँखा धोए पनि

देशलाई दृष्टि दिने मान्छे खोजिरैछु
जन्मनेछ सच्चा छोरो बाटो हेरिरैछु
अनगिन्ती ठक्कर र धोका खाए पनि
अँध्यारो नै अघि लाग्छ जति रोए पनि

# अम्बर गुरुङ्ग

**– यशु श्रेष्ठ**

गोर्खाबाट लाहुरे हुन बुबा भारत पस्नुभयो । भारतीय सैनिकको जीवनलाई आत्मसात गर्दै भारतमै जीवन बिताउन थाल्नुभयो । भारतीय भूमि दार्जलिङमा वि.सं. १९९५ साल फाल्गुण २४ गतेका दिन बुबा रूजिरसिंह गुरूङ्ग अनि माता रेणुका गुरूङ्गको कोखबाट एउटा बालकको जन्म भयो, जो नेपाली सुगम सङ्गीतको आकाशमा सदाबहार छाइरह्यो । आफ्नो सांगीतिक यात्राको बिऊ भारतीय भूमिबाट रोप्न शुरू गरे पनि त्यसको फूल अनि फल नेपाल र नेपालीका लागि फुलिरह्यो, फैलिरह्यो र फलिरहेको छ । आफ्नो सम्पूर्ण जीवन नै नेपाली सङ्गीतको फाँटमा बिताइरहनु भएका मूर्धन्य स्रष्टा वरिष्ठ संगीतकार तथा गायक अम्बर गुरूङ्गको आजको परिचय नेपाल र नेपालीका लागि अमूल्य रहेको छ ।

अनमोल नेपाली गीत 'नौ लाख तारा उदाए...' गाएर नेपाल बाहिरका सम्पूर्ण नेपालीहरूलाई भाषा आन्दोलन र आफ्नोपनमा समर्पित हुन प्रेरणा दिंदै आफ्नो जीवन नै नेपाली गीत, संगीतलाई उच्चतम तहसम्म पुऱ्याउन निरन्तर योगदान दिँदै आउनुभएका संगीतकार गरूङ्ग नेपालको राष्ट्रिय गानका संगीतकारसमेत हुनुहुन्छ । अत्यन्त कर्णप्रिय संगीतका पिता अम्बर गुरूङ्ग भन्नुहुन्छ 'म मनोरञ्जनका लागिमात्र संगीत गर्दिनँ । आत्मरञ्जनका लागि गर्छु ।' संगीत सुन्न थालेपछि मनदेखि नै सुन्न बाध्य पार्ने संगीतका सर्जक गुरूङ्ग नेपाल संगीतनाट्य प्रज्ञा प्रतिष्ठानका प्रथम कुलपति पनि हुनुहुन्छ । आफ्नो जीवनको उत्तरार्ध समयमा पनि कति विश्राम नगरीकन नेपाली संगीतकै लागि अहोरात्र परिश्रम गरिरहनुभएका अम्बर गुरूङ्गले कहिले पनि संगीतसँग धन साट्नु भएन । संगीतलाई पवित्र पेशाको रूपमा आत्मसात गरी परिवारलाई समेत पवित्र पेसामा लाग्न प्रेरणा दिनुभयो । त्यसैले त उहाँको परिवार नै अहिले संगीतमय बनेको छ । परिवारका हरेक सदस्यमा संगीतको रगत बगेको छ । छोराछोरीदेखि नातिसम्म संगीतमै डुविरहेका छन् । प्रस्तुत छ यस्ता संगीतका पुजारी वरिष्ठ स्रष्टा अम्बर गुरूङ्गले भोग्नुभएका जीवनका केही अनुभव र अनुभूतिहरू ।

**पहिलोपटक संगीतमा कसरी प्रवेश गर्नुभयो ? किन गर्नुभयो ?**

दार्जलिङको वातावरण नै संगीतमय थियो । प्रत्येकको घरमा हार्मोनियम हुन्थ्यो, तर सिकाउने, बाटो देखाउने कोही हुदैनथिए । आफैं बजाउँथे । कसरी, किन बजाएको भन्ने कुरा बजाउनेलाई नै थाहा हुँदैन थियो । संगीत सिकाउने किताब, गुरु, विद्यालय केही थिएन । विवाह, पूजाआजा आदिका समयमा बाजा बजाउनेहरु आ(उँथे । त्यहीँबाट प्रभावित पनि भएँ ।

मलाई सिनियर दाजुहरुले गीत

संगीतमा तिम्रो क्षमता राम्रो छ । राम्रोसँग गाउन सक्छौ । राम्रो गर भन्थे । सिकाउन त उहाँहरुलाई पनि आउँदैनथियो तर पनि त्यस्तै गाउने कोसिस गर्दागर्दै संगीतको नशा लागेछ क्यार ? संगीतलाई छोड्नै सकिएन ।

किन प्रवेश गरें भन्ने कुरा मलाई नै थाहा छैन । सायद मेरो जन्ममा नै संगीत गर् भनेर भनेको थियो कि क्या हो जस्तो लाग्छ । त्यसबेलामा संगीत भनेको सम्मानित त के, केही पनि गनिंदैनथियो । बरालिने केटाहरु यसमा लाग्छन् भन्ने थियो । तर पनि म केहीको बास्ता नगरी संगीतमै होमिइरहे । खाना, सुत्न, हिँड्न सबै संगीतमै गरें । बुबाआमाहरुले पनि संगीतमा लागेको पटक्कै मन पराइरहनु भएको थिएन । मेरो जीवनमा संगीत नै टाँसिएर आएको थियो होला । नत्र त बन्दुक खेलाउनेको छोरा कसरी बाजा खेलाउने बन्थ्यो होला र ? भनेको जस्तो सोच्छु ।

**पहिलो गीतमा संगीत भर्दाको क्षण ?**

त्यतिबेला न शब्दको ज्ञान थियो । न ट्यूनको ज्ञान थियो । लहैलहैमा संगीत गर्दथे । अरुले नोटेशन (स्वर लिपि) हेरेर बजाएको देखेर छक्क पर्दथे । अरुले त सक्छन् भने म पनि सक्छु भन्ने लाग्थ्यो । यसरी नै मैले एउटा गीतमा संगीत गरें । त्यो मेरो पहिलो संगीत थियो ।

'अतीतको मधुर याद...' भन्ने गीत आफैँले लेखें अनि त्यसैलाई संगीतवद्ध गरें । त्यो गीत मैले कक्षामा सुनाएँ । सबैले राम्रो त भने तर गिज्याएको होला भन्ने सम्झे । फेरि फेरि गीत सुनाउन भन्थे साथीहरु । कसले संगीत गरेको हो ? कसको गीत हो ? भनेर सोध्थे । मैले गरेको हुँ भन्न मलाई लाज लाग्दथ्यो । खै कसले गरेको हो थाहा छैन । नेपालतिरका कुनै संगीतकारले गर्नुभएको होला । मैले सुनेर गाएको हुँ भन्दथे ।

**पहिलो गीत रेकर्ड हुँदा ?**

गीतकार अगमसिंह गिरी एकदमै राष्ट्रप्रेमी मान्छे । आफ्नो भाषा, संस्कृतिलाई जगाउनुपर्छ । आफ्नोपन, आफ्नो अस्तित्वलाई जोगाउने, जगेर्ना गर्ने हाम्रो काम हो भनेर लाग्ने मान्छे । नेपाली जाति, भाषालाई माथि उठाउनुपर्छ भनेर उहाँले नै एउटा गीत लेख्नुभयो 'नौ लाख तारा...' । त्यसमा मैले संगीत भरें र आफैंले गाएँ ।

कालिङपोङमा संगीतको प्रतियोगीता भएकोथियो । त्यो प्रतियोगीतामा मैले यही गीत गाएको थिएँ । मैले गीत गाएपछि पछाडिबाट एकजना मान्छे आएर मलाई बधाइ दियो । तिमीले राम्रो गीत गायौं तर यो गीत यहाँमात्र होइन । सबैले सुन्नुपर्दछ । यो गीत रकर्ड गराउन चाहन्छौ ? भनेर सोध्यो । उसले त्यसो भन्दा त म अक्क न बक्क भएछु । उसले फेरि मलाई 'किन यो गीत रेकर्ड गराउन हुँदैन र ?' भनेर सोध्यो । म मुसुक्क हाँसेमात्र । त्यसपछि त्यो रात उहाँकैमा बसेर सबै गीत सुनाएँ । उहाँले गीतहरु एकदम मन पराउनुभयो ।

यो गीतचाहिँ रेकर्ड गर्ने भनेर उहाँ हौसिनु भयो । हामी गीत रेकर्ड गराउन चारतिर कुद्यौं । यो रेकर्डिङ्ग स्टुडियो । उ रेकर्डिङ्ग स्टुडियो । धेरै रेकर्डिङ्ग स्टुडियो चहार्‍यौं तर कसैले पनि गीत रेकर्डिङ्ग गर्न मानेनन् । कसैले बजार छैन भने । कसैले के भने । हामी असफल नै हुँदै थियौं गीत रेकर्डिङ्ग गर्न । अन्तमा हामीलाई साथ दियो 'हिन्दूस्थान रेकर्डिङ्ग स्टुडियोले । त्यसले पनि हामीमाथि अनेक अनेक सर्तहरु थोपर्‍यो । रेकर्डिङ्गको लागि पर्ने सबैसबै खर्च हामीले गर्नुपर्ने भयो । त्यो मान्छे त्यसको लागि तयार भयो र गीत रेकर्डिङ्ग गरियो ।

गीत रेकर्डिङ्ग गरिसकेपछिको रात म रोएँ । मैले राम्रो गर्न सकिनँ, जस्तो सोचेको थिएँ, त्यस्तो त हुँदै भएन भनेर साह्रै

चिन्ता लाग्यो । तर गीत त यस्तो चल्यो कि दार्जलिङको संगीत रेकर्ड नै तोड्यो । यही गीतले नै म चिनिएँ । त्यस हिन्दूस्तान रेकर्डिङ्ग स्टुडियोले मेरो अन्य गीतहरु पनि रेकर्ड गरिदिने भयो, तर अफसोच गीतलाई नै त्यहाँको सरकारले बन्देज लगाइदियो ।

**नेपालमा कसरी आइपुग्नु भयो त ?**

मेरो गीत सुनेर तात्कालीन राजाले मलाई बोलाउँन भनेछन् । राजाका मान्छेहरुले मलाई खोजेर नेपालमा ल्याए । उनीहरुले लौ राजासँग भेट भनें तर मलाई राजासँग कसरी बोल्नुपर्दछ ? के भन्नुपर्दछ ? थाहा थिएन । साथीहरुलाई यसबारे सोधें र राजालाई भेटें । राजाले मलाई यहीं बस भन्नुभयो, तर मलाई नेपालमा बस्नुको कुनै अर्थ लागेको थिएन । मैले राजालाई म नेपा(लका लागि भन्दा दार्जलिङको लागि खाँचो छु । त्यहाँका नेपालीको लागि आवश्यक छु । मैले मेरो खाँचो पूरा गर्नु पर्दछ । म नेपाल बस्न सक्दिन भनें । मेरो भनाइले र ाजा झनै प्रभावित भए ।

त्यसबेला त म फर्किएर गएँ । फेरि फेरि पनि दुईतीन चोटी राजाबाट बोलाओट भयो । पछिल्लो पटक राजाले बोलाएर अब त दार्जलिङलाई  तिम्रो खाँचो पर्दैन । धेरै गरिसक्यौ । अरुले पनि गर्दैछन् । अब तिम्रो खाँचो नेपाललाई छ । यहीं बस भनेर अनुरोध गरे पछि म नेपालमै बसें ।

**पहिलो पटक साँच्चैको संगीत साधनमा हात राख्दा ?**

संगीतको साधना सम्बन्धमा भनें मेरो एउटा गलत धारणा के थियो भने संगीतकार बन्न सबै संगीत साधन बजाउन जान्नुपर्दछ । त्यसकारण म सबैजसो संगीत साधन बजाउन सिक्थें । मलाई सबैजसो संगीत साधन बजाउन आउँछ ।

पहिलो पटकचाहिँ मैले बाँसुरी बज(ाएको थिएँ । बासुरी राख्न पनि सजिलो । बोकेर हिँड्न पनि सजिलो । किन्न पनि सजिलो । फेरि त्यसबेलामा मैले संगीत साधन बजाएको, संगीतमा लागेको देखेमा बुबाले गाली गर्ने । त्यही भएर सजिलाका लागि पनि मैले बाँसुरी बजाएँ ।

**संगीत गरेर पारिश्रमिक पाएको दिन ?**

त्यतिबेला संगीत पवित्र र सम्मानितमात्र थियो । व्यवसायिक थिएन । त्यसैले पैसा त्यस्तो धेरै कुरा हुँदैनथियो । मैले संगीत गरेर पारिश्रमिक लिएको चाहिँ 'नौ लाख तारा...' गीत गरेपछि हो । गीत चलेपछि हिन्दूस्थान रेकर्डिङ्ग स्टुडियोले मलाई २५०.०० रुपैयाँ दिएको थियो । पछि अरु गीतहरु पनि रेकर्डिङ्ग गरिदियो । पछिपछि त बोलाई बोलाई पैसा दिनथाल्यो ।

**पुरस्कार र सम्मान पाउँदा नि ?**

म संगीतका धेरै जसो प्रतियोगीताहरुमा प्रथमप्रथम भइरहन्थेँ । त्यसबेलामा पुरस्कारहरु भन्दा पनि ट्रफीहरु दिन्थे । पछि त मलाई अतिथि कलाकार बनाएर पो बोलाउन थाले । अतिथि भए पछि छुट्टै सम्मान पाइन्थ्यो । संगीतको खुट्किलो चढ्दैछु जस्तो लाग्थ्यो ।

**तपाईको पुर्खामा कोही यस क्षेत्रमा लाग्नुभएको थियो ?**

कोही थिएनन् ।

**पहिलो दिन स्कुल जाँदाको अनुभव ?**

पहिलो दिन स्कुल जाँदाको रमाइलो अनुभव छ मसँग । बुबाले स्कुलमा भर्ना गरिदिएर जानु भयो । हामी सबै बिद्यार्थीहरु कक्षामा गयौं । सरले हाजिरी बोलाउन थाल्नुभयो । उहाँले अम्बर गुरुङ्ग भनेर बोलाउनु भयो । मैले 'एस सर' भनेर ठूलो स्वरमा भनें । लौ त्यो अम्बर गुरुङ्ग त म होइन रहेछु । अर्कै अम्बर गुरुङ्ग पो रहेछ । मेरो त हाजिरी कपिमा नामै चढाइएको रहेनछ ।

**संगीतनाट्य प्रज्ञा प्रतिष्ठाको कुलपतिमा आफ्नो नाम सिफारिस भएको सुन्दा ?**

मैले संगीतमै जीवन विताएँ । २८ बर्षभन्दा बढी त्यसबेलाको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठामा काम गरें । खाली कर्मचारीको रुपमा काम गरें तर पद भने संगीत बिशेषज्ञको थियो । मेरो पदको शब्दलाई नै अबहेलना गरे सबैले । संगीतमा केही गर्न सकिएन । दालभातको लागि संगीत गरि हिँड्नु पऱ्यो । त्यसबेलामा मलाई कसैले वास्ता गरेन । त्यो संगीतलाई गरिएको अवहेलना, त्यो तीतो अनुभव मसँग थियो । त्यसकारण अहिले कुलपतिको लागि आफ्नो नाम सिफारिस भएको सुन्दा बिल्कुल खुसी लागेन । मैले हातै जोडेर माफ मागें कि म कुलपति बन्दिनँ । अरु नै कोही खोज्नुस् भनें । उनीहरुले मलाई मनाउन धेरै प्रयास गरे तर मेरो मनले मानेन ।

म ५० बर्षको हुँदा वा ६० वर्षको हुँदा मलाई यस्ता गहन जिम्मेवारी, काम दिएको भए हुन्थ्यो । मेरो यो ७० बर्षको उमेरमा मलाई यो सम्मान, यो कामको के अर्थ ? भनेर मैले अस्वीकार नै गरे । फेरि यो राजनीतिक खिचातानी, जालझेलमा फसेर व्यर्थै बेइज्जतमात्र भइन्छ जस्तो लाग्यो । आफू सोझो, सरल, सिधा जमानाको मान्छे, अहिलेको यो दायाँबायाँ कुरा पनि नपच्ने । यस्तो बेलामा मैले कुलपति बन्नुको औचित्य लागिहेको थिएन । परिवारले पनि मलाई यस्तै सल्लाह दिँदै थिए ।

तर साथीभाइहरुले ज्यादै जोड गरे । रत्न शमशेर थापाले मलाई फोन गरेर भन्नुभएको कुराले साह्रै चित्त बुझ्यो मेरो । तँपाईलाई यिनीहरु कुनै पार्टी, सरकारले दिएको सम्मान हो र यो । यो त सारा नेपाली जनताले दिएको सम्मान हो । तपाईंको संगीत स्रोताले दिएको सम्मान हो । त्यसकारण तपाईंको स्रोताहरुको लागि पनि तपाईले कुलपति बन्नुपर्छ भन्नुभयो । यसरी धेरै कुरालाई सोचेर मात्र म कुलपति बनें ।

**रुँदाको अविष्मरणीय क्षण ?**

संगीतलाई नराम्रो भनिने बेलामा संगीतमा लागेको मान्छे । अम्बर गुरुङ्गले दुःख पनि धेरै पाएको छ । कलाले नै दुःख पाएको समय, मैले कहाँ सुख पाउने र ? धेरै अबहेलना भोगेको छु । त्यसकारण म त धेरै रोएको छु ।

**जीवनमा गरेको कुनै बदमासी सम्झनु पर्दा ?**

म सानैदेखि सोझो मान्छे । त्यति जानेरै त बद्मासी गरेको थाहा छैन । तर स्कुले जीवनमा भएका बदमासीहरु केही सम्झन्छु ।

एकदिन एउटा केटाले मसँग मलाई त्यसै निहुँ खोज्यो । मलाई पिट्नै आइलाग्यो । मचाहिँ होइन म लड्न भिड्न सक्तिन भन्दैथिएँ । उसले त मेरो नाकमा एक बक्सिङ्ग हान्यो । मेरो नाकबाट रगत बग्नथाल्यो । त्यसपछि मैले त्यसलाई यसरी पिटेछु कि अरुले नछुट्टाएको भए त्यो मर्दथ्यो होला ।

यस्तै स्कुलमा सामूहिक गीत गाउन तयार पारेको संगीत गाह्रो बनाएको र उसले गाउन नसकेर समूहबाट बाहिरिनु परेको भनेर एउटाले मलाई बाटो ढुकेर पिट्यो । म रुँदै घर गएँ । बुबाले किन रुँदै आएको भनेर सोध्नुभयो । मैले सबैकुरा भनें । उहाँले किन रोएर आएको ? पिटेर आइज जा भन्नुभयो । ढुङ्गा बोकेर त्यसलाई हिर्काउन गएँ । त्यो म देखेर भाग्दै रहेछ । मैले त्यसलाई ढुङ्गाले हिर्काएँ । ढुङ्गा त्यसलाई नलागेर अर्काको पसलको झ्यालमा गएर लाग्यो । झ्यालको सिसा फट्यो । म त्यहाँबाट टाप भागेर घर आएँ ।

**पहिलोपटक 'तेस्रो मुलुक'को भ्रमणको अनुभव ?**

फिलिपिन्स हो मेरो तेस्रो मुलुक भ्रमण । त्यसबेला 'सङ्ग अफ एसिया' भन्ने कार्यक्रम हुन्थ्यो । म त्यसबेला एसियाको प्रतिनीधि भएर

गएकोथिएँ । त्यस्तो खालको कार्यक्रममा म कहिले पनि गएको थिएन । फेरि बिदेश भनेर त्यहाँ मेरो पहिलो पाइला थियो । त्यसैले मलाई खुब डर लागिरहेको थियो । नर्भस भैरहेको थिएँ । मैले त्यहाँ पहिला त एक शब्द पनि बोलिनँ । अरुले के के बोल्दा रहेछन् ? भनेर ध्यान दिएर सुनें अनिमात्र म बोलें ।

**बाबु–आमासँग रिसाउँदाको सम्भनै पर्ने क्षण ?**

त्यतिबेलाको समयमा संगीतमा लागेमा छोराछोरी विग्रन्छन् भन्ने थियो । बुबा आर्मी मान्छे । कोमलताका विरुद्ध कठोरता भएको अवस्था । त्यसकारण मन मिल्ने कुरा हुदैनथियो ।

म कक्षामा राम्रो गरेर पास भएपछि आमाले मलाई के किनिदिउँ भनेर सोध्नुभयो । मैले हार्मोनियम भनें । आमाले मान्नुभएन । हार्मोनियमबाहेक अरु जे भने पनि किनिदिन्छु भन्नु भयो तर मैले हार्मोनियम नै भनेर जिद्धिगरें । छोराले साह्रै चित्त दुखायो भनेर आमाले बुबा आउँदा नबजाउने सर्त राखेर किनिदिनुभयो ।

एकदिन त म हार्मोनियम बजाउँदै थिएँ । बुबा आइपुग्नुभैहाल्यो । बुबाले मलाई कराउनुभयो । त्यसबेलामा मलाई बुबा देखेर खुव रिस उठेको थियो । घृणा पनि लागेको थियो ।

तर संगीतमा लागेर दुःख पाउँदाको क्षण भने बुबालाई मैले भलभल सम्भे । बुबाआमाले छोराछोरीको कुभलो कहिले पनि नसोच्ने रहेछन् । बुबाले भनेको मानेर संगीतमा नलागेको भए । अहिले यस्तो दुःख त पाउने थिइन जस्तो लाग्यो ।

**कुनै नारीसँग आकर्षित हुँदा, प्रेम प्रस्ताव कसै सकैलाई वा कसैले राख्दा ?**

त्यस्ता क्षणहरु धेरै आए । बुबा फोर्समा हुनुभएकोले क्वाटरमा बस्दा धेरै परिवार बसिन्थ्यो । त्यसकारण धेरै केटाकेटीहरु हुन्थ्यौं । राम्रीतिर केटाहरुको आँखा जाने, राम्रातिर केटीहरुको आँखा जाने भैरहन्थ्यो । एउटी राम्री देख्यो । अलि मन परायो । मन पराउन पाएको छैन बुबाको सरुवा भैहाल्थ्यो वा उसको बुबाको सरुवा भैहा( ल्थ्यो अनि त छुट्टिइहाल्नु पर्दथ्यो । यसरी आकर्षणका क्षणहरु धेरै नै आए ।

**अनि विवाह गर्दा नि ?**

संगीतले गर्दा नै विवाह गरेको हुँ मैले । घरमा बुबाले बाजा बजाउने नदिने । बजाएको देख्यो कि गाली गरिहाल्ने । अनि त बुबाले नदेख्ने ठाउँमा गएर बजाउनु परिहाल्यो । म साथीको घरमा गएर बाजा बजाउँथे । साथीकी बहिनी थिइन् । उनी बाजा बजाएको हेर्न । चिया, खाजा पु¥याउन आउँथिन् । त्यही बेलामा भेट हुन्थ्यो । यस्तै गर्दागर्दा माया बस्यो । मैले त भगाइहालें ।

छोरीलाई राम्रो पढाउँला । राम्रो काममा लगाउँला भनेर सोचेका थिए उनको बुबाआमाले । मैले भगाइदिएपछि त उनीहरुको मनमा चोट त प¥यो तर के गर्नु ? छोरी भगाइहाल्यो । जे होस् केटा र म्रै छ भनेर चित्त बुझाए । उनले नै मलाई संगीत साधनामा धेरै सघाइन् ।

**पहिलो पटक ससुराल जाँदा ?**

उनको दाजुभाइसँग मेरो राम्रो सम्बन्ध थियो । त्यसकारण उनीहरुले पनि सम्झाए होलान् । अलि पछिपछि त राम्रो हुँदै गयो । अब राम्रो गर्नु । राम्रो होस् भन्ने नै चाहे । त्यस्तो केही भएन ।

**बाबु बन्दा ?**

म जम्मा २० बर्षजस्तो हुँदा छोरो जन्मिएको हो । आफैँ सानो अनि छोरो जन्मियो । सानै उमेरमा बाबु बनें । के भयो ? कस्तो लाग्यो ? केही थाहा भएन ।

**जीवनमा भोग्नु भएका तीता मीठा क्षणहरु सम्भनु पर्दा ?**

जीवनमा धेरै कुरा पो गरियो । भोगियो ।

प्रेम, मित्रता, सुख, दुःख सबैसबै भोगियो । धेरै जसो त हण्डर नै खाएँ । त्यसले गर्दा जीवन बुझें । सुखैसुखको जीवनभन्दा दुःख सुखको जीवन मीठो लाग्यो ।

अब गर्न बाँकी केही छैन । युवा हुँदा मृत्युलाई सम्झिएन । अब मृत्युलाई सम्झियो बस्यो । जन्मपछि मृत्यु अवस्य हो भन्ने कुरा जीवनमा भोगेका तीतामीठा क्षणले बताइदियो । यस्तै रह्यो तीता र मीठा क्षणहरु ।

**जीवनलाई फर्केर हेर्दा ?**

एकदम सुन्दर लाग्छ । कति कष्टपूर्ण थियो जीवन तर कति सुन्दर रहेछ । मान्छेले जीवनमा दुःख, सुख, हण्डर सबै खानुपर्छ जस्तो लाग्छ । दुःखै दुःखको जिन्दगी पनि कटाउन गाह्रो हुन्छ । दुःखसुख हुनु नै राम्रो जिन्दगी रहेछ जस्तो लागिरहेको छ ।

**हाल के के गर्दै हुनुहुन्छ ? कस्तो लागिरहेको छ जीवन र समय ?**

हाल प्रतिष्ठानको कार्यले व्यस्त पनि छु । एउटा फिल्ममा संगीतको कुरा भैरहेकोछ । म व्यवसायिक फिल्ममा संगीत त गर्दिन तर सृजनात्मक फिल्म भयो भने गर्छु । यस्तै एउटा फिल्ममा गइरहेको छु ।

यदि मैले त्यस्तै संगीतहरु गरेको भए । संगीतलाई विकाउमात्र सोचेको भए । म अहिले भयंकर धनी हुन्थैं । तर मैले सृजनात्मक संगीतलाई जोड दिएँ । यस्तै नै गर्छु जीवन रहुन्जेल । मजस्तो पनि संगीत दिनसक्छु तर दिन्नँ । मलाई मनोरञ्जन भन्दा आत्मरञ्जन दिने संगीत गर्न मनलाग्छ ।

अहिले संसारमै संगीतको दुनियाँमा परिवर्तन आइरहेको छ । नयाँ आउँछ । पुरानो जान्छ । फेरि त्यही पुरानो नयाँ भएर पनि आउँछ । यस्तै छ समय । तर लोभी, पापी, स्वार्थीहरुको समय आयो । यस्तो नभइदिएर सृजनात्मक संसार भइदिए मान्छेको मन पनि संगीत जस्तै कोमल, सबैको मनमा बस्ने भइदिए हुन्थ्यो जस्तो लाग्छ अनि संगीत पनि जनताको मन मनमा बस्ने, मनलाई जागृत गर्ने भइदिए हुन्थ्यो जस्तो लाग्छ ।

**भन्न मन लागेको बाँकी कुरा ?**

संगीत गरी जीवनमा कहिल्यै सम्पत्ति जोडिन । पैसालाई प्राथमिकतामा राखिन । पैसा कमाइनँ तर म संगीतकार नै हुँ ।

संगीतकारले संगीतकै बारेमा अन्तवार्ता दिने हो तर उसले जीवनमा भोगेका कतिपय कुराहरु पनि बाँड्नसक्छ । अरु कुराको पनि उ विज्ञ हुनसक्छ । उसका अनुभूतिहरु पनि अरुलाई काम लाग्न सक्छन् । यस्ता कुराहरु पनि लेख्ने, छाप्ने, जनताहरु बीच पुऱ्याउनेहरुले सोच्नु पर्दछ । •

---

## गजल
**– शान्ता अजनवी**

कसैले आँसु झारेको कथा यस्तै थियो मेरो
सबै बेथा थुपारेको कथा यस्तै थियो मेरो

तिमीले प्रेमको बाजी लगायौ त्यो त ठीकैथ्यो
नफुल्दै आँत मारेको कथा यस्तै थियो मेरो

तिमीले नै जित्यौ होला खुसी सारा लुट्यौ होला
सबैसामु म हारेको कथा यस्तै थियो मेरो

म तिम्रै लागि बाँच्नेथैं र मर्नेथैं तिमीसँगै
त्यो नाता अन्त सारेको कथा यस्तै थियो मेरो ।

# पूर्वीय दर्शन, नेपाली समाज र शिक्षा

– गणेश धमला

**१ पूर्वीय दर्शन**

पूर्वीय दर्शनको मूल आधार वेद हो। वेदलाई संसारको सबैभन्दा पुरानो ग्रन्थ मानिन्छ । यस तथ्यलाई अफ्रसम्म कुनै पनि व्यक्ति वा संस्थाले चुनौती दिन सकेको छैन । वेद विषेशगरी हिन्दूहरूको ग्रन्थ भए तापनि यसमा उल्लेख गरि एका दार्शनिक विचारहरूलाई विश्वका जुनसकै धर्म, पेशा वा समुदायका व्यक्तिहरूले सम्मान गरेको पाइन्छ ।

वेद शब्दको उत्पत्ति संस्कृत भाषाको विद् धातुवाट भएको हो । जसको अर्थ ज्ञान भन्ने हुन्छ । त्यसकारण वेद, ज्ञानको भण्डार हो भन्न सकिन्छ। व्याकरणअनुसार विद् धातु चार अर्थमा प्रयोग हुन्छ। विद् ज्ञाने, विद् सत्तायाम, विद् लाभे र विद् विचरणे। पहिलो विद् धातुले ज्ञानलाई बुझ्ाएको छ भने दोस्रोले अस्तित्व वा सत्तालाई जनाएको छ । त्यस्तै तेस्रो विद् धातुले लाभको अर्थ दिएको छ भने चौथोले तर्कयुक्त बुद्धिद्वारा ज्ञानमा विचार गर्ने भन्ने अर्थ दिएको छ।[1] त्यस्ता चारवटै धातुलाई व्यापक अध्ययन गर्दा ज्ञान, सत्ताको बोध, त्यसबाट हुने लाभ र त्यसभित्र हुने बुद्धिको विचारलाई क्रमिक रूपमा बुझ्ाएको छ । त्यसैले वेद वास्तवमा मानव जीवन उपयोगी ज्ञानको भण्डार हो भन्न सकिन्छ ।

वेदको उत्पत्ति र विकासको सम्बन( धमा विभिन्न धार्मिक विद्वान् तथा पूर्वीय दर्शनशास्त्रका विज्ञहरूको एक मत पाइँदैन । एक थरी विद्वानहरू वेद सत्य युगमा ईश्वरद्वारा सृष्टि गरिएको पवित्र ग्रन्थ हो भन्दछन् भने केही विज्ञहरू द्वापर युगमा ऋषिमुनिहरूद्वारा मानवीय जीवनमा आइपरेको समस्या समा( धानका उपाय, विविध घटनाक्रम, नीति नियमहरूको प्रत्यक्ष अनुभवको आधारमा तयार गरिएको महान ग्रन्थ हो भन्दछन् । जसलाई वेदव्यासले सरल ढङ्गवाट सङ्कलन तथा सङ्गठन गरी व्यापक वनाएका छन् भन्ने भनाई छ । आखिर यी दुवै भनाइबाट वेदको सृजना प्राचीनकालभन्दा पनि पहिले अनुमानित पाँच हजार वर्ष पहिले तयार गरि एको हो भन्ने बुझिन्छ। यस विशाल ग्रन्थलाई यसको प्रकृतिको आधारमा चार भागमा विभाजन गरिएको छ । जसलाई चार नामले चिन्न सकिन्छ पहिलो ऋग्वेद, दोस्रो यर्जुवेद, तेस्रो सामवेद र चौथो अर्थवेद । ऋगवेदमा १०, ००० उपदेशयुक्त मन्त्रहरू रहेका छन् । यसमा भिन्नभिन्न विषयका नामले व्याख्या गरिएको छ । यर्जुवेदमा २००० मन्त्रहरू र ाखिएको छ । त्यस्तैगरी सामवेदमा १५४९ मन्त्रहरू रहेका छन् भने अथर्ववेदमा ६००० मन्त्रहरू राखिएको छ। जसको संयुक्त रूपलाई वेद भनेर चिन्न सकिन्छ ।[2]

मानव सभ्यताको क्रममा वेदले ठूलो योगदान पुऱ्याएको छ । संसारमा भएका ठूला परिवर्तनहरू तथा विकासको आधार वेद नै हो भन्न सकिन्छ । किनभने विज्ञान तथा प्राविधिले गरेको चमत्कारीक कार्यको रूपरेखा वेदमा हजारौ वर्ष पहिले स्पष्ट

१. डिल्ली राम गौतम, पूर्वीय सोच र श्रोत, (भक्तपुर : स्कुल अफ ल, २०६६), पृष्ठ-२ ।
२. प्रसन्नचन्द्र गौतम, ऋगवेद संहिता, (काठमाडौः कुलचन्द्र गौतम स्मृति संस्था, २०६७), पृष्ठ-३० ।

रूपमा देख्न सकिन्छ । वेदका विभिन्न भागहरूमा मानवलाई आवश्यक पर्ने नीति निमय तथा कार्यशैलीहरूको व्याख्या गरि एको छ। वेदमा जातिको आधारमा न कोही ब्राह्मण न क्षेत्री न वैश्य र न कोही शुद्र हुन्छ भनी उल्लेख गरिएको छ ।[३] यी सवै कर्मको आधारमा विभाजन भएका हुन् भनी उल्लेख गरिएको छ। मानिसमा रहेको गुण र कार्यको आधारमा गरिएको विभाजन नै आज देखिएको विभिन्न जातिको रूप हो । यसरी वृहत् ग्रन्थ वेदमा व्याकरण, औषधि विज्ञान, धर्म विज्ञान, कर्मकाण्ड, वातावरण, संचार, मानवता र सामाजिक सोच, राजाप्रजा, न्याय तथा कानुन, विधि तथा विधान, न्यायका लागि मानेविज्ञान, शिक्षा, पोशाक, नार ीधन, नारीअधिकार, युद्धपराध तथा विभिन्न दर्शनको सम्बन्धमा उल्लेख्य रूपमा व्याख्या गरिएको छ। उल्लेखित विषयहरूको आधार मा नै पूर्वीय दर्शनको विकास भएको हो ।

उल्लेखित तथ्यहरूको आधारमा हामी वेदलाई एउटा वृहत् ग्रन्थ मान्नसक्छौँ। त्यसैले वेद पूर्वीय दर्शनको आधार तथा श्रोत हो । दर्शन सँस्कृत शब्द दृश् धातुबाट बनेको हो । जसको अर्थ हेर्नु भन्ने हुन्छ। मानिसले कुनै पनि वस्तुलाई हेरेर देखेर वा अनुभव गरेर त्यसप्रति जस्तो दृष्टिकोण बनाउँछ, त्यो नै एउटा दर्शन हो। यसरी बनाइएको नयाँ विचार, चिन्तन तथा दृष्टिकोणलाई उसले आफ्नो जीवनमा प्रेमपूर्वक अनुशरण गर्दछ भने यसलाई त्यस व्यक्तिको दर्शन मान्न सकिन्छ । त्यसैले आदिमकालमा मानव सभ्यताको क्रममा मानिसलाई सभ्यता सिकाउने, सभ्य हुन प्रेरित गर्ने मूल ग्रन्थ वेद हो। त्यसैले पूर्वीय दर्शनको शुरूवात मानव सभ्यतासँगै भएको हुँदा पूर्वीय दर्शनलाई पनि संसारको सबैभन्दा पुरानो दर्शन मान्न सकिन्छ । प्राचीनकालमा मानिसले जे जति सिके ति सबै वेदको योगदान हो । अर्कोतर्फ हिन्दू धर्मलाई संसारको सबैभन्दा पुरानो धर्म मानिन्छ। हिन्दू धर्म र वेदको प्रभावबाट विकास भएको दर्शन नै वास्तवमा पूर्वीय दर्शन हो । पश्चिमी देशहरूमा मानव सभ्यताको विकास हुन नपाउँदै पूर्वीय मुलुलहरूमा मानव सभ्यताले ठूलो फड्को मारेको थियो । समाजको विकास विभिन्न सामाजिक प्रणाली, धर्म, संस्कृति, आदिको व्यवस्थित सुरूवात भएको थियो। विशेषगरी पूर्वीय दर्शनले आध्यात्मिक चिन्तनको माध्यमबाट मानिसलाई आचारण गर्न सिकाउने, आदर्श नागरिक बन्न प्रेरित गर्ने तथा ईश्वर एवम् आत्मालाई प्रमुख स्थान दिएको पाइन्छ। पूर्वीय दर्शनअनुसार विश्व, ब्रह्माण्ड, जीव, जगत, आत्म, जीवन, मृत्यु आदि ईश्वरीय देन मान्दछ । मानव सृष्टि ईश्वरीय देन हो । अन्य जीव, जगत, पृथ्वी आदिको उत्पति र विकासमा ईश्वर ीय देन छ भनी यस दर्शनले व्याख्या गर्दछ। यसको प्रभावबाट व्यक्तिको अध्ययन धर्म ग्रन्थ तथा वेदमा केन्द्रित भएको पाइन्छ । वेदको अध्ययन तथा धर्म ग्रन्थको अध्ययन नै मुक्तिको मार्ग भन्ने ठहर यस दर्शनले गरेको छ। वेद र यसअन्तर्गत विभिन्न ग्रन्थहरूमा उल्लेख गरिएका विभिन्न उपदेश तथा चिन्तनहरूलाई व्यक्तिले आफ्नो वास्तविक जीवनमा अपनाउनुलाई पूर्वीय दर्शनले सचेत जीवन ठान्ने गर्दछ। त्यसैले प्राचीनकालमा पूर्वीय दर्शनको प्रभावबाट ठूला मठ मन्दिर तथा धार्मिक स्थलहरू स्थापना भएका थिए। जुन आज पनि नेपाल, भारतलगायत विभिन्न मुलुकमा स्पष्ट देख्न सकिन्छ। यसरी पूर्वीय दर्शनले मानव जीवनलाई सार्थक बनाउने क्रममा प्रयोग गरिएका पृथ्वी, सूर्य, वायु जल आदिलाई शक्तिको रूपमा स्वीकार

---

३. डिल्ली राम गौतम, पूर्वीय सोच र श्रोत, (भक्तपुरः स्कुल अफ ल, २०६६), पृष्ठ-३ ।

गर्ने र मान्यता दिने कार्य भएको देखिन्छ । त्यसैले हिन्दू धर्मले सूर्य, वायु, जल, पृथ्वी आदिलाई ईश्वरको रूपमा स्वीकार गरेको प्रष्ट देखिएको छ ।

पूर्वीय दर्शनको प्रमुख आधार वेद हो भने पूर्वीय दर्शनको व्याख्या तथा विश्लेषण आध्यात्मिक चिन्तनबाट मात्र सम्भव देखिन्छ। भक्तिश्रद्वा र विश्वासका दुई अत्यन्तै दरो खम्बाको आधारमा पूर्वीय दर्शन अड्को हुन्छ। यी दुवै पक्ष व्यक्तिको मानवीय अधिकार भित्र पर्दछ । यिनमा विवाद, तर्क, अनावश्यक कलह गर्नाले अशान्तिबाहेक अन्य प्राप्त हुँदैन। वेदसँग सम्बन्धित विभिन्न धार्मिक ग्रन्थहरूले पूर्वीय दर्शनलाई व्यापक बनाउन ठूलो मद्दत पुऱ्याइएको छ। विभिन्न पुराणहरू हितोपदेश, नीतिशास्त्र आदिले समाजमा कस्तो कानुन निर्माण गर्ने, कस्तो शासन प्रणाली अपनाउने, राजा र प्रजाबीचको सम्बन्ध कसरी स्थापना गर्ने, कुन कार्य ठीक वा कुन कार्य बेठीक भन्ने कुराको ज्ञान जनतालाई आध्यात्मिक चेनताको माध्यमबाट दिइएको हुनाले समाजको सम्पूर्ण पक्षमा पूर्वीय दर्शनको अध्ययन प्रयोग र यसको व्याख्या तथा विश्लेषणको अपरिहार्य विश्वव्यापी रूपमा देख्न सकिन्छ ।

पूर्वीय दर्शन वा हिन्दूहरूको ज्ञानको श्रोत वेद हो, त्यसैले यसलाई अध्यात्मिक दर्शन पनि भनिन्छ । अध्यात्मिक चिन्तनको आधारमा यसको व्याख्या गर्न सकिन्छ। पूर्वीय दर्शनमा समावेश गरिएका विभिन्न चिन्तन तथा यससँग सम्बन्धित मूल्य मान्यताहरूलाई ६ भागमा विभाजन गरिएको छ । त्यसकारण पूर्वीय दर्शनलाई षड्दर्शन पनि भनिन्छ। त्यस्ता षड् दर्शनअन्तर्गत न्याय दर्शन, वैशेषिक दर्शन, साङ्ख्यदर्शन, योग दर्शन, मीमांसा दर्शन र वेदान्त दर्शन पर्दछन् ।[४]

१.१ **न्याय दर्शनः** यो यथार्थवादी दर्शन हो । यसका व्याख्याता महर्षी गौतम हुन् । यस दर्शनले पूनर्जन्ममा विश्वास राख्दछ र ईश्वरप्राप्तिको बाटो देखाउँछ । ईश्वर सृष्टिको स्रष्टा, पालक र संहार हो । ईश्वर प्राप्तिका धेरै उपायहरू छन्। संसार सुखमय छ, त्यसैले जीवन सखुमय बनाउन ईश्वर प्राप्त गुर्न पर्दछ ।

१.२ **वैशेषिकि दर्शनः** वैशेषिक दर्शन पनि ईश्वरमा विश्वास गर्ने दर्शन हो । यसलाई कनन्द्र महर्षिले प्रतिपादन गरेका हुन् । यसले पनि ईश्वर प्राप्तिका उपायहरू देखाउँछ । संसारका सम्पूर्ण वस्तुलाई यस दर्शनले ७ भागमा बाँडेको छ जसलाई 'प्रमेय' भनिन्छ । यी सात प्रमेयहरूमा द्रव्य, गुण, कर्म, सामान्य, विशेष, समन्वय र अभाव हुनाले यसलाई पदार्थ दर्शन पनि भनिन्छ ।

१.३ **साङ्ख्य दर्शनः** यस दर्शनले संसारमा दुई तत्व प्रकृति र पुरूषलाई प्रमुख मान्दछ। यस दर्शनका अनुसार प्रकृति र पुरूषवाट नै संसार चलेको छ। पुरूष भनेको आत्मा हो र प्रकृति नित्य र चेतनाहीन छ। प्रकृतिका सत्व, रज र तम तीन गुण हुन्छन्। त्यसैले साङ्ख्य दर्शनले ईश्वरलाई स्रष्टा होइन द्रष्टा मान्दछ ।

१.४ **योग दर्शनः** योग दर्शनले पनि ईश्वर को अस्तित्वलाई स्वीकार गर्दछ। यस दर्शनले योग र साधनाबाट सेवक प्राप्त गर्न सकिन्छ भन्ने विश्वास राख्दछ। यस दर्शनलाई महर्षि पतञ्जलिले विकास गरेका हुन् । मन वा चित्तलाई एकीकृत गरी आत्मालाई एकाग्र पारिने हुनाले यसलाई चित्तवृद्धि निरोधक भनिएको हो ।

१.५ **मिमांसा दर्शनः** जेमिनीद्वारा प्रतिपादित यस दर्शनको विकास बुद्ध दर्शनले वेदको

---

४. प्रेमनारायण अर्याल र अन्य, शिक्षाको दर्शशास्त्रीय र समाजशास्त्रीय आधार, (काठमाडौं : क्वेस्ट पब्लिकेशन), पृष्ठ २०७ ।

खण्डन गरेको कारण भएको हो । कुनै पनि क्षेत्रमा देखा परेको समस्याको तर्कपूर्ण समाधान गर्नुपर्छ, भन्ने धारणा यस दर्शनले राख्दछ। यसले भौतिक जगत् सत्य हो भन्दछ भने आत्मलाई चेतना हो भन्दछ ।

१.६ **वेदान्त दर्शन**: यस दर्शनको विकास उपनिषद्को आधारमा गरिएको हो। यसको अनुसार अनेकतामा एकता नै सत्य हो र संसार मिथ्या हो । वेदान्तको ज्ञानद्वारा अज्ञानताको नास हुन्छ र मानिसले मोक्ष प्राप्त गर्दछ ।

**२.नेपाली समाज**

नेपाली समाज प्राचीनकाल देखि नै पूर्वीय दर्शनबाट प्रभावित भएको समाज हो। नेपाल प्राचीनकालदेखि नै विविधताले पूर्ण भएको एक समृद्ध समाज भनेर चिनिन्छ। नेपालको उत्पत्तिकालदेखि नै यहाँ पूर्वीय दर्शनको प्रत्यक्ष प्रभाव परेको र सोहीअनुसार समाजको विकास भएको देख्न सकिन्छ। त्यसैले नेपाल एक प्राचीन मुलुक हो। विभिन्न धर्मग्रन्थहरू तथा पुराणहरूले यसलाई प्राचीन भूमिको रूपमा वर्णन गरेको छ। नेपालको इतिहासमा लिच्छवी शासन कालभन्दा अघिको समाजलाई व्याख्या गर्न सकिने भरपर्दो प्रमाण भेट्न सकिँदैन ।[५] तापनि लिच्छवी कालभन्दा पहिले वंशावली र पुराणहरूको आधारमा मात्र यस युगको वर्णन गर्न सकिन्छ। विभिन्न धार्मिक ग्रन्थहरू जस्तै स्वास्थानी, रामायण, पुर ाण आदिमा नेपाल भूमिको वारेमा उल्लेख गरिएको कारणबाट पनि नेपाली समाज प्राचीनकालदेखि नै पूर्वीय दर्शनबाट पूर्ण रूपमा प्रेरित भएको मान्न सकिन्छ ।

नेपालको इतिहासमा नेपालमा सबैभन्दा पहिले शासन गर्ने वंश गोपाल वंश हो । गोपाल भन्नाले गाईको पालन गर्ने समुदाय भन्ने बुझिन्छ। काठमाडौँ उपत्यकाबाट पानी वगेर बाहिर गएपछि वस्ती वस्न योग्य भयो र दक्षिण तिरबाट पशुपालन गर्नका लागि गोपाल तथा महिषपालहरु यहाँ आएका हुन भनिन्छ। गोपाल वंशीहरूको सम्बन्ध गाई पालन गर्ने र पशुपति वा शिवसँग सम्बन्ध रहेको देखिएको कारण उनीहरू हिन्दूधर्म वा पूर्वीय दर्शनका अनुयायी थिए भन्न सकिन्छ।

गोपाल वंशीहरूको शासन कालपछि नेपालमा किराँतहरूको शासन सञ्चालन भएको इतिहासले उल्लेख गरेको छ। त्यतिबेला पूर्वतिरबाट आएका किराँतहरूले गोपालहरूलाई युद्धबाट हराई नेपालमा आफ्नो शासन सञ्चालन गरेका थिए । किराँतहरू पूर्णरूपमा हिन्दू नभए तापनि पूर्वीय दर्शनबाट प्रेरित भएको स्पष्ट देख्न सकिन्छ । किराँतीहरूको २७ दखि ३२ जना र ाजाहरूले राज्य गरेको इतिहासले उल्लेख गरेको छ ।[६] लिच्छवीहरू भारतको वैशालीबाट आई नेपालमा शासन गरेका हुन्। नेपाली इतिहासमा लिच्छवी शासनकाललाई विविध कारणले महत्वपूर्ण मानिएको छ। यसै समयमा नेपाली समाजमा भएका विभिन्न क्रियाकलापहरूको यथार्थ प्रमाण भेटिएको छ। विभिन्न शिलालेख, ताम्रपत्र तथा अन्य प्रमाणको आधारमा यसलाई वैधता दिन सकिएको छ। यस समयका चर्चित शासकहरूमा मानदेव, अंशुवर्मा, नरेन्द्रदेव आदिले शासन गरेका थिए । यसै समयमा नेपाल तिब्बत तथा भोटसँगको सम्बन्ध विस्तार भएको थियो। नेपालमा ठूला मठमन्दिर, देवालय एवं कला कौशलको प्रचुर मात्रामा विकास यसै समयमा भएको थियो । देशमा शासन सञ्चालन गर्ने, कानुनको निर्माण र कार्यान्वयन व्यावसाय तथा समाज सेवाजस्ता कार्यहरू कुशलतापूवर्क सम्पन्न भएका थिए । यी सबै कार्यदलहरू पूर्वीय दर्शन वा अध्यामिक चिन्तन

५. पेशल दाहाल, नेपालको इतिहास र सस्कृति, (काठमाडौ : एम.के. पब्लिकेसन, २०५७), पृष्ठ-११ ।
६. दहाल पेशल, नेपालको इतिहास र सँस्कृति, (काठमाडौ : एम.के. पब्लिकेसन, २०७५), पृष्ठ-१४ ।

तथा धार्मिक विधि र परम्परामा आधारित भएर गरिएको थियो ।

त्यस्तैगरी नेपालको इतिहासमा वि.सं. ९३७ देखि मल्लकाल जसलाई मध्यकाल शुरू भएको मानिन्छ ।[७] त्यस समयमा नेपालमा लिच्छवी शासकहरूलाई हटाई मल्ल राजाहरूले लामो समयसम्म नेपालमा राज्य गरेका थिए । मल्ल राजाहरू धार्मिक विश्वास गर्ने खालका थिए । शासन सञ्चालनका सबै नीतिनियम धर्ममा आधारीत थियो । कला तथा साहित्यको क्षेत्रमा यस समयमा निकै ठूलो उन्नति भएको थियो । मल्लकालमा बनेका ठूला मठ, मन्दिर तथा देवालयहरू अझै पनि देश विदेशमा चर्चित छन् । त्यस्ता कला र साहित्यमा पूर्वीय दर्शनको प्रभाव देख्न सकिन्छ । मल्लकालमा केही चर्चित तथा सुधारवादी शासकहरूले र ाज्य सञ्चालन गरेका थिए । जस्तै जयस्थिति मल्ल, यक्ष मल्ल, महेन्द्र मल्ल, प्रताप मल्ल, जय प्रकाश मल्ल, सिद्धिनरसिंह मल्ल, भूपतिन्द्र मल्ल, रणजित मल्ल आदि । उल्लेखित मल्ल र ाजाहरूको समयमा पनि देशमा शासन सञ्चा( लनको मूल आधार पूर्वीय दर्शनको आदर्शलाई लिएको थियो ।

शासन सञ्चालन, कानुनको निर्माण र पालना, पेशा तथा व्यावसाय, समाजको वनोट रहनसहन, खानपान, भेषभूषा, कला कौशल, आदिको व्यावस्था धार्मिक विधिको आधारमा गरिएको थियो । उक्त समयमा नेपालमा बुद्ध दर्शनको प्रभाव देखिए तापनि हिन्दु धर्म तथा पूर्वीय दर्शनले नै नेपाली समाजमा व्यापक प्रभाव पारेको थियो ।

गोरखाका राजा पृथ्वीनरारायण शाहले वि.सं. १८२५ मा काठमाडौं उपत्याकामाथि विजय प्राप्त गरेदेखि नै नेपालमा आधुनिककाल वा शाहक( ालको शुरूवात भएको मानिन्छ । शाहकालमा भएका विभिन्न घटना र विकास क्रमको विविध पक्षको अध्ययन गर्दा त्यस समयमा पनि नेपाली समाज पूर्वीय दर्शनबाट नै प्रभावित भएको देख्न सकिन्छ । त्यतिबेलाका राजा तथा महाराजाहरूले युद्धमा अपनाएका नीति, समाजमा हुने सामाजिक क्रियाकलाप, संस्कृति र धर्मका सम्पूर्ण पक्षहरू पूर्वीय दर्शनसँग प्रत्यक्ष सम्बन्धित भएका कारण शाहकालको शुरूदेखि वर्तमान अवस्थासम्म सोहीअनुसारको सामाजिक बनोट तयार भएको छ । नेपाल प्राचीनकालदेखि बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक भएको मुलुक हुनाले यहाँ विविध जातजात, भाषाभाषी र संस्कृतिहरू छन् । यसरी हरेक पक्षमा विविधता पाइएतापनि प्रत्येक जाति, भाषा, समुदाय तथा संस्कृतिमा पूर्वीय दर्शनले प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । नेपालमा हिन्दु, बुद्ध, जैन धर्म मान्ने मानिसहरू प्रत्यक्षरूपमा पूर्वीय दर्शनबाट प्रेरित छन् भने पछिल्लो चरणमा देखा परेका इस्लाम तथा ईसाई धर्मका अनुयायी र उनीहरूको समाज तथा संस्कृतिमा भने यस दर्शनले प्रभाव परेको देखिँदैन ।

### ३. नेपालमा शिक्षा

विश्वमा मानव सभ्यताको उत्पत्तिसँगै शिक्षाको सुरूवात भएको मानिन्छ । त्यतिबेला मानिस जङ्गली र ढुङ्गेयुगमा थियो । जङ्गलमा वस्नु, कन्दमूल खानु, सिकार गर्नु, उनीहरूको दैनिकी थियो । त्यतिबेला आदिम मानवहरूलाई सिकार गर्न, आफूभन्दा बलियो जङ्गली जनवारसँग बँच्न सीपको आवश्यकता पर्दथ्यो । यस्ता सीपहरू उनीहरू आफूभन्दा अग्रजहरूसँग लिने गर्दथे भने जङ्गलमा वा ओडारमा रहँदा आउने कठिनाइसँग विस्तारै अभ्यस्त हुँदै नयाँ सीपहरू सिक्दै जाँदा उनीहरूको सभ्यतामा पनि परिवर्तन आएको थियो । यसै क्रममा आगोको आविष्कार, खेतीपाती, पशुपालन, सामूहिक बसोबासको माध्यमबाट बिस्तारै समाजको विकास भएको हो । यसरी हुने विकासमा पनि उनीहरूमा सीप, ज्ञानको आवश्यकता पर्दथ्यो र त्यस्ता सीपहरू अनियमति तरिकाले सिक्दै गए । तर उनीहरूलाई त्यस्ता सीप कहिले कोसँग र कसरी सकियो भन्ने चेतना हुँदैन्थ्यो । यस

७. ऐजन, पृष्ट- २८ ।

प्रकारले मानिसले सिक्ने सीपलाई वा ज्ञानलाई एक प्रकारको शिक्षा, जुन अनियमित पद्धतिमा आधारित थियो भन्न सकिन्छ ।

यही क्रम विस्तारै अगाडि बढ्दै जाँदा समाजको विकास भयो । मानिसका आवश्यकताहरू क्रमशः बढ्दै जाने क्रममा नयाँ खोज तथा आविष्कारहरू भए जसले मानिसको सभ्यतालाई अझ विकास गरायो । अब मानिस आफूलाई आवश्यक पर्ने खास सीप तथा ज्ञानहरू व्यक्तिमार्फत् सिक्नसक्ने भयो । आफूलाई आवश्यक सीप तोकिएको व्यक्तिमार्फत् सङ्गठित भएर सिक्ने र आफूलाई सोहीअनुसार परिवर्तन गरी अगाडि बढ्ने प्रक्रियालाई नै वास्तवमा अनौपचारिक शिक्षा भनिएको हो । अनौपचारिक शिक्षाले मात्र मानिसको जीवनमा परिवर्तन ल्याउन नसक्ने हुनाले औपचारिक शिक्षाको थालनी भयो । समाजको विकास र शिक्षाको विकास तीव्र गतिमा एक आपसमा परिपूरक भई अगाडि बढेका कारण समाज आजको अवस्थामा आइपुगेको हो ।

साधारणतया ई.पू.को समयलाई हामी प्राचीनकाल मान्दछौँ भने इ.सं. पछि १५औं शताब्दीसम्मलाई मध्यकाल मानिन्छ र १५औं शताब्दीपछिको समयलाई आधुनिकाल भनी विभाजन गरिएको छ । तर, नेपालका सन्दर्भमा शैक्षिक विकासको दृष्टिकोणले विभिन्न ढङ्गबाट विभाजन गरिएको छ । जस्तै नेपालको उत्पत्तिदेखि लिच्छवीकालको अन्त्यसम्मलाई प्राचीनकाल, मल्लकालको शुरूदेखि अन्त्यसम्मलाई मध्यकाल, काठमाडौँ उपत्यकाको एकीकरणदेखि वि.सं. १९०३ सम्मलाई शाहकाल, वि.सं. १९०३ देखि २००७ सम्मलाई राणाकाल र २००७ सालदेखि अगाडिलाई हामी शिक्षाको आधुनिककाल भनी व्याख्या गर्दछौँ ।

प्राचीनकालीन नेपालको शिक्षा गुरुकूल पद्धतिमा आधारित थियो । पढ्न चाहने विद्यार्थीहरू गुरुकूलमा गएर पढ्ने हुनाले यसलाई गुरूकूल पद्धति भनिएको हो । धार्मिक ग्रन्थहरूको अध्ययन, अनुशासनको विकास र आदर्श नागरिक तयार गर्नु यसको प्रमुख कार्य हुने गर्दथ्यो । विभिन्न धार्मिक ग्रन्थहरूलाई पाठ्यपुस्तकको रूपमा प्रयोग गरिन्थ्यो । हिन्दुहरूलाई मठमन्दिरमा राखेर शिक्षा दिइन्थ्यो भने बुद्धिष्टहरूलाई गुम्बा तथा विहारहरूमा राखेर शिक्षा दिने काम त्यतिबेला, विहारमा बस्ने बौद्धचार्य र कार्यालयमा काम गर्ने व्यक्तिहरूलाई विभिन्न ठाउँमा राखेर शिक्षा दिने काम हुन्थ्यो । त्यतिवेला आवश्यकता हेरी धर्म ग्रन्थ वेद, कला, इतिहास, भूगोल, श्रेस्ता जस्ता विषयहरूलाई पाठ्यपुस्तकको रूपमा पढाउने काम गरिन्थ्यो । त्यतिबेला खासगरी कला तथा कौशलतामा विशेष जोड दिने चलन थियो । त्यसैले प्राचीन तथा मल्लकालको शिक्षा प्रणालीमा पनि पूर्वीय दर्शनको प्रभाव प्रष्ट देख्न सकिन्छ ।

शाहकालीन शिक्षालाई नेपालमा शिक्षाको उपेक्षाको समय भनिन्छ । यस समयमा मल्लकालमा भएका शैक्षिक विकासलाई निरन्तरता दिइयो भने पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यकाको एकीकरण गरेपछि शैक्षिक विकासमा केही योगदान पुऱ्याएका थिए । उनले शैनिक शिक्षामा जोड दिए भने सेनाका छोराछोरीलाई पढ्न विशेष व्यावस्था मिलाएका थिए । तर शिक्षाको व्यवस्थित विकास गर्न नसकेकाले यसलाई उपेक्षाको समय भनिन्छ । वि.सं. १९०३ देखि नेपालमा राणशासन शुरू भयो । राणा शासनलाई शिक्षाको विरोधीकाल भनिन्छ । युरोपको भ्रमणपछि राणा प्रधानमन्त्री जङ्गबहादुरले वि.स. १९१० मा थापाथली दरबार स्कुल खोलेका थिए । स्थापनाकालमा त्यस विद्यालयको पाठ्यक्रम बेलायत सरकारले व्यवस्था गरेअनुसार भए पनि पछि यसलाई परिवर्तन गरी शिक्षा दिने काम भयो । पछिका राणा प्रधानमन्त्रीहरू जस्तै रणोद्दीप सिंह, देवशमशेर तथा पद्म शमशेर राणाहरूले खोलेका विद्यालयहरूमा राखिएको सबै पाठ्यपुस्तकहरू हिन्दू धर्म ग्रन्थसँग सम्बन्धित,

नेपाली भाषा साहित्यसँग सम्बन्धित, नेपाली कला र संस्कृतिसँग सम्बन्धित भएका हुनाले त्यतिवेलाको शिक्षा प्रणालीमा पनि पूर्वीय दर्शनको प्रभाव स्पष्ट देख्न सकिन्छ ।

## ४. निष्कर्ष

वि.सं.२००७ सालमा नेपालमा राणा शासन अन्त्य भई प्रजातन्त्रको स्थापना भयो । यही समयदेखि नेपालमा शिक्षाको योजनावद्ध विकास भएको हुनाले हामी यसभन्दा अगाडिको समयलाई शिक्षामा आधुनिककाल भन्दछौँ । प्रजातन्त्रलाई संस्थागत गर्नका लागि शिक्षाको खाँचो पर्ने हुनाले त्यसपछि विभिन्न शिक्षा आयोगहरू बन्दै गए जस्तै राष्ट्रिय शिक्षा योजना आयोग -२०११, सर्वाङ्गीण राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन -२०१८, रा. शिक्षा पद्धतिको योजना -२०२८-३२, शाही उच्च शिक्षा आयोगको प्रतिवेदन -२०४०, राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन -२०४९, उच्च स्तर ीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन -२०५५ र शिक्षा सम्वन्धी उच्चस्तरीय कार्यदलको प्रतिवेदन -२०५८ तयार गरिएका थिए ।[८]

उल्लेखित हरेक शिक्षा आयोग र उक्त आयोगले बुझाएको प्रतिवेदनले नेपालमा शिक्षाको उद्देश्य, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षाको संरचना, विधि, मूल्याङ्कन प्रक्रिया, शिक्षाको राष्ट्रिय नीति तथा सम्पूर्ण पक्षहरूलाई समायानुकूल हुनेगरी सिफारिस गरेको छ । यसरी तयार गरेको प्रतिवेदनमा यसभन्दा अघि भएका शिक्षाका पूर्वाधार तथा प्रणालीलाई सुधार गर्दै यसका असल पक्षहरूलाई यथावत राखी नेपालको धर्म, संस्कृति, विधि, परम्परा, समाज, राष्ट्रको आवश्यकता हेरी राज्यद्वारा कार्यान्वयन गर्न सम्भव हुने गरी सिफारिसहरू गरिएका थिए । सोही सिफारिसको आधारमा नेपालमा हालसम्म शिक्षा प्रणाली अगाडि बढेको छ । त्यसैले नेपालमा हाल तीन प्रकारका विद्या( लयहरू जस्तैः साधारण, संस्कृत र वेद विद्याश्रम छन् भने बहुविश्वविद्यालय नीतिअनुरूप नेपालमा हाल ६ वटा विश्वविद्यालयले उच्च शिक्षाको क्षेत्रमा कार्य गरिरहेका छन् । समग्र रूपमा भन्दा नेपालको शिक्षा प्रणालीमा विद्य( ालय तहदेखि विश्वविद्यालय तहसम्म प्रत्यक्ष-अप्रत्यक्ष रूपमा पूर्वीय ज्ञान तथा पूर्वीय दर्शनको प्रभाव परेको देख्न सकिन्छ । अझ भन्ने हो भने आधुनिक विज्ञान र प्रविधिको विकासमा पूर्वीय दर्शनलाई समावेश गर्न सकियो भने विकाससँगै सभ्य, इमान्दार, नैतिकवान् तथा आदर्श नागरिक तयार गर्न सकिन्छ । त्यसैले आज विश्व जगत्मा पूर्वीय दर्शनलाई व्यापक बनाई विद्यालय तथा विश्वविद्यालयमा कार्यान्वयन गर ाउनु आजको आवश्यकता हो ।

## सन्दर्भ ग्रन्थसूची

१. डा. अर्याल, प्रेमनारायण र अन्य, शिक्षाको दर्शशास्त्रीय र समाजशास्त्रीय आधार, काठमाडौंः क्वेस्ट पब्लिकेशन, २०६६ ।
२ गौतम, प्रसन्नचन्द्र, ऋग्वेद संहिता, काठमाडौ : कुलचन्द्र गौतम स्मृति संस्था, २०६७ ।
३. दहाल, पेशल, नेपालको इतिहास र सँस्कृति, काठमाडौ : एम.के. पब्लिकेसन, २०७५ ।
४. पौडेल, लेखनाथ, शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०५५ ।
५. शर्मा, गोपीनाथ, नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरू, काठमाडौंः मकालु पब्लिकेशन, २०६२ ।

---

८. गोपीनाथ शर्मा, नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरू, (काठमाडौं : मकालु पब्लिकेशन, २०६२), पृष्ठ- च ।

# स्मृति

– इशा शाह

"हलो मलाई चिन्नुभएन ?" बाटोमा म आफ्नै सुरले हिंड्दै गर्दा एउटीले घुच्याउँदै भनिन् ।

मैले उनलाई राम्ररी हेरें तर मेरो मनको अन्तरकुन्तरमा कतै पनि उनको छवि थिएन । त्यसैले उनलाई मैले 'चिनें' भन्न सकिनँ र पक्क परेर उनलाई हेरिरहें ।

उनलाई असजिलो लागेछ क्यारे "लौ बिर्सेको भए म हिंडे ।" भन्दै अघि बढिन् । मैले उनलाई रोक्न सकिनँ । तर केहीबेर रोकिएको भए हुन्थ्यो भन्ने चाहिँ मलाई लाग्दैथ्यो तर उनी मबाट टाढा पुगिसकेकी थिइन् । म गह्रौं मन लिएर आफ्नो बाटो लागें । कार्यालयमा पुगेपछि मैले आफ्ना साथीहरुलाई उक्त घटनाबारे बताएँ । कोही साथीहरुले धन्न बचेछौ कोही ठग थिई होली भने, कसैले कस्ती थिइ भनेर सोधे भने कसैले चाहिँ के बोल्न पनि गाह्रो मानेको त भने । दशथरि मुखको दसवटा कुरा भनेर म चुप लागें । तर मेरो मनबाट उनी हट्दै हटिनन् । दिनभरि काममा मन लागेन र साँझमा कार्यालयबाट फर्कंदा त्यही बाटो हुँदै फर्के । उनलाई बाटोमा भेटिन्छ कि भन्ने झिनो आश लिएर तर अहँ उनी कतै फेला परिनन् । बिहान उनलाई भेटेको ठाउँको वरिपरि यसो टहलिएँ, त्यही पनि कतै देखा परिहाल्लिन् कि भनेर तर अहँ उनी देखा परिनन् र म निरास मन लिएर घर फर्किएँ । उनी असाध्यै राम्री, बिर्सनै नसकिने रुप रङ्गकी पनि होइनन् उनमा के थियो, त्यस्तो र मैले उनलाई भुल्न सकिनँ म आफैंलाई आश्चर्य लाग्यो । जति बिर्सन खोजें उती उनलाई आफ्नो समीप पाएँ के भएको यो ? म आफैंलाई आफैं देखेर नौलो लाग्यो ।

उमेरको उकाली र कार्यालयको कामको सिलसिलामा कति केटीहरुसँग परिचय भयो । कतिसँग बसउठ पनि भयो । तर यसरी बेचैन गराउने खालको अनुभव भने मलाई कसैले गराउन सकेको थिएन । तर उनमा त्यस्तो के थियो र मलाई यो छटपटि भइरहेको छ, म आफैं अनुत्तरित थिएँ । मन र शरीर दुवैले उनलाई खोज्दै थियो ।

अब भेट हुन्न कि उनीसँग, मनभित्र कता कता चिसो पस्यो । मेरो मनले अनि भेटे के भो त भन्नै सकेन । कोही मान्छे त कस्ता हुने, यस्तो मान्छे त मैले कहिल्यै भेटेकै थिइनँ, यस्तै के के सोच्दै थिएँ म त निदाएछु । बिहान घडीको घण्टीले मलाई ब्युँझायो । उठ्न मनै थिएन तर पनि उठ्नैपर्ने थियो, सकी नसकी उठें र आफ्नो नियमित कामतर्फ लागें, मनमा घरीघरी हिजोको अनुहार आउँथ्यो । उनलाई एकातिर पन्छाएर मैले आफ्नो काम सकेर खाना खाइवरि कार्यालय जान तयार भएँ । ममा एउटा उत्साह थियो आज पनि उनी भेटिन्छिन् कि ! तर अहँ उनी भेटिइनन् ।

धेरै दिनको त्यही बाटो ओहोर दोहोर गर्दा पनि उनीसँग देखभेट नहुँदा मैले करिब-करिब उनलाई बिर्सिसकेको थिएँ । उनलाई बिर्सन अब मलाई त्यति गाह्रो हुन छोडेको थियो । जति सुरु सुरुमा भएको थियो । कहिलेकाहीँ म आफैंलाई स्वार्थी भन्न मन लाग्थ्यो किनकि मैले उनलाई बिर्सदैथिएँ । कहिलेकाहीँ लाग्थ्यो

उनी को हो र मेरो मैले सम्झेर मनमा अनेक सपना बुनिरहनु ? म आफैंले आफैंलाई सम्झ(ाउँथे, कतिचोटी हतास हुन्थें, निरास बन्थे अनि विकल्प केही नहुँदा निचोरिएर बस्न बाध्य हुन्थें त्यसैले त विस्तारै विस्तारै म उनलाई भुल्ने क्रममा थिएँ ।

एकदिन म आफ्नो नियमित कार्यक्रमअनुसार कार्यालय जाँदै थिएँ, त्यही पहिलाको ठाउँमा उनी देखिइन् । मैले आफूलाई सम्हाल्नै सकिनँ र दौडेर उनको अगाडि उभिन पुगें । उनले मलाई हेर्दै भनिन् “माफ गर्नुहोला”

“मलाई बिर्सेको ?” मैले सोधेँ ।

“मैले सम्झिनँ त ।” उनले मलाई हेरेर निधार खुम्चाउँदै भनिन् ।

“म यमन ।” मैले आफ्नो परिचय दिएँ ।

“यमन नाम गरेको मान्छे त मेरो दिमागमा खोई कोही भए जस्तो लाग्दैन ।” उनले भनिन् । “छि तिमी त कस्ती मलाई पनि भुल्न सक्ने ? के भएकी तिमी ?” मैले कुरा बनाउँदै भनें ।

“त्यसो भए म को त ? मेरो मतलब मैले तपाईंलाई बिर्सेछु ल भयो तपाईंले त मलाई सम्झनुभएको होला, मेरो नाम के भन्नु त ?” उनले सोधिन् ।

म उनको प्रश्नको चेपाईमा पर्दै थिएँ तर मैले कुरा बराल्ने कोसिस गर्दै भने “म तिमीलाई भुल्न सक्दैन सक्दिन नि, तर यहाँ बसेर कति गन्थन गर्नु, यतिका पछि भेट भएको छ, कमसेकम एक कप कफी त पिऔं सँगै बसेर ।” उनी भित्र म को के भनेर जान्ने कौतुहलता थियो होला त्यसैले उनी मेरो पछि लागिन्, यसमा मैले आफूले आफैलाई भाग्यमानी ठानें ।

अलिक बेर हिंडिसकेपछि कफी पसल आइपुग्यो, म त्यसै पसलभित्र छिरें, उनी पनि मेरो पछिपछि आइन् र प्रश्नसूचक दृष्टिले मलाई हेरेर ठि” उनी भित्र म को के भनेर जान्ने कौतुहलता थियो होला त्यसैले उनी मेरो पछि लागिन्, यसमा मैले आफूले आफैलाई भाग्यमानी ठानें ।

अलिक बेर हिंडिसकेपछि कफी पसल आइपुग्यो, म त्यसै पसलभित्र छिरें, उनी पनि मेरो पछिपछि आइन् र प्रश्नसूचक दृष्टिले मलाई हेरेर ठिङ्ग उभिइन् मैले उनलार्य बस्न अनुरोध गर्दै भने “बस न ।”

उनी कुर्सी तानेर बसिन् । मैले सोधें “के पिउने ?”

“कफी ।” उनले भनिन् ।

“खाना खायौ ?”

“नाईं छैन ।”

“कफीसित केही खाने हो त ?”

“तपाईं नि ।”

“तिमी खान्छौ भने म नि खान्छु नि ।” मैले भने ।

“हुन्छ तर धेरै होइन है ।” उनले भनिन् ।

“ल दुईवटा कफी र केक मागुँ त ?” मैले उनलाई सोधें ।

“हुन्छ ।” उनले भनिन् ।

मैलेक फी अर्डर गरें अनि केक तत(ाउन भनेर आफ्नो ठाउँमा आएर बसें । उनी र म आमनेसामने थियौं, मैले उनलाई धेरैबेर नियालें । उनको अधरमा एकपछि अर्को गर्दै आरोह अवरोहहरु देखापर्दै हराउँदै थिए । म भने अब उनलाई के भनुँ भन्ने विचारमा थिएँ । केक र कफी आइपुग्यो । उनले चिनीको भाँडा खोल्दै भनिन् “चिनी कति राखौं ?”

“मलाई एक चम्जा भए पुग्छ ।” मैले भनें ।

“गुलियो कम खानुहुन्छ कि के ?” उनले सोधिन् ।

“होइन त्यस्तो त तर चिनी बढी भयो भने कफीको स्वाद नै आउन्न ।” मैले भनें ।

"एक कुरा त्यसो पो ।" उनले चिनी हालेर क फी चलाउँदै भनिन् ।

"हो त ।" मैले भनें ।

"लौ पिउनुस् ।" उनले चिनी घोलेको कप मतिर सार्दै भनिन् ।

"अनि तिमी त ?" मैले कप समाउँदै सोधें ।

"आफू त खान्छु चिनी त ।" उनले दुईचम्चा चिनी हालेर कपमा घोल्दै भनिन् ।

"सेलाउन लाग्यो पिउ न ।" मैले भनें ।

"म वास्तविकताको पर्खाइमा छु ।" उनले भनिन् ।

"मैले बुझिनँ ।" मैले नबुझेझैं गरेर भने ।

"तपाईंलाई मैले जति सम्झन खोज्दा पनि को भनेर ठम्याउन सकिनँ । मेरो जिन्दगीमा कतै पनि तपाईंलाई मैले भेटेजस्तो लागेन त्यसैले... ।" उनले स्पष्ट गर्नखोजिन् ।

"के नचाहिने कुरा गरेको पहिला खाउ, अनि कुरा गरौंला ।" मैले भनें ।

उनले कफीसँगै फटाफट केक खाइन् र सोधिन्

"अब भन्नु म को ?"

"तिमी रिसाउँदिनौं ? मैले उनको हात समाउँदै भनें ।

"किन रिसाउने म ?" उनले मेरो हातबाट आफ्नो हात छुटाउँदै सोधिन् ।

"एक महिना जति अघि तिमीले मलाई आज भेट भएको ठाउँमा म हिंडिरहँदा घुच्याएर सोधेकी थियौ नि हो म त्यही मान्छे हो ।"

"ओहो म त... ।" उनले अतीत सम्झदै भनिन् ।

"त्यसबेलासम्म मत मैले कहिले सम्झेको थिइनँ तर तिमीले लौ बिर्सेको भए म हिंडे भनेर जब हिंड्यौ नि त्यसपछि त के भो के मैले तिमीलाई बिर्सनै सकिनँ र.. ।" बिनित स्वरमा मैले भनें ।

"म झुक्किएछु ।" उनले भनिन् ।

"तिमी झुक्किएछौ म भने तिमीसँगको भेटले जीवनको यथार्थ धरातमाल यसरी पछारिएँ कि के भनौं कति रात त निदाउन नि सकिनँ ।" मैले भनें ।

"लौ किन ?" उनले आश्चर्य मान्दै सोधिन्

"किन किन ?" मैले भनें ।

"कारण त होला नि ?" उनले सोधिन् ।

"बिर्सन सकिनँ ।" मैले यथार्थ भनें ।

"लौ तपाईं मलाई उडाउँदै हुनुहुन्छ ।" उनले भनिन् ।

"होइन, साँच्चै होइन । त्यो दिनको अकस्मात भेट, छोटो समयको तिम्रो कुरा गराई त्यसपछिको पीडा त मलाई मात्र थाहा छ त्यस्तो सायद कसैलाई नि नहोला ।" मैले भनें ।

"नहोस् पनि ।" उनले उठ्दै भनिन् ।

"किन उठेकी ?" मैले सोधें ।

"नजाने ? कता हिंडेको मान्छे हो त्यसै बरालिएर ।" उनले म नजिक आएर मेरो आँखामा हेर्दै सोधिन् ।

"म त अफिस हिंडेको तिमीसँग भेट भयो ... ।" मैले आफ्नो वाक्य टुंग्याउन सकिनँ । किनकि उनीसँग हुने सम्भावित विछोडको पीडाले म विक्षिप्त बन्दै थिएँ ।

उनको मोबाइल बज्यो, "लौ अब मलाई मार्ने भए, लागें म ।" भन्दै उनी ढोकातिर लागिन् ।

"कमसेकम तिम्रो नाम त भनेर जा( ऊँ ।" मैले सकिनसकी भनें किनभने मेरो मन भक्कानिदैथियो ।

"म अक्षता, नआतिनुहोस् यमनजी, हाम्रो भाग्यमा भए अवश्य भेट हुन्छ ।" भन्दै उनी ढोकाबाट निस्किएर अलप भइन् । म भनें उनी गएको हेरेर टोलाइरहें ।

◆

# अन्तर मनको अनुभूति

– विमल गिरी

पराग !
जीवनको डुङ्गामा
तिम्रो प्रेमको चुम्बन
सौन्दर्यको कोमल स्पर्श
अङ्कित हुँदा
खुशीले गद्‌गद्‌ हुँदै
सम्वेगात्मक अनुभूतिलाई
अर्पण गर्दै मनको कुइनेटोबाट
घाम छर्न मन लाग्छ
रङ्ग बदल्न मन लाग्छ
सुहाइदिन मन लाग्छ
फुलको थुङ्गा भएर

पराग !
कैचिमार गुन्यु
चौबन्दी चोलो
काँचका चुरा
ढुङ्ग्री बुलाकिले सजिएकी
रहर र उमङ्गले भरिएकी
निधारमा रातो टिका
पसिनाले लतपत भिजेकी
पोक्ची गाला
पहाडकी परी

मेरी पराग !
आँखा कोल्ट्याएर
तिमीलाई हेर्नेहरुको बीच
जिन्दगीको भूगोल
नाप्नेहरुको माझ
अक्कालब भिर उक्लन
सजिलो कहाँ छ र ?
ब्वासाहरुको बगालमा

पराग !
भताभुङ्ग भएर
भत्किरहने मन सँगै
तिमीले भोगिरहेकी
अधबैंसे दैनिकी
थिलिथलिएर विवशतामा
ढल्नुहुँदैन
कसैसित रात साटेर के भयो र ?
परस्त्रीगमन गर्नेहरुको भिडमा
कुठाराघात गर्नेहरुको बगालमा
रङ्गीन चस्मालक
सजिब चित्रलाई हेर्दा
खल्लो अनुभूति हुनेहरुको माझमा
साइनो जोड्नु अनर्थ
हुँदोरहेछ

पराग !
मनको क्यानभासमा
अनुभूतिहरुमा ॥


**कल इण्डिया...**

मात्र **रू. २.९०** प्रति मिनेट

साथै कतार, साउदी अरेबिया, यू.ए.इ., बहराइन र कुवेतमा फोन गर्दा अब मात्र रु. १२ प्रति मिनेट ।

फोन गर्ने तरिका :
१४२४+कन्ट्रिकोड+फोन नं.
थप जानकारीका लागि
नोटिसबोर्ड नं. १६१८ ०७०७ ११११ मा डायल
गरी सुन्न सक्नुहुनेछ ।

नेपाल टेलिकम

## गजल
– रामबहादुर पहाडी

झारी तल मलाई माथि पाऱ्यौ ठीकै छ
वारि मलाई छोडी पारि तऱ्यौ ठीकै छ।

बोल्न मसँग तिमीलाई फुर्सत् भएन होला
छोडेर गाउँ मलाई सहर झऱ्यौ ठीकै छ।

केही छिन रजाईं गर्दा राज्यै गुमाइदियौ
जीवनको राजपथमा काँढा छऱ्यौ ठीकै छ।

केही छिन रजाईं गर्दा राज्यै गुमाइदियौ
जीवनको राजपथमा काँढा छऱ्यौ ठीकै छ।

सायद गऱ्यौ ठूलै काम दिउँसैमा रात पारि
फुक्यौ करोड, सयले खल्ती भऱ्यौ ठीकै छ।

जब पीरले म रोएँ हाँस्यौ खुशी भएर
पर्दा पछाडि तिमीले जे-जे गऱ्यौ ठीकै छ।

## गजल
– दलवीर सिंह बराइली घायल

बाध्यताले हिँड्दै छु म तिरैतिर डर लाग्दो
जता हेऱ्यो उतै देख्छु भीरैभीर डर लाग्दो

भोलिको त्यो दिन सम्झी अत्तालिन्छ मन मेरो
दुनियाँको नजरको झिरैझिर डरलाग्दो

रंगाऊँ म भन्छु मन सप्तरंगी ईन्द्रणीझैं
पोतिएछ निधारमा नीरैनीर डर लाग्दो

मायाको यो भोक पनि नलागेको जाती हुन्थ्यो
कहाँ खानु पिरतीको खीरैखीर डर लाग्दो

जीवनमा कैले होला उमङ्गको फूल फुल्ने
आज एक भोलि अर्को पीरैपीर डर लाग्दो

---


**राष्ट्रिय बाल दिवस– २०६८ को सुखद् अवसरमा सम्पूर्ण नेपाली बालबालिकाहरुमा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।**

**हेटौंडा सिमेन्ट उद्योग लि.**
**परिवार**
(गुणस्तरीय सिमेन्टका लागि सधैं हामीलाई सम्झनुहोस्।

## सारा नेपाली मिलेर अन्याय,
## अत्याचारको विरूद्धमा लड्
## नुपर्छ र यस्तो अन्याय, अत्य(
## ाचारबाट मुक्त हुनु पर्छ भन्ने
## आजको मागलाई हामी सबैले
## बुझ्नुपर्दछ ।

नेपाल सरकार

**सूचना तथा सञ्चार मन्त्रालय**

सूचना विभाग

# बल्भ्mेर घाउ चस्कियो यसरी

–रश्मि असफल

बल्भ्mेर घाउ चस्काउँछ फेरि
आँखामा आँशु पस्काउँछ फेरि

बल्भ्mेर घाउ एक गजल कृति हो । यसका लेखक हुन् खोटाङ्का निरकुमार श्रेष्ठ । गजलको बगानमा एउटा अर्को फूलको रुपमा थपिएको छ यस कृति । र यसमा ६० वटा थुङ्गाहरू रहेका छन् ।

पुस्तकभित्र रहेका गजल सेरहरु पढ्दा भित्र कतै रहेको घाउ त्यसै त्यसै बल्भ्mन थाल्छन् कहिलै निको नहुने गरी । ति घाउहरु समाजमा कहिल्यै निको नहुने गरी गढेका देखिन्छन् ।

गजललाई छुट्टै विधाको रुपमा स्वीकार नगरेता पनि यसका श्रष्टा तथा साहित्यकारहरू दुई धारमा हिँडन थालेका छन् । गजलमा लय चेतना हुनुपर्छ भनी अडान गर्ने एकतिर छन् भने अर्कातिर लय भन्दा भाव महत्वपुर्ण हो भन्ने पनि छन् । श्रेष्ठका कृतिमा संग्रहित गजलका अक्षर संरचना हेर्दा ५ अक्षरीय मिसरा देखि २० अक्षरीय मिसरा समेत छन् ।

कुर्सीमा बसी
पैसामा बसी
पृ.३८

घर घर चन्दा किन कमरेड, गरीबि घटाउनलाई ?
घरमा ताला किन कमरेड, वस्ती हटाउनलाई ?
पृ.३५

पृ.३८ को गजल पुरै ४० अक्षरमा संरचित छन् र पृ.३५ को गजलको एउटा मतला नै ४० अक्षरमा संरचित छ । यसरी शव्दलाई खेलाई खेलाई गजलको संरचनामा ढाल्न सक्ने विशेषता भएका श्रेष्ठका गजलहरु कुनै ५ सेरका त कुनै ४ सेरमा संरचित छन् । बल्भ्mेर घाउमा कतै माया पिरतीका कुरा छन् त कतै युद्धका गाँथा, कहीँ राजनीतिक द्वन्द त कहीँ सामाजिक असमानता, कहिले मिलन त कहिले विछोडका कुरा सबै सबै समेटिएका छन् । श्रेष्ठ नारी समानताका कुरालाई जोड्दै आफ्ना गजलमा यसरी उतार्छन् ।

चुरा फुटे फेरि नयाँ चुरा लाउनुपर्छ ।
नारीभित्र विहानीको प्रहर छाउनुपर्छ ।

संग्रहभित्र १७ वटा गजल गैर रदिफमा लेखिएका छन् । अरु रदिफ सहितका छन् । जम्मा ८० पृष्ठ संख्या रहेको यस पुस्तकको मूल्य पनि ८० नै रहेको छ । पुस्तकको कभरपृष्ठमा गजलकारको छोटो चिनारी र गजलकार बुँद रानाको भूमिका पनि रहेको छ । कभरभित्रको भूमिकामा भने शरण खत्री मृदुल र रावाक प्रतिष्ठान नेपालका चमा थुलुङका केही शब्द छन् । त्यस्तै रेखा क्षितिज, श्रीराम राई र प्रकाशकको शुभकामनाका केही शव्द पनि यस सङ्ग्रहमा उल्लेख भएको छ । गजलकार निरकुमार श्रेष्ठको यस्तै प्रयास जारी नै र होस भन्ने हार्दिक शुभेच्छा ।

# शर्मिलाको ‘उज्यालो बाटो शिक्षाको’ भित्र

– अस्मिता शर्मा

नेपाली साहित्यमा शर्मिला खड्का परिचित नाम हो । साहित्यको आख्यान विधा भित्र उनको कलम तिखर देखिन्छ । यसको अलावा उनको एक बाल एकाङ्की संग्रह पनि प्रकाशित छ ।

लामो समय शिक्षण पेशा अंगाली बसेकी शर्मिला यतिखेर सेवानृर्वित जीवन बिताइरहेकी छिन् र उनको प्रमुख कार्यलेखन बनेको छ। सानी उनको चर्चित कृति हाने। बालकथा, बालउपन्यास, बालएकाङ्कीको अलावा कथा, लघुकथा र संस्मरण विधामा पनि उनको कलम दर्भिलो देखिन्छ ।

यहाँ उनको ‘उज्यालो बाटो शिक्षाको’ बालएकाङ्की संग्रहको विषयवस्तु र सन्देश खोज्ने जमर्को गरिएको छ। २०६४ सालमा प्रकाशित यस एकमाङ्की सङ्ग्रहभित्र ६ थान रचनाहरु रहेका छन्। यिनीहरुले चेतना, जागर र उत्साह भर्ने काम गरेका छन् ।

सङ्ग्रहभित्रको पहिलो एकाङ्कीमा यो कसको पीडामा अभिभावकम गुमाएका बालबालिकाको दुःखत स्थितिको वर्णन छभने दोस्रो एकाङ्की असम्भव सम्भवमा असम्भव ठानिउका कुराहरु पनि सम्भव हुन सक्छ भन्न खोजिएको छ । यसैगरी तेस्रो एकाङ्की हाम्रो दायित्वमा सामाजिक दायित्व सम्झाउने प्रयास गरिएको छ ।

उज्यालो बाटो शिक्षाको सङ्ग्रहको चौथो एकाङ्की हो र यो नै पुस्तकको शीर्षक समेत बनेको छ। यस एकाङ्कीमा शिक्षाको महत्वतागान गाइएको छ । पाँचौं एकाङ्की जनस्वास्थ्य अदालत हो यसमा स्वास्थ्य मानिस कसरी अस्वस्थ हुन्छ भन्ने कुराको बेलिविस्तार लगाइएको छ। सङ्ग्रहको छैटौं तथा अन्तिम रचना लुरेको सफलता हको। यसमा लुरेले पाएको सफलताको बयान गरिएको छ।




समग्रतामा प्रस्तुत कृति शिक्षामूलक, चेतनामूलक, सन्देशमूलक र उत्साहा परक छ। यस कृतिको अध्ययनले बालबालिकालार्य अगाडि बढाउन निश्चय नै मद्दत पुगदछ। म पनि लेखक दाहालको उत्तरोत्तर कामना गर्दै नेपाली बालसाहित्यले यस खालका कृतिहरु पाइरहोस् भन्ने कामना गर्दछु ।


## सूचना !

**नेपाली भाषा साहित्यको विकासको लागि थप केही योगदान पऱ्याउने उद्देश्यले हामीले यो इ पत्रिका www.samayas-rijana.com संचालनमा ल्याएकाछौं। सम्पूर्ण भाषा, साहित्यप्रेमी, साधक र विद्यार्थीहरुलाई यो वेभ पत्रिका सम्बन्धी आवश्यक सरसल्लाह र सुझाब दिनुहुन अनुरोध गर्दछौं ।**

**स्वर्णिमा नवसाहित्य प्रकाशन**
**नयाबानेश्वर, काठमाण्डौं**
shakhada2011@yahoo.com